दंगिशरण गाउँपालिकाको स्थानीय पाठ्यक्रम

# हाम्रो दंगिशरण

आधारभुत तह (कक्षा १-८)




प्रकाशक

शिक्षा युवा तथा खेलकुद शाखा

गाउँ कार्यपालिकाको कार्यालय

दंगिशरण गाउँपालिका

हेकुली, दाङ

## संरक्षक

श्री सम्भु गिरी - अध्यक्ष
श्री पिमा कुमारी खड्का - उपाध्यक्ष

## प्राविधिक सहयोग

श्री सुदर्शन रिजाल विज्ञ सदस्य उप प्राध्यापक महेन्द्र बहुमुखी क्याम्पस, दाङ ।

## पाठ्यक्रम निर्माण कार्यदल

| | |
|---|---|
| श्री बिनोद अधिकारी | संयोजक |
| श्री लक्ष्मण दास चौधरी | सदस्य |
| श्री गोबिन्द प्रशाद आचार्य | सदस्य |
| श्री श्रीधर शर्मा | सदस्य |
| श्री पदमा चौधरी | सदस्य |
| श्री बालुराम चौधरी | सदस्य |
| श्री उमा के.सी. | सदस्य सचिव |

## सल्लाहकार

श्री निमराज भट्टराई (प्रमुख प्रशासकीय अधिकृत, दंगिशरण गाउँपालिका)
श्री रोशन जंग शाह (संयोजक, सामाजिक बिकास समिति)

## भाषा सम्पादन

**गोकर्ण पौडेल**


## प्रकाशक :

**शिक्षा युवा तथा खेलकुद शाखा**
**दंगिशरण गाउँपालिका कार्यालय, हेकुली, दाङ**



**सर्वाधिकार प्रकाशकमा**



**प्रथम संस्करण : २०८०**

# भूमिका

स्थानीय पाठ्यक्रम विकास कार्यान्वयन मार्गदर्शन २०७६ ले गरेको मार्गदर्शनअनुरुप हाम्रो दंगिशरण स्थानीय पाठ्यक्रम विकास गरिएको छ । स्थानीय पाठ्यक्रम यस गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाको अगुवाईमा दंगिशरण गाउँपालिकाका सरोकारवालाहरू तथा पाठ्यक्रम विज्ञको सहभागितामा तयार गरेको हो । स्थानीय पाठ्यक्रम निर्माणको लागि गठित कार्यदलले गाउँपालिकाका ७ वटै वडाको प्रतिनिधीत्व हुने गरी ४ स्थानमा कार्यशालाहरुको आयोजना गरी स्थानीय पाठ्यक्रममा समाबेश गरिने बिषयको आवश्यकता पहिचान गरी प्राथमिकीकरण गरेको छ । पाठ्यक्रम निर्माण कार्यदल तथा विज्ञ सदस्यले पाठ्यक्रम विकास केन्द्रले विकास गरेको ढाँचा बमोजिम पाठ्यक्रमको मस्यौदा तयार गरेको छ भन्ने विश्वास लिएका छौ । कार्यदल र विज्ञ सदस्यले शिक्षा सरोकारवालाहरुसँग विभिन्न चरणमा छलफल गरी पाठ्क्रमलाई अन्तिम स्वरुप दिने काम गरेको हो । कार्यदलले तयार गरेको मस्यौदालाई गाउँपालिकार शिक्षा समिति, गाउँ कार्यपालिकामा समेत छलफल गरी अन्तिम रुप दिने काम गरिएको छ ।

दंगिशरण गाउँपालिकाले तयार गरेको यस स्थानीय विषयको पाठ्यक्रम शैक्षिक सत्र २०८० देखि गाउँपालिका भित्रका सबै सामुदायिक र संस्थागत विद्यालयहरूमा एकै साथ लागू गरिनेछ । यस पाठ्यक्रमले स्थानीय आवश्यकतामा आधारित व्यावहारिक विषयवस्तुहरू समावेश गरेको छ भन्ने विश्वास लिएका छौं । यस पाठ्यक्रमको कार्यान्वयनले दंगिशरण गाउँपालिकाको ऐतिहासिक परिचय, धार्मीक परिचय, दंगिशरणका परम्परा र संस्कृतिहरु, दंगिशरणका पेसा, व्यवसाय र सिप, मूल्य शिक्षा र जीवनोपयोगी सिप, विपत् व्यवस्थापन, फोहोर व्यवस्थापन तथा हरित विद्यालय र सामाजिक कार्य, संघसंस्था तथा व्यक्तित्व आदि विषयवस्तुहरूको बारेमा विद्यार्थीहरूमा ज्ञान, सिप, अभिवृद्धि विकास गर्नेछ भन्ने विश्वास लिएका छौं ।

पाठ्यक्रम निर्माणमा खट्ने कार्यदलका सदस्यहरू, रचनात्मक तथा अमूल्य राय सुझाव प्रदान गर्नुहुने विज्ञ सदस्य श्री सुदर्शन रिजाल, अन्तर्क्रिया कार्यक्रममा सक्रिय सहभागी हुने जनप्रतिनिधिहरू, राजनीतिक दलका प्रतिनिधिहरू, शिक्षक, विद्यार्थी, अभिभावक, शिक्षाप्रेमी सबैमा दंगिशरण गाउँपालिकाको तर्फबाट हार्दिक आभार प्रकट गर्न चाहन्छौँ ।

स्थानीय पाठ्यक्रम निर्माणको हाम्रो पहिलो प्रयास भएकाले यसमा सबै विषय क्षेत्रहरू नसमेटिएको पनि हुन सक्छ । पाठ्यक्रम जीवित र गतिशील दस्तावेज भएकोले आवश्यक रुपमा यसलाई अध्यावधिक तथा परिमार्जन गर्दै लगिनेछ । पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरी त्यस क्रममा देखिने कमी कमजोरी औंल्याई परिमार्जन र सुधारका लागि रचनात्मक सुझाव तथा पृष्ठपोषण प्रदान गरिदिनहुन सबै शिक्षा सरोकारवालाहरुमा हार्दिक अनुरोध गर्दछौं ।

पिमा कुमारी खड्का .
उपाध्यक्ष

शम्भु गिरी .
अध्यक्ष

# मन्तब्य

दंगिशरण गाउँपालिकाले शैक्षिक शत्र २०८० देखि लागु हुनेगरी आधारभूत तह कक्षा १-८ को स्थानीय पाठ्यक्रम “हाम्रो दंगिशरण“ स्वीकृत गरी कार्यन्वयनमा ल्याएको छ । यो पाठ्यक्रम राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७५, स्थानीय पाठ्यक्रम विकास कार्यान्वयन मार्गदर्शन, २०७६ को परिधिमा रहेर विकास गरिएको छ भन्ने बिश्वास लिएको छु । स्थानीय पाठ्यक्रम निर्माणको लागि गठित कार्यदलले स्थानीय पाठ्यक्रम निर्माण गर्दा गाउँपालिकाका भित्रका सरोकारवाला निकायहरू तथा पाठ्यक्रम विज्ञको समेत सहभागितामा गाउँपालिकाका ७ वटै वडामा पुगेर पाठ्यक्रमका विषयबस्तु पहिचान गर्ने तथा आएका सुझावलाई कार्यदलको बैठकहरुबाट प्राथमिकीकरण गर्ने काम गरिएको छ । पाठ्यक्रम निर्माण कार्यदल तथा विज्ञ सदस्यले पाठ्यक्रम विकास केन्द्रले विकास गरेको ढाँचा बमोजिम पाठ्यक्रमको मस्यौदा तयार गरेको छ भन्ने विश्वास लिएका छु ।
कार्यदलले तयार गरेको मस्यौदालाई पालिका शिक्षा समिति तथा कार्यपालिकामा समेत छलफल गरी अन्तिम रुप दिने काम गरिएको छ । दंगिशरण गाउँपालिकाले तयार गरेको यस स्थानीय पाठ्यक्रम शैक्षिक सत्र २०८० देखि गाउँपालिकाका सबै सामुदायिक र संस्थागत विद्यालयहरूमा एकै साथ लागू गरिने छ । यस पाठ्यक्रमले स्थानीय आवश्यकतामा आधारित व्यावहारिक विषयवस्तुहरू समावेश गरेको छ भन्ने विश्वास लिएको छु । निर्माण प्रक्रियाका सबै चरणमा सहभागी हुन नपाए पनि मुख्य मुख्य छलफलहरुमा म समेत सहभागी भएर राय दिने अवसर पाएकाले पाठ्यक्रम राम्रो बनेको छ भन्ने विश्वास लिएको छु । यस पाठ्यक्रमको कार्यान्वयनले दंगिशरण गाउँपालिकाको ऐतिहासिक परिचय, धार्मिक परिचय, दंगिशरणका परम्परा तथा संस्कृतिहरु पेसा, व्यवसाय र सिप, मूल्य शिक्षा र जीवनोपयोगी सिप, बिपत् व्यवस्थापन, फोहोर व्यवस्थापन तथा हरित विद्यालय र सामाजिक कार्य, संघसंस्था तथा व्यक्तित्व आदि विषयवस्तुहरूको बारेमा विद्यार्थीहरूमा ज्ञान, सिप, अभिवृत्ति विकास गर्नेछ भन्ने विश्वास लिएको छु ।

पाठ्यक्रम निर्माणमा खटिनु भएका कार्यदलका सदस्यहरू, रचनात्मक तथा अमूल्य राय सुझाव प्रदान गर्नु हुने विज्ञ सदस्य, अन्तर्क्रिया कार्यक्रममा सक्रिय सहभागी हुने जनप्रतिनिधिहरू, राजनीतिक दलका प्रतिनिधिहरू, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक, शिक्षाप्रेमी सबैमा दंगिशरण गाउँपालिकाको तर्फबाट हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

स्थानीय पाठ्यक्रम गतिशील दस्तावेज भएकोले कार्यन्वयनका क्रममा आउने थप राय सल्लाहका आधारमा अद्यावधिक तथा परिमार्जन गर्दै लगिनेछ । पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरी त्यस क्रममा देखिने कमी कमजोरी औंल्याई परिमार्जन र सुधारका लागि रचनात्मक सुझाव तथा पृष्ठपोषण प्रदान गरि सहयोग गरिदिनुहुन सबै सरोकारवालाहरुमा हार्दिक अनुरोध गर्दछु ।

निमराज भट्टराई
प्रमुख प्रसासकीय अधिकृत

# भूमिका

विद्यार्थीहरुलाई स्थानीय विषयको ज्ञान सिप प्रदान गर्नुपर्छ भन्ने मान्यतालाई महसुस गर्दै नेपाल सरकारले स्थानीय विषयलाई पाठ्यक्रममा राख्ने नीतिगत व्यवस्था गरेको छ । केन्द्रबाट तयार पारिएका पाठ्यक्रमले मात्र विद्यार्थीहरुलाई आवश्यक ज्ञान, सिप, व्यावहारिक क्षमताहरु प्रदान गर्न सक्ने अवस्था रहँदैन भन्ने यथार्थतालाई आत्मसात गरी स्थानीय पाठ्यक्रमको अवधारणा कार्यान्वयनमा आएको हो ।

यसै अवधारणा अनुसार स्थानीय विषयको पाठ्यक्रम निर्माणका लागि दंगिशरण गाउँपालिका शिक्षा समितिबाट शिक्षा शाखा प्रमुख बिनोद अधिकारीको संयोजकत्वमा ७ सदस्यीय कार्यदल गठन गरी यो पाठ्क्रम तयार गरिएको छ ।

कार्यदलले पहिलो चरणमा दंगिशरण गाउँपालिकाका ७ वटै वडाका जानकार व्यक्तिहरुको प्रतिनिधित्व तथा समुदाय विशेषका जानकार समेतको सहभागितामा गाउँपालिकाका ४ स्थानमा कार्याशालाहरु आयोजना गरी पाठ्यक्रममा समावेश गरिने विषयका बारेमा सुझाव सङ्कलन गर्ने काम गरेको थियो । दोस्रो चरणमा छलफलबाट आएका सुझावहरुलाई डकुमेन्टेसन गरी पाठ्यक्रम निर्माणका विशेष प्राविधिक बैठकहरुमा पर्याप्त छलफलबाट पाठ्यक्रम विकास केन्द्रले विकास गरेको ढाँचामा मस्यौदा तयार गर्ने काम गरिएको थियो । कार्यदलले तयार गरेको मस्यौदामा गाउँपालिकाका सबै सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरु लगायतका शिक्षा सरोकारवाला सरोकारवालाहरुसँग छुट्टै कार्यशालाहरुको आयोजना गरी पाठ्क्रममा कक्षागत रुपमा प्रस्ताव गरिएका विषय क्षेत्र र क्रम निर्धारण, सिकाई उपलब्धी र विषयको विस्तृतीकरणमा राय सुझाव लिइएको थियो । कार्यदलले गाउँपालिकास्तरको कार्याशालाबाट आएका सुझाव समेतलाई समेटेर तयार गरिएको स्थानीय विषयको पाठ्यक्रमको मस्यौदालाई शिक्षा समिति र गाउँकार्यपालिका समेतमा छलफल गराई अन्तिम रुप दिएको हो ।।

कार्यदलले धेरै मेहनेत गरी तयार गरिएको यस पाठ्यक्रमको कार्यान्वयनमा दंगिशरण गाउँपालिकाले विशेष भूमिका खेल्ने विश्वास कार्यदलले लिएको छ । यो पाठ्यक्रम दंगिशरण गाउँपालिकाको पहिचान समेत हो । यस पाठ्क्रमको उद्देश्य अनुसार पाठ्क्रमलाई कार्यन्वयनमा ल्याउन आगामी दिनमा गाउँपालिकाले बिशेष भुमिका खेल्नुछ भन्ने बिश्वास लिएको छु । सकेसम्म पाठ्क्रमकै आधारमा अध्यापन गर्न जोड दिइने छ । आबश्यक परेको खण्डमा पाठ्यपुस्तक निर्माण गरी विद्यार्थीहरुको हातहातमा पुऱ्याउन गाउँपालिकाले सहयोग गर्नेछ भन्ने विश्वास लिएको छु । दंगिशरण गाउँपालिकाको स्थानीय विषयको पाठ्क्रम निर्माणमा सहयोग गर्ने सम्पूर्ण जनप्रतिनिधिहरु, बिज्ञ सदस्य महेन्द्र बहुमुखी क्याम्पस दाङका उप प्राध्यापक श्री सुदर्शन रिजाल, प्रधानाध्यापकहरु, विव्यस अध्यक्षहरु, समुदाय विशेषका अगुवाहरु लगायत सबै तह र तप्कामा कार्यदल हार्दिक आभार व्यक्त गर्दछ ।

बिनोद अधिकारी
कार्यदल संयोजक

# विषयसूची


| | |
|---|---|
| १. परिचय | १ |
| २. तहगत सक्षमता | ६ |
| ३. विषयवस्तुको क्षेत्र एकाइ, पाठ्यभार तथा उपक्षेत्र तथा बिषयको बिस्तृतिकरण | ७ |
| ४. कक्षागत सिकाइ उपलब्धि | १९ |
| ५. विषयको क्षेत्र, संभाबित शिक्षण सिकाइ क्रियाकलाप र मूल्याङ्कन विधि | २९ |
| ६. सिकाई सहजीकरण बिधी | ९४ |
| ७. सम्भावित परियोजना तथा प्रयोगात्मक क्रियााकलापहरू | ८५ |
| ८. विद्यार्थी मूल्याङ्कन | ९८ |


**अनुसूचीहरू**


| | |
|---|---|
| अनुसूची - १ : कक्षा १-३ को मूल्याङ्कन अभिलेखीकरण फाराम | १०४ |
| अनुसूची - २ : विशिष्टीकरण तालिका नमुना कक्षा ६-८ | ११७ |
| अनुसूची - ३ : वडा तथा पालिकाबाट आएका सुझावको एकिकृत स्वरुप | ११८ |
| अनुसूची - ४ : स्थानीय पाठ्यक्रम निर्माणका क्रममा लिइएका तस्विरहरुको झलक | १२४ |
| अनुसूची - ५ : स्थानीय पाठ्यक्रम निर्माण सूझाव सकलनमा प्रयोग गरिएको प्रश्नावलीको नमुना | १३१ |
| शन्दर्भ सामग्रीहरु | १४८ |

# भाग १ (एक) : परिचय

## १. स्थानीय पाठ्यक्रम परिचय

स्थानीयस्तरमा आवश्यक ठानेको विषयवस्तुलाई उनीहरूकै विज्ञता र सक्रियतामा कम लागतमा स्थानीयस्तरमै तयार गरिने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो । पाठ्यक्रम विकास तथा परिमार्जन निरन्तर चलिरहने प्रक्रिया हो । समाजको माग र सिकारुको आवश्यकताका आधारमा पाठ्यक्रममा समसामयिक, विश्वव्यापी र स्थानीय विषयवस्तुलाई समावेश गरिन्छ । स्थानीय तहमा अध्ययन गर्ने विद्यार्थीमा व्यवहारकुशल तथा जीवनोपयोगी सिप र सक्षमताहरू विकास गर्न पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सिकारुमैत्री बनाउने प्रयास गरिन्छ । यसै क्रममा राष्ट्रिय पाठ्यक्रम प्रारूपको सैद्धान्तिक अवधारणा अनुसार आधारभूत तहको मौजुदा पाठ्यक्रममा परिमार्जन गरी एकीकृत पाठ्यक्रम विकास गरिएको छ ।

पाठ्यक्रमको मौजुदा संरचनाअनुसार आधारभूत तहमा कक्षा १-३ मा साप्ताहिक ५ पाठ्यघण्टाका दरले वार्षिक एक सय ६० पाठ्यघण्टाको मातृभाषिक सिप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप र कक्षा ४-८ मा साप्ताहिक ४ पाठ्यघण्टाका दरले वार्षिक एक सय २८ पाठ्यघण्टाको मातृभाषा/स्थानीय विषय समावेश गरिएको छ । स्थानीय विषयअन्तर्गत मातृभाषा वा स्थानीय ज्ञान, सिप र प्रविधिमा आधारित विषयसँग सम्बन्धित क्रियाकलाप समावेश गरिएका छन् । यसअन्तर्गतका सिर्जनात्मक सिप विकाससम्बन्धी क्रियाकलापलाई अन्य विषय क्षेत्रका क्रियाकलापसँग पनि सम्बन्धित गराउन सकिन्छ । स्थानीय तहले विद्यालयको सहभागितामा स्थानीय विज्ञ, अभिभावक तथा शिक्षकको सहयोगमा स्थानीय विषयको पाठ्यक्रम विकास गरी कार्यान्वयनमा ल्याउनुपर्ने नीतिगत व्यवस्था गरिएको छ ।

स्थानीय पाठ्यक्रमको कार्यान्वयन स्थानीय तहबाटै हुने भएकाले विज्ञको सहयोगमा वा सरोकारवालाहरु स्वयंमा स्थानीय सक्षमता विकास गरी सबै विद्यालयमा मातृभाषा वा स्थानीय विषयको पठनपाठन सुनिश्चित गर्ने दायित्व पनि स्थानीय तहमै रहेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप अनुसारको संरचनामा स्थानीय पाठ्यक्रम विकास गरी कार्यान्वयनमा ल्याउँदा स्थानीय आवश्यकता पूर्ति हुनुका साथै सिकाइप्रतिको अपनत्वसमेत विकास हुन्छ भन्ने मान्यता रहेको छ । यही आवश्यकतालाई दृष्टिगत गरी स्थानीय तहमा स्थानीय विषयवस्तुमा आधारित पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्नुपर्छ । पाठ्यक्रम विकास केन्द्रले स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ तयार गरि स्थानीय तह तथा विद्यालयहरुलाई नै स्थानीय स्थानीय पाठ्यक्रमको विकास गर्न सहजता प्रदान गरेको छ । सोही मार्गदर्शनको परिधिमा रही दंगिशरण गाउँपालिकाले स्थानीय शिक्षा सरोकारवालाहरुसँग प्रयाप्त छलफल गरी हाम्रो दंगिशरण स्थानीय विषयको पाठ्यक्रम तयार गरेको छ ।

### १.१.स्थानीय पाठ्यक्रम निर्माणको औचित्य

स्थानीय स्तरका पहिचान, स्थानीय सिप, व्यवसाय, पेसा एवं रोजगारलाई सम्बोधन गर्दै वैदेशिक रोजगारीमा समेत काम गर्न सक्ने उत्पादनमुखी र सिपयुक्त नागरिक तयार गर्नु स्थानीय पाठ्यक्रमको मुख्य उदेश्य हो । शिक्षाले राष्ट्रियका साथै स्थानीय कला सौन्दर्य, आदर्श तथा विशिष्टताको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित नागरिक तयार गर्नु, समाजको आधुनिकीकरणमा सहयोग गरी देश निर्माणका निम्ति मानव संसाधनको विकास गर्ने लक्ष राखेको हुन्छ । केन्द्रीय तहमा निर्माण गरिने पाठ्यक्रमबाट मात्र सोअनुरूपको उद्देश्य पूरा गर्न सम्भव हुँदैन । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश र सन्दर्भको अध्ययनबाट स्थानीय आवश्यकतालाई सम्बोधन गर्न स्थानीय पाठ्यक्रमको प्रावधान आवश्यक भइसकेको तथ्य विभिन्न अध्ययन तथा प्रतिवेदनले औंल्याएका छन् । स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको औचित्यलाई देहायबमोजिमका बुँदाहरूले स्पष्ट गर्दछन् ।

- पाठ्यक्रमका माध्यमबाट स्थानीय तहका आवश्यकतालाई सम्बोधन गरी सिकाइलाई व्यावहारिक र प्रभावकारी तुल्याउनु ।
- स्थानीय कला कौशल, व्यवसाय, प्राकृतिक सम्पदा तथा संस्कृतिको जानकारी गराई त्यसअनुरूपको व्यवहार गर्न सक्ने तुल्याउनु ।
- भौगोलिक, जातीय, लैङ्गिक, भाषिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक, प्राकृतिक विविधतालाई सम्बोधन गर्नु ।
- एक स्थान/क्षेत्र/व्यक्तिको ज्ञानलाई अर्को स्थान/क्षेत्र/व्यक्तिमा अनुकरण गरी अनुभव साटासाट गरी उत्पादनमूलक ज्ञान, सिप, प्रविधिको विस्तार गर्नु ।
- स्थानीय तहका कला, संस्कृति, परम्परा, पर्यटकीय क्षेत्र, सिप, भाषा आदिको संरक्षण र संवर्धन गर्नु ।
- स्थानीय ज्ञान, सिप र प्रविधिलाई राष्ट्रियकरणका साथै विश्वव्यापीकरण गर्न सहयोग गर्नु ।
- स्थानीय आवश्यकतालाई सम्बोधन गर्न सक्ने गरी स्थानीय सरोकारवालालाई जिम्मेवारी बोध गराउनु ।
- स्वावलम्बी एवं आत्मनिर्भर हुने शिक्षा प्रदान गरी रोजगारमुखी नागरिक तयार गर्नु ।
- आयआर्जन, श्रमप्रति सम्मान, कामप्रति लगाव बढाउन सहयोग पुऱ्याउनु ।
- स्थानीय तहमा लुकेर बसेका ज्ञान, सिप र प्रविधिलाई पाठ्यक्रमका माध्यमबाट उजागर गर्ने प्रयत्न गर्नु ।
- स्थानीय विषयवस्तु समावेश गर्नुपर्ने आवश्यकतालाई सम्बोधन गर्नु ।
- आधुनिक र बालमैत्री वातावरणमा सिकारुले व्यावहारिक ज्ञान लिने अवसर सिर्जना गर्नु ।
- परम्परागत पेसा, व्यवसाय र प्रविधिलाई जगेर्ना गर्न र विकास गर्न सहयोग पुऱ्याउनु ।

राष्ट्रिय पाठ्यक्रम निर्माणमा सबै सरोकारवालाको संलग्नताको सम्भावना रहदैन । यसले स्थानीय तहको भाषा, संस्कृति, ज्ञान र सिपलाई पूर्ण रूपले समेट्न सम्भव पनि हुँदैन । अतः स्थानीय तहको भाषा तथा संस्कृतिको जगेर्ना गर्न स्थानीय तहको ज्ञान, सिप, प्रविधि र उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा जोड्ने ज्ञान र सिपको विकास गरी आत्मनिर्भर, उत्पादनमुखी, जीवनोपयोगी, व्यावहारिक र दक्ष जनशक्ति तयार गर्नुपर्छ ।

यसका लागि स्थानीय आवश्यकताका विषय/क्षेत्रलाई समावेश गरी सरोकारवालामा पाठ्यक्रमप्रति अपनत्वको भावना विकास गराउनु आवश्यक छ । स्थानीय मूल्य, मान्यता, धर्म, परम्परा, संस्कृति, स्रोत सामग्रीको संरक्षण, संवर्धन, परिचालन र विकास गर्नका लागि मार्गनिर्देश गर्ने र स्थानीय तहको क्षमता विकासमार्फत राज्यको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रमा आवश्यक पर्ने सक्षम, सचेत र इमानदार नागरिक तयार गर्दै शिक्षालाई स्थानीय परिवेशअनुरूप व्यवहारसँग जोड्ने मार्गचित्र तयार गर्नु यसको औचित्य रहेको छ ।

## १.३. स्थानीय पाठ्यक्रमको उदेश्यहरु

- सबै स्थानीय सरोकारवालाहरूलाई स्थानीय पाठ्यक्रमको अवधारणा, सिद्धान्त र औचित्यसहित यसको आवश्यकता पहिचान गरी स्स्थानीय विषयहरुलाई पाठ्यक्रममा समाबेश गर्न सहयोग गर्नु ।
- नेपालमा स्थानीय पाठ्यक्रम सम्बन्धी नीति तथा अभ्यासको समीक्षा गरी विद्यालय तहका लागि भावी योजना निर्माण र कार्यान्वयनका लागि जिम्मेबार बन्न सहजीकरण गर्नु ।
- स्थानीय तहमा स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास, छनोट तथा कार्यान्वयनमा सहजीकरण गर्नु ।
- स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकसम्बन्धी नीतिगत व्यवस्थाको कार्यान्वयनमा सहयोग गर्नु ।

## १.४. स्थानीय पाठ्यक्रम निर्माणले हुने फाईदाहरु

- :स्थानीय आवश्यकताका विषयवस्तुले स्थान पाउने तथा स्थानीय विषयवस्तुमा आधारित हुने ।
- पाठ्यक्रम स्थानीय तहबाटै विकास हुने तथा स्थानीय भौतिक तथा मानवीय स्रोत साधनको उपयोग हुने ।
- पाठ्यक्रममा स्थानीय सरोकारवालाको अपनत्व रहने तथा विद्यालय र समुदायको सम्बन्ध सुदृढ हुने ।
- स्थानीय पाठ्यक्रमको विकास भई यसको कार्यान्वयनमा स्थानीयको पहुँच तथा प्रभावकारिता अभिवृद्धि हुने ।
- स्थानीय स्रोत तथा शैशिक सामग्रीको प्रयोग हुने भएकोले स्थानीय सरोकारवालाको सकृय सहभागिता रहने ।

## १.५.स्थानीय पाठ्यक्रम मार्गदर्शन २०७६ ले दिएका स्थानीय पाठ्यक्रमका सम्भावित विषय क्षेत्र

राष्ट्रिय पाठ्यक्रम प्रारूपले आधारभूत तहको कक्षा १–३ मा साप्ताहिक ५ पाठ्यघन्टा र कक्षा ४–८ मा साप्ताहिक ४ पाठ्यघण्टाको स्थानीय पाठ्यक्रम रहने व्यवस्था गरेको छ । माध्यमिक तहमा स्थानीय पाठ्यक्रम अलग्गै राखिएको छैन । माध्यमिक तहमा विद्यालयले ऐच्छिक विषय छनोट गर्दा स्थानीय तहसँग समन्वय गर्नुपर्ने व्यबस्था छ । आधारभूत तहका लागि सम्भाव्य स्थानीय विषयका क्षेत्रहरू यहाँ उल्लेख गरिएको छ ।

**मातृभाषा** :

नेपाल बहुभाषिक देश हो । बालबालिकालाई मातृभाषा सिक्ने अवसर प्रदान गर्नका लागि लेख्य भाषा भएका भाषिक समुदायका बालालिकाहरूलाई उनीहरूको मातृभाषा सिकाउने कार्यमा प्राथमिकता दिनुपर्दछ । विभिन्न मातृभाषी विद्यार्थीहरू भएको कक्षामा कुन मातृभाषा सिकाउने भन्ने कुराको निर्णय सहज छैन । धैरै अभिभावक तथा विद्यार्थीबाट एउटै मातृभाषामै पढाउने माग भई आएमा विद्यालय वा स्थानीय तहले पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका विभिन्न मातृभाषाका पाठ्यक्रम तथा पाठ्यपुस्तक हुबहु वा आवश्यकतानुसार परिमार्जन गरी प्रयोग गर्न वा निर्धारित ढाँचामा पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरी प्रयोग गर्न सक्ने व्यबस्था गरिएको छ ।

**संस्कृति, सामाजिक विविधता, इतिहास, सांस्कृतिक सम्पदा, पुरातत्व**

- ऐतिहासिक स्थल, वस्तु, ऐतिहासिक व्यक्तित्व, प्राचीन स्मारक, स्थानीय समुदायको इतिहास, ऐतिहासिक ग्रन्थ लगायत ।
- मठमन्दिर,पाटीपौवा, चैत्य, स्तूप, पुराना दरबार, शिलालेख, ताम्रपत्रलगायत स्थानीय स्तरमा मनाइने विभिन्न धर्म, धार्मिक सहिष्णुता र सद्भाव, धार्मिक क्रियाकलाप, धार्मिक स्थल लगायत ।
- स्थानीय समुदायका आदिवासी, जनजाति, लोपोन्मुख जाति, दलित तथा पिछडिएका जाति र उनीहरूको रहनसहन, संस्कार लगायत । स्थानीय स्तरमा बोलिने भाषा, भाषिका र तिनीहरूको संरक्षण लगायत ।
- स्थानीयस्तरका क्लब, सरकारी तथा गैरसरकारी एबं समुदायमा आधारित सङ्घ संस्था, सामुदायिक सङ्घ संस्था लगायत ।
- स्थानीय क्षेत्रका शिक्षा, सामाजिक, सांस्कृतिक, साहित्यिक, कला, खेलकुद लगायतका क्षेत्रमा ख्यातिप्राप्त व्यक्तिको जीवनी लगायत ।

**भूगोल, प्राकृतिक सम्पदा र तिनको सदुपयोग**

- स्थानीय परिवेशको धरातलीय स्वरूप, हावापानी, मौसम लगायत ।
- स्थानीय परिवेशको जङ्गल, रुखबिरुवा, खोला, नदीनाला, ताल, पोखरी,मूहान, जडीबुटी, जीवजन्तु ।
- स्थानीय प्राकृतिक स्रोत र सम्पदा, वातावरण संरक्षण र राष्ट्रिय निकुञ्ज लगायत ।

**परम्परागत तथा प्रचलित स्थानीय सिप तथा कला**

स्थानीय परिवेशअनुसार परम्परागत रूपमा प्रचलित वा लोपोन्मुख विभिन्न किसिमका कला, सङ्गीत, नृत्य, गायन, चकटी बुन्ने, गुन्द्री बुन्ने, सुकुल बुन्ने, धानको पुतली बनाउने, खेलौना बनाउने, माटाका भाँडा बनाउने, चित्र कोर्ने, गीत गाउने, गीत लेख्ने, मादल बजाउने, डम्फु बजाउने, खैँजडी बजाउने, हार्मोनियम बजाउने, टुङ्ना बजाउने, पञ्चेबाजा बजाउने, स्थानीय नृत्य देखाउने लगायत ।

**स्वास्थ्य, सरसफाइ, वातावरण संरक्षण**

- फोहोरमैला व्यवस्थापन, स्वच्छ खानेपानी, शौचालय, ढल निकास, अस्पताल, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, प्राथमिक उपचार, सामुदायिक स्वास्थ्य लगायत
- आफ्नो वरपरको वातावरणका तत्व, अवस्था र संरक्षणका उपाय लगायत ।
- योगाभ्यास, कपर्दी, थुँगी खेल, भुस दौड, बाघको छाला, गट्टा, डन्डिबियो, हवाई कासा, राजा कपर्दी एकखुट्टे लगायत । योग, दैनिक आहारविहार, परम्परागत प्राकृतिक उपचार, आनीबानी लगायत ।
- आयुर्वेद, जडीबुटीको प्रयोग आदि ।

**विविध**

- स्थानीय स्तरका कृषि, पन्छी तथा पशुपालन, उद्योग, पर्यटन, जडीबुटीलगायत अन्य आयआर्जनका क्षेत्र ।
- पेसा तथा व्यवसायको पहिचान तथा परिचय ।
- करेसाबारी, बगैचा, कौसी तरकारी । स्थानीय सरकारको बनोट र कार्य । स्थानीय शिक्षाको अवस्था ।
- प्राकृतिक प्रकोप ,उपभोक्ता सचेतना , स्थानीय पुस्तकालय र वाचनालय ।
- स्थानीय उद्योग र पर्यटन , जोखिम व्यवस्थापन ।

● माथि दिइएका विषय क्षेत्र उदाहरण मात्र हुन् । यीबाहेक स्थानीय परिवेशमा अनेकौं विषयक्षेत्र र विषयवस्तु हुन सक्छन् । तिनीहरूमध्येबाट आवश्यकताको पहिचान गरे एक वा सोभन्दा बढी पनि छनोट गरी पाठ्यक्रमको संरचनामा ढालेर पठनपाठन गर्न सकिन्छ । विषयक्षेत्र छनोट गरिसकेपछि उद्देश्यको आधारमा विषयवस्तु छनोट गर्नुपर्दछ । विषयवस्तुको छनोट गर्दा पनि कक्षा, तह, विद्यार्थीको उमेर, सिकाइस्तर, मनोविज्ञान, उपलब्ध स्रोत र साधन, समय आदिलाई ध्यान दिनुपर्छ ।

विभिन्न विषय तथा कक्षामा स्थानीय विषयवस्तु एकीकरण विषयक्षेत्रका रूपमा अलग्गै स्थानीय पाठ्यक्रम रहने व्यवस्था कक्षा १–८ को पाठ्यक्रम संरचना रहेको छ । यही संरचनाअनुसार विद्यालय

वा स्थानीय तहले पाठ्यक्रम विकास वा अनुकूलन गरी कार्यान्वयन गर्नुपर्दछ भने अन्य विषयक्षेत्रमा पनि विद्यालय तथा सम्बन्धित शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा स्थानीय विषयवस्तु समावेश वा एकीकरण गर्न सक्दछन् । यसमा शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा, परियोजना कार्यमा स्थानीय परिवेश, विषयवस्तुबाट क्रियाकलाप सुरु गर्ने, यसलाई पाठ्यक्रमका विषयवस्तुसँग जोड्ने गर्न सक्दछन् । त्यसै गरी सिकाइ क्रियाकलापका क्रममा स्थानीय परिवेशका उदाहरण प्रस्तुत गर्ने, सिकाइलाई स्थानीय परिवेशमा प्रयोग गर्ने, स्थानीय विषय वा परिवेशसंग सम्बन्धित गराउने गर्नुपर्छ । पाठ्यक्रमले निर्धारण गरेका सक्षमता तथा सिकाइ उपलब्धि हासिल हुने गरी शिक्षण सिकाइमा स्थानीय विषयवस्तु एकीकरण गर्नाले सिकाइलाई रुचिकर र सान्दर्भिक बनाउन थप सहयोग पनि प्राप्त हुन्छ ।

## १.६ पाठ्यक्रम निर्माणको सन्दर्भ

नेपालको संविधानले विद्यालय तहको शिक्षालाई स्थानीय सरकारको कार्यक्षेत्रभित्र राखेको छ । शिक्षालाई मौलिक हकका रूपमा व्यवस्था गरी शैक्षिक अधिकारको निक्षेपण र स्थानीयकरण मार्फत बलियो शैक्षिक जग निर्माणको मार्ग प्रशस्त गरेको छ । १५ औं योजनाले परम्परागत र स्थानीय ज्ञान, सिप र प्रविधिको संवर्द्धन तथा संरक्षण गर्दै वैज्ञानिक खोज एवम् अनुसन्धानबाट प्रतिपादित नवीनतम प्रविधिलाई मुलुकको समग्र विकास प्रक्रियामा उपयोग गर्ने रणनीति तय गरेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७५ ले आधारभूत तहमा एउटा विषयका रूपमा स्थानीय विषय वा मातृभाषाको पाठ्यक्रम स्थानीय तहले तयार गरी पठनपाठन गराउनुपर्ने व्यवस्था गरेको छ । सङ्घीय सरकारले समग्र पाठ्यक्रम तथा परीक्षासम्बन्धी मापदण्ड, नीति, गुणस्तरका सूचक र बेन्चमार्क तयार गर्नुपर्ने, प्रदेश सरकारले सो सम्बन्धमा क्षमता विकास र समन्वय गर्ने तथा स्थानीय सरकारले सङ्घीय नीतिभित्र रही स्थानीय नीति निर्माण र कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी दिगो विकासका लक्ष्य, २०३० को सफल कार्यान्वयनका राष्ट्रिय रणनीतिमा समेत स्थानीय क्षमता, ज्ञान, सिप र प्रविधिलाई सबलीकरण गरी गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न सकिने कुरा उल्लेख गरिएको छ ।

यो पाठ्यक्रम राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७५ र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित), २०७६ ले निर्दिष्ट गरेका प्रावधानलाई ध्यान दिई विकास गरिएको छ । यो पाठ्यक्रम निर्माणको मुख्य उद्देश्य स्थानीय विषयवस्तु, स्थानीय आवश्यकता पहिचान गरी स्थानीय सहभागिता र विज्ञताको संलग्नतामा पाठ्यक्रम विकास गर्ने, विद्यार्थीहरूमा स्थानीय ज्ञान, सिप, अभिवृत्तिको विकास गर्ने, श्रमको सम्मान गर्ने भावनाको विकासको साथै स्थानीय पेसा, व्यवसाय, प्रविधि, मूल्य मान्यता, वातावरण संरक्षण तथा प्रवर्द्धन गर्ने रहेको छ । यसका लागि प्रारम्भिक कक्षादेखि नै स्थानीय परिवेशसँग परिचित गराउनका लागि स्थानीय पाठ्यक्रमको महत्वपूर्ण भूमिका हुन्छ । स्थानीय ज्ञान, सिप, प्रविधि, संस्कृति, प्रकृति, संस्कार, कला, भाषा, साहित्यको संवर्द्धन र सबलीकरणबाट मात्र अन्तर्राष्ट्रिय रूपमा प्रतिस्पर्धा गर्न सक्ने सोच, क्षमता विकास र वस्तु उत्पादन गर्न सकिने तथ्यलाई दृष्टिगत गरी स्थानीय पाठ्यक्रमको अवधारणालाई अगाडि सारिएको छ । यस पाठ्यक्रममा विशेषतः दंगिशरण गाउँपालिकाको परिचय, नक्साङ्कन र इतिहास, गाउँपालिकाको गठन, सेवा प्रवाह र पालिकाभित्रको रीतिरिवाज, संस्कार र संस्कृति, स्थानीय धार्मिक र पर्यटकीय स्थलहरू, स्थानीय परम्परागत पेशा, व्यवसाय र प्रविधि, सङ्क्रामक रोगहरू, स्थानीय प्रकोप र जोखिमको पहिचान तथा व्यवस्थापन जस्ता पक्षहरू समावेश गरिएका छन् । गरेर सिक्ने पद्धतिमा आधारित भई सिकाइ सहजीकरण गर्ने र विद्यार्थीहरूलाई उनीहरूले विभिन्न माध्यमबाट प्राप्त ज्ञान, सिप र अभिवृद्धिलाई विद्यालय तथा समुदायमा प्रयोग गर्ने खालका क्रियाकलापलाई जोड दिएको छ ।

## २. तहगत सक्षमता/उद्देश्य

### कक्षा : १-३ को तहगत सक्षमता

आधारभूत तहको कक्षा १-३ को अध्ययन पश्चात विद्यार्थीहरु निम्न सक्षमताहरु हासिल गर्नेछन् :

१. परिवार टोल, वडा र दंगिशरण गाउँपालिकाका धार्मिक तथा पर्यटकिय क्षेत्रको चिनारी तथा गाउँपालिकाको सामान्य जानकारी

२. दंगिशरण गाउँाीलिकामा रहेका स्थानीय परम्परा तथा संस्कृति प्रति सचेतना विकास

३. दंगिशरण गाउँपालिकाका स्थानीय परम्परागत पेसा, व्यवसाय र सिपसँग परिचित

४. मूल्य शिक्षा, जीवनोपयोगी सिप, उद्घोषण कला तथा व्यबहारिक लेखनको विकास

५. सामाजिक कार्य, सामाजिक संघसंस्था तथा स्थानीय खेलहरुबारे जानकारी

६. विपत् व्यबस्थापन, फोहोर व्यबस्थापन र हरित विद्यालयबारे जानकारी

### कक्षा ४-५ का सक्षमता

आधारभूत तहको कक्षा ४-५ को अध्ययन पश्चात विद्यार्थीहरु निम्न सक्षमताहरु हासिल गर्नेछन् :

१. दंगिशरण गाउँपालिकाको सङ्क्षिप्त परिचय, नक्सा र अवस्था पहिचान, दंगिशरणका धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलको परिचय र महत्वबोध

२. दंगिशरणका परम्परा तथा संस्कृतिको परिचय र महत्वबोध

३. स्थानीय परम्परागत पेसा, व्यवसाय र सिपको परिचय, सम्मान तथा अभ्यास प्रति जागरुकताबोध

४. मूल्य शिक्षा, जीवन उपयोगी सिप, उद्घोषण कला, व्यवहारिक लेखन तथा महत्वबोध एवम् अभ्यास

५. सामाजिक कार्य, सामाजिक संघसंस्था तथा स्थानीय खेलहरुको चिनारी तथा महत्वबोध

६. विपत्का घटना आगलागी, बाढी पहिरो, डुवान, भुक्षय, जंगली जनाबरबाट सुरक्षित रहन सक्षम फोहोर व्यवस्थापन, तथा हरित विद्यालयको अवधारणासँग परिचित

### कक्षा ६-८ का सक्षमता

१. टोल, वडा तथा गाउँपालिकाको परिचय कार्य संरचना सेवा प्रवाहको तरिकाबारे जानकारी, गाउँपालिकाको धार्मिक तथा पर्यटकीय क्षेत्रको संरक्षण र महत्व

२. दंगिशरणका परम्परा, रीतिरिवाज, र संस्कृतिको खोजी, पहिचान र संरक्षण

३. परम्परागत पेसा, व्यवसाय र सिप प्रविधिको परिचय, महत्व पहिचान, सिप उपयोगको संभावना र सिपको अभ्यास

४. मूल्य शिक्षा, जीवन उपयोगी सिप, उद्घोषण कला, व्यवहारिक लेखन सिपको पहिचान र संरक्षणमा तत्परता

५. सामाजिक कार्य, सामाजिक संघसंस्था र स्थानीय खेलहरुको महत्व तथा सामाजिक कार्यमा अग्रसरता

६. विपत्बाट हुने क्षति न्युनिकरणमा आफ्नो भुमिका पहिचान, बिपत् तथा फोहोर व्यबस्थापन र हरित विद्यालय अवधारणाको बोध तथा प्रयोग

### ३.० स्थानीय पाठ्यक्रमको विषय क्षेत्रक्रम र अनुमानित पाठ्यभार

| क्र.सं. | विषय क्षेत्र | कक्षा १-३ | पूर्णाङ्क | कक्षा ४-८ | पूर्णाङ्क |
|---|---|---|---|---|---|
| १ | दंगिशरणको परिचय, दंगिशरणका धार्मिक पर्यटकिय क्षेत्रहरु | ३५ | २२ | ३५ | २७ |
| २ | दंगिशरणका परम्परा र संस्कृति | ३५ | २२ | २५ | २० |
| ३ | दंगिशरणबासीका पेशा व्यवसाय तथा सिप | २५ | १६ | २० | १६ |
| ४ | मूल्य शिक्षा, जीवन उपयोगी सिप, बोल्ने कला तथा व्यबहारिक लेखन सिप | २५ | १६ | २० | १६ |
| ५ | सामाजिक कार्य, सामाजिक संघसंस्था तथा स्थानीय खेलहरु | २० | १२ | १२ | ९ |
| ६ | विपत व्यवस्थापन, फोहोर व्यबस्थापन र हरित विद्यालय | २० | १२ | १६ | १२ |
| | **जम्मा** | **१६०** | **१००** | **१२८** | **१००** |

### ३.१ हाम्रो दंगिशरण स्थानीय बिषय क्षेत्र, उपक्षेत्र र पाठ्यभार

| क्र.सं. | बिषय क्षेत्र | उपक्षेत्र | कार्यघण्टा | | |
|---|---|---|---|---|---|
| | | | कक्षा १-३ | कक्षा ४-५ | कक्षा ६-८ |
| १ | दंगिशरणको परिचय दंगिशरणका धार्मिक तथा पर्यटकिय क्षेत्रहरु | मेरो घर मेरो टोल, मेरो गाउ, मेरो वडा, मेरो पालिका, वडा तथा पालिकाको भौगोलिक बनोट, जनसंख्या जातजाती, खोलानाला, हावापानी, बनजंगल, जडिबुटी खनिजहरु बाताबरण, वडा, स्थानीय तह र तीनले प्रदान गर्ने सेवाहरु दंगिशरणका धार्मिक तथा पर्यटकिय क्षेत्रहरु | ३५ | ३५ | ३५ |
| २ | दंगिशरणका परम्परा तथा संस्कृतिहरु | आदर सम्मान, चाडपर्बहरु, मेलाजात्राहरु, जीनशैली, पोशाक, गित,संगितका क्षेत्रहरु, बाजाहरु, नृत्यहरु, कलासंस्कृति, समुदायका असल अभ्यासहरु, पर्म झारा, बरपिपल रोप्ने परम्परा, | ३५ | २५ | २५ |
| ३ | दंगिशरणबासीका पेशा व्यबसाय तथा सिप | कृषि, पशुपालन, बाखा पालन, बंगुर पालन, आरन, डोको बुन्ने, नाङलो, मादल, ठेकी, हलोजुवा, मदानी, डोको, डालो, स्याउ, दुना टपरी बुनाई, , | २५ | २० | २० |
| ४ | मुल्य शिक्षा, उद्घोषण कला तथा व्यबहारिक लेखन सिप | असल आदत, योग ध्यान, सकारात्मक सोच, जीवन उपयोगी शिप, नैतिक मुल्य शिक्षा निबेदन, माइन्युट तथा भपाई लेखन | २५ | २० | २० |
| ५ | सामाजिक संस्था तथा व्यक्तित्व तथा स्थानीय खेलहरु | समुदायमा रहेका सामाजिक संघसंस्थाहरु, सामाजिक व्यक्तित्वहरु, निर्बाचित जनप्रतिनिधीहरु तथा स्थानीय खेलहरुको चिनारी तथा खेल्ने अभ्यास | २० | १२ | १२ |
| ६ | विपत / फोहोर व्यबस्थापन तथा हरित विद्यालय | प्राकृतिक प्रकोप, पहिरो, चट्याङ, बाढी, आगलागी, जंगली जनाबरबाट हुने डर, बिपत व्यवस्थापन तथा हरित विद्यालय | २० | १६ | १६ |
| | जम्मा | | १६० | १२८ | १२८ |

**३.२. स्थानीय बिषयको कक्षागत बिषयगत क्षेत्र क्रम तथा बिषयको बिस्तृतिकरण**

३.२.१. बिषयक्षेत्र **दंगिशरणको परिचय तथा दंगिशरणका धार्मिक/पर्यटकिय स्थलहरु**को **कक्षागत बिषय क्षेत्र क्रम र बिस्तृतीकरण तालिका। कक्षा १-३ को ३५ कार्यघण्टा तथा कक्षा ४- ८ को ३५ कार्यघण्टा**

| कक्षा | बिषय क्षेत्र | बिषयको बिस्तृतिकरण | का.घ. |
|---|---|---|---|
| १ | हाम्रो घर | घरको चित्र वर्णन घरको परिचय, घर एक सुरक्षित स्थल, घर परिबारको एकाई, घर स्थानीय तहको सानो एकाई घरको महत्व आदी । | ५ |
| | हाम्रो परिबार | परिबारको परिचय, परिबारको महत्व, परिबार एक सामाजिक एकाइ, परिवार एक संस्था, परिवार एक एकता आदी । | ५ |
| | करेसाबारी | करेसावारीको परिचय, महत्व, करेसाबारीको चित्र वर्णन करेसावारीबाट लिन सकिने फाइदा आदी । | ५ |
| | फुलबारी | फुलावारीको परिचय, महत्व, चित्र बर्णन फुलबारीको उपयोग आदी । | ५ |
| | रमणिय स्थलहरु | रमणिय स्थल परिचय, घर तथा बिद्यालय वरपरका रमणिय स्थलहरुहरुको नाम, चित्र बर्णन, रमणिय स्थलहरु आदीबारे जानकारी । | ८ |
| | धार्मिक स्थलहरु | धार्मिक स्थलहरुको परिचय, महत्व, उपयोगीता, धार्मिक स्थलहरुका चित्र बर्णन आदी । | ७ |
| २ | हाम्रो वरपर | वरपर को परिचय, वरपरको महत्व, वरपर हाम्रो वातावरण तथा परिवेश, वरपरको चित्र बर्णन आदी । | ६ |
| | हाम्रो छिमेक | छिमेकको परिचय, महत्व, छिमेकीसंगको सहकार्य मेलमिलाप आदी । | ७ |
| | हाम्रो टोल | टोलको परिचय, टोलको महत्व, टोलको उपयोगीता, टोल एक सामाजिक संस्था । | ७ |
| | हाम्रो गाउँ | गाउँको परिचय, गाउपालिकाको सानो एकाइमा सहयोग गर्ने एकाइ । | ७ |
| | पोखरी तालतलैया | पोखरी तालतलैयाको परिचय, पोखरी तालतलैयाको रमणियता, पोखरी तालतलैयाको संरक्षण, पर्यटकिय क्षेत्रको रुपमा बिकास आदीबारे जानकारी । | ८ |
| ३ | खोला/नदिनाला | ववइ, माया खोला, चिरागार (बागर), भमके खोला, पातुखोला आदीको चित्र जानकारी तथा परिचय, खोला नदिनालाको श्रोतको उपयोग खोला नदिनालाबाट लिन सकिने फाइदा, खोला नदिनालाको संरक्षण आदीबारे जानकारी । | १० |
| | बाटाघाटा/सडकहरु | तुलसीपुर सुर्खेत सडक खण्ड (बालापुर श्रीगाउँ खण्ड), दंगीशरण पहुँच मार्ग, पर्सडुवा, दामोदर मार्ग, हेकुली सडक, नन्द्रागाउँ सुकदेवा सडक.....। | १० |
| | साध सिमाना | घरको, गाउँको, वडाको, गाउँपालिकाको साध सिमानाका परिचय, साध सिमानाको महत्व साध सिमाना छुट्टाउन किन आबश्यक छ ? आदी बारेमा जानकारी । | ८ |
| | भु वनौट | समथर, अग्लोहोचो, खोच आदीका बारेमा जानकारी, दंगिशरण गाउँपालिकाको भु वनौटको अबस्था । | ७ |
| ४ | दंगीरणको भौगोलिक | समथर, चुरेले घेरिएको, दाङको नक्सामा दंगिशरण, प्रदेशको | ७ |

| | | | |
|---|---|---|---|
| | अबस्थाको परिचय | नक्सामा दंगिशरण, | |
| | दंगिशरणको हावापानी | दंगिशरण गाउँपालिकाको हावापानीको अबस्था गर्मी, ठण्डी, तापक्रमको अबस्था, बर्षाको अबस्था । | ४ |
| | दंगिशरणको बनजंगल | वनजंगलको परिचय, गढवा गाउँपालिकामा रहेका सामुदायिक, राष्ट्रिय तथा धार्मिक बन सम्पदा आदीको अबस्थाबारे जानकारी । | ६ |
| | वनपैदावार, बन्यजन्तु र चराचुरुङी | दंगिशरणका बनजंगलमा पाइने बन पैदाबार, बनस्पती, बन्य जन्तु, चराचुरुङीको चिनारी महत्व तथा संरक्षण आदी । | ६ |
| | दंगिशरणका धर्मिक स्थलहरु | मठ मन्दिर, भुयार थान, मस्जिद,  गुम्बा, चर्च आदीको परिचय, महत्व, धार्मिक स्थलमा जादा प्राप्त हुने आनन्द भाव आदीको महत्व । | ६ |
| | दंगिशरणबासीले मान्ने धर्महरु | हिन्दु, मुस्लीम, इसाइ, बौद्व आदी धर्महरुको परिचय, धर्मको महत्व, धार्मिक आस्थाले दिने एकता भाव आदी । | ६ |
| ५ | दंगिशरणका प्राकृतिक श्रोतहरु | दंगीकरणको प्राकृतिक श्रोतहरु (बनजंगल, पानी, माटो, खोला, खानी, जडिबुटी) आदी । | ६ |
| | दंगिशरणको क्षेत्रफल | वडागत तथा समग्र पालिकाको भौगोलिक क्षेत्रफल । | ४ |
| | वडा परिचय | सबैभन्दा सानो प्रसासनिक एकाइ, वडा कार्यालयहरु रहेका स्थान, वडा समितिको बनावट । | ४ |
| | वडाबाट पाइने सेवा | बिद्यार्थीसंग सम्वन्धितमा जोड दिने (जन्मदर्ता, सिफारिस आदी ) | ६ |
| | स्थानीय जडिबुटी र तीनको उपयोग | निम, हर्रोबर्रो, तीतेपाती, घिउकुमारी, आदी मुख्य मुख्य बढी प्रयोग कुन कुन भइरहेको छ भन्नेलाई जोड दिने । | ५ |
| | दंगिशरणका बजार तथा बजार उन्मुख क्षेत्रहरु | हेकुली, श्रीगाउँ, बागर, पोटली, बालापुर (डाडाचिस), सरुवाडाडा.........। | ५ |
| | दंगिशरणको सामान्य परिचय | नाम, वडा बिभाजन, भौगोलिक क्षेत्र,  अबस्थिति सिमाना आदी । | ५ |
| ६ | दंगिशरणको जातजातीगत अबस्था | दंगिशरणमा बसोबास गर्ने जानजातीहरुको नाम, परिचय, थारु, ब्राम्हण, क्षेत्री, मगर, बादी, दमाई, कामी, सुनार,  मगर आदी जातजातीको परिचय तथा बिशेषता आदी । | ८ |
| | जनसांख्यिक अबस्था | दंगिशरणको वडागत जनसांख्यिक अबस्था, लैगिक अबस्था, घनन्वको अबस्था आदी । | ८ |
| | सतिघाट मन्दिर बुलबुले ताल... | दंगिशरणका प्रमुख धार्मिक तथा पर्यटकिय स्थलहरु मध्येका सतिघाट मन्दिर तथा भगबन्तनाथ मन्दिरको परिचय महत्व | ८ |
| | दंगिशरणमा निर्मित कृतिम ताल पोखरी | ओबी चिरा, बागेचिरा ...........आदीको परिचय, महत्व, सिचाई तथा आयआर्जनमा उपयोग आदी । | ६ |
| | दंगिशरणका ऐतिहासिक महत्वको क्षेत्रहरु | रतननाथ मन्दिर, रचपल ताल, डाडाचिस ताल आदीको परिचय तथा अन्य क्षेत्रहरु । | ५ |

| | | | |
|---|---|---|---|
| ७ | थारु सग्राहलय चखौरा | थारुहरुको ऐतिहासिक स्थलथारु संग्रहालयको परिचय महत्व, थारु भेषभुषा थारु कला संस्कृतिको संग्रहको महत्व । | १० |
| | होम स्टे को परिचय | होम स्टे परिचय, चखौरा र बैभाङमा निर्माण भएका होम स्टेबारे जानकारी, होम स्टे का बिशेषता, होम स्टेबाट आम्दानी गर्ने तरिका । | ६ |
| | राजाकोट र शिवपुरी पर्यटकिय बिकास क्षेत्र | राजाकोट शिवपुरी क्षेत्र बिकास समिति परिचय, महत्व आदीबारे जानकारी, | ६ |
| | कार्यपालिका | कार्यपालिकाको परिचय र संरचना तथा कार्यपालिकाका कार्यहरु । | ७ |
| | शिक्षा युवा तथा खेलकुद शाखाले दिने सेवाहरु | शिक्षा युवा तथा खेलकुद शाखाको परिचय तथा यस्ले दिने सेवाहरु । | ६ |
| ८ | दंगिशरण गाउँपालिकाको ऐतिहासिक परिचय | दंगिशरणको ऐतिहासिक परिचय, थारु संरचनामा पछला प्रगन्ना अन्तर्गत पर्ने इकाइहरु आदीको परिचय । | १० |
| | दंगिशरण गाउँपालिकाको प्रसासनिक संरचना | गाउँपालिकामा रहेका मुख्य मुख्य शाखा र शाखाहरुले प्रदान गर्ने मुख्य मुख्य सेवा - महिला बालबालिका, न्यायिक समितिले दिने सेवा आदी । | ६ |
| | गाउँ सभा | गाउँसभाको परिचय र संरचना गाउँसभाले गर्ने कामहरु | ७ |
| | दाङका स्थानीय तहहरुबारे सामान्य जानकारी | दाङको हालका स्थानीय तहहरुको सामान्य परिचय । | ६ |
| | दाङ जिल्लाको परिचय | दाङको जिल्लाको सामान्य परिचय, साबिक र अहिलेको अबस्था आदी । | ६ |

**३.२.२. दंगिशरणका परम्परा र संस्कृतिहरु बिषय क्षेत्र क्रम र बिस्तृतीकरण तालिका :। कक्षा १-३ को ३५ कार्यघण्टा तथा कक्षा ४- ८ को २५ कार्यघण्टा**

| कक्षा | बिषय क्षे | बिषयको बिस्तृतिकरण | का.घ. |
|---|---|---|---|
| १ | खानाको परिकार (सबै प्रकारका) | खानाका परिकारको चित्र बर्णन, खानाका परिकारको परिचय, खानाको परिकारको महत्व आदी । | ७ |
| | थारु समुदाय बिशेषका खानाका परिकार ढिकी | थारु समुदाय बिशेषमा अलि बढी प्रचलनमा रहेको जस्ले समुदायकै पहिचान दिने परिकार ढिक्रीको तस्विर, परिचय, महत्व, बनाउने तरिका आदी । | ७ |
| | बर्‍या, चुनी बर्‍या, | थारु समुदाय बिशेषमा अलि बढी प्रचलनमा रहेको जस्ले समुदायकै पहिचान दिने परिकार बर्‍या, चुनी बर्‍याको तस्विर, परिचय, महत्व, बनाउने तरिका आदी । | ६ |
| | हलुवा, खीर परिकार | हलुवा र खीर चाडबाड बिशेषमा बनाइने खानाका परिकार तस्विर, बनाउने चाहिने सामान, बनाउने तरिका महत्व आदी । | ६ |
| | क्वाटी परिकार | क्वाटी अर्थात गेडागुडी भिजाएर, टुसा उमारेर बनाइने परिकार, क्वाटीको तस्विर, बनाउने तरिका खादा हुने फाइदा महत्व आदी | ४ |

| | | | |
|---|---|---|---|
| | खिचडी परिकार स्थानीय दहि चिउरा | मासको दाल चामल भिजाएर मिसाएर घीउ समेत राखेर पकाइने बिशेष परिकार जो माघे सक्रान्तीमा बढी खाइन्छ । खिचडीको तस्बिर, बनाउने तरिका बनाउन चाहिने सामान आदी । | ६ |
| २ | पहिरन / पोसाक समग्र परिचय | पोसाक/पहिरनको चित्र बर्णन, पोसाकको सामान्य परिचय, पोसाकको महत्व, पोसाक लगाउदाका फाइदा । | ७ |
| | थारु समुदाय बिशेषका पहिरनहरु (गोन्या/चोल्या, डैनाहा/झुल्वा, जामा / पग्या, फऱ्या आदी) | थारु समुदाय बिशेषका पहिरनहरु (गोन्या/चोल्या, डैनाहा/झुल्वा, जामा / पग्या, फऱ्या आदी कुन समयमा कसकसले किन पहिरिन्छन भन्ने जानकारी पहिरनको चिनारी तथा महत्व आदी । | १२ |
| | ब्राम्हण क्षेत्री समुदाय बिशेषका पहिरनहरु | दौरा सुरवाल र टोपीको परिचय महत्व, चिनारी आदी । | ६ |
| | मगर समुदाय बिशेषका पहिरनहरु | मगर समुदायका पहिरनहरु ( भाग्रो, गादो, कालो टोपी आदीको चिनारी महत्व आदी । | ६ |
| | नेवार समुदाय बिषेशका पहिरनहरु | नेवार समुदायका बिशेष पोशाक हाकुपटासी वा तथा अन्य पोषाकको चिनारी । | ४ |
| ३ | स्थानीय मेला पर्ब | सति मन्दिरमा माघीको अवसरमा लाग्ने मेला, आश्विनमा लाग्ने सुपाकोटी मेला आदीको परिचय तथा अबसरमा गरिने क्रियाकलाप आदी । | ८ |
| | माघी (दिवानी) | नयाँ बर्ष योजना निर्माण, अगुवा छान्ने .............पारिबारिक भेटघाट तथा जमघट, मान्यजनलाई पुज्ने, परम्परागत संस्कार गर्ने, मिठो मिठो खाने आदी । | ६ |
| | अट्वारी | अट्वारी पर्ब परिचय, पर्बको सांस्कृतिक महत्व, पर्बमा गरिने क्रियाकलाप आदी । | ६ |
| | अष्टिम्कि | अष्टिम्कि पर्ब परिचय, पर्बको सांस्कृतिक महत्व, पर्बमा गरिने क्रियाकलाप आदी । | ५ |
| | ढ्रया गुरै, हर्‍या गुरै | ढ्रया गुरै, हर्‍या गुरै पर्बको परिचय, पर्बको सांस्कृतिक महत्व, पर्बमा गरिने क्रियाकलाप आदी । | ५ |
| | जनै पुर्णिमा, भुम्या पर्ब, हरिसयनी, हरिबोधीनी, नागपञ्चमी, साउने सक्रान्ती | जनै पुर्णिमा, भुम्या, हरिसयनी, हरिबोधीनी, नागपञ्चमी, साउने सक्राती पर्बको पर्बको परिचय, पर्बको सांस्कृतिक महत्व, पर्बमा गरिने क्रियाकलाप आदी । | ५ |
| ४ | लोक बाजाहरु पञ्चेबाजा/नौमती बाजा | पञ्चेबाजा/नौमती बाजाको परिचय बाजाको सास्कृतिक महत्व, बाजा बजाउदा गरिने क्रियाकलाप आदी । | ७ |
| | मजीरा (मञ्जुरा) | मजीरा /मजुरा बाजाको परिचय बाजाको सास्कृतिक महत्व, | ३ |

| | | | |
|---|---|---|---|
| | | बाजा बजाउदा गरिने क्रियाकलाप आदी । | |
| | झ्याली, चट्की, कस्टार, | झ्याली, चट्की, कस्टारबाजाको परिचय बाजाको सास्कृतिक महत्व, बाजा बजाउदा गरिने क्रियाकलाप आदी । | ३ |
| | मादल खैजडी | मादल खैजडी बाजाको परिचय बाजाको सास्कृतिक महत्व, बाजा बजाउदा गरिने क्रियाकलाप आदी । | ५ |
| | पिलरु संख, घण्ट | पिलरु, संख, घण्ट बाजाको परिचय बाजाको सास्कृतिक महत्व, बाजा बजाउदा गरिने क्रियाकलाप आदी । | ३ |
| | मुरली/बासुरी | मुरली, बासुरी बाजाको परिचय बाजाको सास्कृतिक महत्व, बाजा बजाउदा गरिने क्रियाकलाप आदी । | ४ |
| **५** | **लोक गित परम्परा** | | **२५** |
| | मागर, सख्या, अष्टिम्की | मागर, सख्या, अष्टिम्की गित कुन कुन बेला गाइन्छ ? के महत्व छ ? के सन्देश दिनका लागि गाइन्छ ? सो अबसरमा गाइने टुक्का सास्कृतिक महत्व आदी बारे जानकारी । | ५ |
| | सजना, मैना | सजना, मैना गित परिचय, कुन बेला गाइन्छ ? के महत्व छ आदी । | ४ |
| | बड्कीमार, ढुमरु, बर्का, | बड्कीमार, ढुमरु, बर्का गित कुन कुन बेला गाइन्छ ? गितको के सांस्कृतिक महत्व रहेको छ ? । | ६ |
| | झुम्रा, महोत्या हुर्दुङ्गा, लठ्ठवा, | झुम्रा, महोत्या हुर्दुङ्गा, लठ्ठवा, आदी गितहरु कुन कुन बेला गाइन्छ ती गितको के सास्कृतिक महत्व छ ? कसरी गाइन्छ आदीबारे जानकारी । | ५ |
| | झाम्रे, टप्पा, पैया, भजनकृतन | झाम्रे, टप्पा, पैया, भजनकृतन गितको परिचय, कुन कुन बेला कुन कुन समुदायले गाउछन् ? गितको महत्व आदीबारे जानकारी । | ५ |
| ६ | संस्कारहरु | संस्कारको परिचय, प्रचलन संस्कार गर्नुको कारण महत्व संस्कार गर्दा हुने फाइदा आदी । | ६ |
| | जन्म संस्कार | जन्म संस्कार समुदाय बिशेष अनुसार जन्म संस्कार भनेको के हो ? किन गरिन्छ । गर्दा हुने फाइदा । | ५ |
| | ब्रतबन्ध संस्कार | ब्रतबन्ध संस्कार समुदाय बिशेष अनुसार जन्म संस्कार भनेको के हो ? किन गरिन्छ । गर्दा हुने फाइदा । | ४ |
| | बिबाह संस्कार | बिबाह संस्कार समुदाय बिशेष अनुसार जन्म संस्कार भनेको के हो ? किन गरिन्छ । गर्दा हुने फाइदा । | ५ |
| | मृत्यु संस्कार | मृत्यु संस्कार समुदाय बिशेष अनुसार जन्म संस्कार भनेको के हो ? किन गरिन्छ । गर्दा हुने फाइदा । | ५ |
| ७ | लोक नृत्य परम्परा | लोक नृत्य परम्परा परिचय तथा महत्व । | ६ |
| | मागर, सजना, मैना, | मागर, सजना, मैना नृत्य परिचय, नृत्य ताल प्रकृया, कसरी नाचिन्छ ? के महत्व छ ? आदी । | ५ |
| | सख्या, अष्टिम्की, झुम्रा, | सख्या, अष्टिम्की, झुम्रा नृत्यहरुको परिचय, नृत्य गर्ने तरिका कुन कुन समुदायमा यी नृत्य प्रचलनमा छन ? आदी । | ५ |
| | महोत्या, हुर्दुङ्गा, लठ्ठवा, | महोत्या, हुर्दुङ्गा, लठ्ठवा नृत्यहरुको परिचय, नृत्य गर्ने तरिका कुन कुन समुदायमा यी नृत्य प्रचलनमा छन ? आदी । | ५ |
| | बड्कीमार, ढुमरु, बर्का, ढोलाहा | बड्कीमार, ढुमरु, बर्का, ढोलाहा नृत्यहरुको परिचय, नृत्य गर्ने तरिका कुन कुन समुदायमा यी नृत्य प्रचलनमा छन ? आदी । | ४ |

| | | | |
|---|---|---|---|
| ८ | लोक सामाजिक परम्परा | लोक सामाजिक परम्पराको परिचय महत्व । | ४ |
| | झराली (झारा) | गाउँको साझा काममा बिना पारिश्रमिक घरकै औजार लिएर गरिने सामाजिक कार्य, जस्तै सार्बजनिक कुला सफाई, बाटोघाटोको सफाई । जुन काम गर्दा सामाजिक हित हुन्छ त्यस प्रकृतिको काम जस्लाई झारा भन्ने गरिन्छ । | ५ |
| | सटाहा (पर्म) | घरमा गरिने श्रमको काममा आफुलाई पर्दा छिमेकी साथी बोलाई काम गर्ने र साथीलाई पर्दा आफु गएर साथीकोमा काम गर्ने चलन । कतै यसलाई बाउरे पनि भन्ने गरिन्छ । | ५ |
| | पैचो (सटाहा) अन्नले सामान साट्ने | परम्परागत रुपमा चलि आएको चलन । घरमा सामान नभएको बेला छिमेकीबाट सापट ल्याएर काम चलाउने चलन, अन्नले सामान साट्न चलन । | ५ |
| | वर पिपल रोप्ने, पोखरी खन्ने सामाजिक परम्परा | चौरासी पुजा गर्दा वा अरु कुनै बिशेष कार्यमा गरिने सामाजिक कार्य परम्परागत रुपमा हुदै आएको पोखरी खन्ने, चौपानी निर्माण गर्ने तथा बर पिपल रोप्ने परम्परा आदी । | ६ |

**३.२.३. दंगिशरणका पेसा व्यबसाय र सिप बिषय क्षेत्र क्रम र बिस्तृतीकरण तालिका : । कक्षा १-३ को २५ कार्यघण्टा तथा कक्षा ४- ८ को २० कार्यघण्टा**

| कक्षा | बिषय क्षेत्र | बिषयको बिस्तृतिकरण | का.घ. |
|---|---|---|---|
| १ | पेसा | परिबारका सदस्यले गर्ने पेसा, पेसाका बारेमा चित्र बर्णन तथा परिचय । | ५ |
| | कृषि पेसा | परिबार तथा छिमेकमा भइरहेको कृषि पेसाको उदाहरण दिई कृषि पेसाको शन्द तथा चित्र बर्णन । | ५ |
| | अन्न बाली | अन्न बालीका नामहरु कृषि पेसाको नाम, चित्र बर्णन तथा परिचय | ५ |
| | दलहन बाली | दलहन बालीको नाम चित्र बर्णन परिचय । | ५ |
| | तरकारी बाली | घर परिबार, छिमेकीले गर्ने तरकारी बालीका नामहरु, चित्र बर्णन तथा परिचय । | ५ |
| २ | बेमौसमी तरकारी | बेमौसमी तरकारी ( भिण्डी, टुमाटर, भाण्टा, बोडी, काक्रा आदीको परिचय, बेमौसमी तरकारी खेतीबाट हुने फाइदा | ६ |
| | मसलाजन्य बाली | धनिया, मेथी, अदुवा, हलेतो, पुतना, लसुन बेसार खुर्सानी आदी बालीको परिचय । | ६ |
| | पशुपालन | घर तथा छिमेकीले गर्ने पशुपालन पेसा, भैसीपालन, गाइपालन, बाख्रा पालन आदीको परिचय महत्व आदी । | ७ |
| | कुखुरा पालन | स्थानीय जातका कुखुरा पालन परिचय, स्थानीय जातका कुखुरा पालनबाट हुने फाइदा तथा गर्ने तरिका । | ६ |
| ३ | नगदे बाली | दंगिशरणमा हुने तोरी, अडहर, मसुरो, तिल अर्सी आदी नगदे बालीको परिचय, खेती गर्ने तरिका खेतीबाट हुने फाइदा । | ५ |
| | परम्परागत धान खेती परम्परागत मकै खेती | धान तथा मकै खेतीको परिचय, खेतीबाट हुने फाइदा गर्ने तरिका । खेतीमा परिबारका सदस्यको सहयोग भुमिका | ५ |
| | परम्परागत गहु खेती | गहुँ तथा तोरी खेतीको परिचय, खेतीबाट हुने फाइदा | ५ |

| | | | |
|---|---|---|---|
| | परम्परागत तोरी खेती | गर्ने तरिका । खेतीमा परिबारका सदस्यको सहयोग भुमिका | |
| | फलफुल खेती | आप, केरा, मेवा, अम्वा आदी फलफुल खेतीको परिचय, फलफुल खेतीको महत्व र फाइदा आदी । | ५ |
| | परम्परागत तथा आधुनिक कृषि खेतीमा प्रयोग हुने प्रबिधि तथा औजार | ढिकी, झातो, डोक्नी, कोल, मिल, कुटो, कोदालो, हसिया, फरुवा गैटी, हलो, हिया, टेक्टर हलो, थ्रेसर आदीको परिचय तथा त्यसको प्रयोगबाट हुने फाइदा । | ५ |
| ४ | व्यवसायको परिचय | कामका आधारमा व्यबसायको परिचय, महत्व र किसिम । | ४ |
| | स्थानीयस्तरमा गरिने व्यबसाय | स्थानीयस्तरमा भइरहेका किराना व्यापार, खाद्यान्न पसल, भाडा पसल, खाद्य गल्ला पसल, औषधी पसल, होटल व्यबसाय आदीको परिचय,, आबश्यकता र महत्व । | ४ |
| | स्थानीय उद्योगहरु | धान, गहुँ, मकै तथा तोरी मिल, ग्रील उद्योग, काष्ठ उद्योग, .....आदी । | ४ |
| | पालिका भित्रका कृषि तथा फलफुल पकेट क्षेत्र | निश्चित कृषि तथा फलफुल बालीको पकेट क्षेत्र भनि पहिचान भएका क्षेत्र तथा त्यसको प्रबर्धनका लागि गरिएका क्रियाकलाप । | ४ |
| | पालिका भित्रको पशुपालन पकेट क्षेत्र | निश्चित पशुपालनका लागि उपयुक्त पकेट क्षेत्र भनि पहिचान भएका क्षेत्र तथा त्यसको प्रबर्धनका लागि गरिएका क्रियाकलाप । | ४ |
| ५ | आरन व्यबसाय | आरन व्यबसायको परिचय, महत्व, उपयोगीता । | ५ |
| | फलाम तथा तामा निर्मित औजार तथा भाडाकुडा | फलाम तथा तामा निर्मित घरेलु औजार तथा भाडाकुडा र तीनको उपयोगबाट हुने फाइदा । | ५ |
| | दुना टपरी खुटाई दुनाटपरीको बजारीकरण | दुना टपरीको प्रयोग, उत्पादन र बजारीकरण गरी आयआर्जन गर्ने उपाय । | ५ |
| | वासबाट घरेलु सामान निर्माण | वासबाट निर्मित डोको, राय, मान्द्रो, भकारी आदी घरेलु सामान तथा सजाबटका सामग्री निर्माण, बजारीकरण तथा आयआर्जन गर्ने उपाय | ५ |
| ६ | पुष्प व्यबसाय | दंगिशरणमा गर्न सकिने पुष्प व्यबसायको परिचय, महत्व, उपयोगीता, बजारीकरण सिप र आयआर्जन गर्ने तरिका | ५ |
| | नर्सरी व्यवसाय | नर्सरी व्यबसायको परिचय, महत्व नर्सरी व्यबसायका फाइदा तथा उपयोगीता । | ५ |
| | जडिबुटी व्यबसाय | स्थानीय जडिबुटीको परिचय, जडिबुटी व्यबसायको परिचय, महत्व, उपयोगीता र बजारीकरण सिप । | ५ |
| | स्थानीय बाबियो निर्मित डोरी | डोरी, खटिया, दाम्लो, लगायतका घरेलु सामान निर्माण र उत्पादन प्रबर्धन तथा बजारीकरणको तरिका | ५ |
| ७ | स्थानीय कास, मुज निर्मित सामग्री | डेलुवा, ढकिया, गुन्द्री, लगायतका घरेलु सामग्री उत्पादन तथा बजारीकरण सिपबारे जानकारी । | ५ |
| | स्थानीय बास निर्मित | छिठुवा, छत्री, पिस्टुल, माछा मार्ने हेल्का, आदीको उत्पादन तथा | ५ |

| | | | |
|---|---|---|---|
| | सामग्री | बजारीकरण सिपबारे जानकारी । | |
| | स्थानीय काष्ठकला | काष्ठकलाको परिचय, काष्ठकलाको महत्व, उपयोगीता | ५ |
| | स्थानीय साल तथा मालुको पात निर्मित सजाबटका सामग्री | स्थानीय साल, मालुको, पिपलका पातबाट स्वागत तथा सत्कारका सामग्री निर्माण गर्ने तरिका तथा बजारीकरण गर्ने सीप | ५ |
| ८ | अष्टिम्कि कला, गोडना कला तथा मृतिका कला | अष्टिम्कि कला, गोडना कला तथा मृतिका कलाको परिचय, कलाहरुको सास्कृतिक महत्व, उपयोगिता र फाइदा | **५** |
| | स्थानिय हस्तकला | स्थानीय हस्तकलाको परिचय, महत्व, फाइदा तथा उपयोगिता । | |
| | हस्तकलाको संरक्षण, सामग्रीको बजारीकरण तथा आयआर्जन | हस्तकलाको संरक्षण, हस्तकलाका सामग्रीको बजारीकरण तथा आयआर्जनका उपायहरु | **५** |
| | कला संरक्षण तथा प्रबर्धनमा गाउँपालिकाको भुमिका | स्थानीयस्तरमा रहेका हस्तकला लगायतका कलाहरुको संरक्षण, प्रबर्धन, बजारीकरण र कला प्रदशएनबाट गरिने आयआर्जनमामा गाउँपालिकाको भुमिका । | **५** |

**३.२.४.मुल्य शिक्षा, जीवन जीवन उपयोगी सिप, बोल्ने कला तथा व्यबहारिक लेखन बिषय क्षेत्र र बिस्तृतीकरण तालिका । कक्षा १-३ को २५ कार्यघण्टा तथा कक्षा ४- ८ को २० कार्यघण्टा**

| **कक्षा** | **बिषय क्षेत्र** | **बिषयको बिस्तृतिकरण** | **का.घ.** |
|---|---|---|---|
| **१** | मेलमिलाप | मिलेर बस्ने अभ्यासको तस्विर, मेलमिलापको महत्व, मेलमिलापका फाइदा । | **७** |
| | असल वानी | राम्रा बानीका तस्विरहरु, असल बानीले हुने फाइदा | **६** |
| | खुसी मान्छे | खुसी भएका किशानको तस्विर, खुशीको महत्व, खुशी हुदा हुने फाइदा । | **६** |
| | सहयोग गर्ने बानी | एक आपसमा सहयोग गरेका तस्विरहरु, सहयोगी बानीबाट हुने फाइदा । | **६** |
| २ | नम्र व्यबहार | नम्र व्यबहार जनाउने चित्र, नम्र व्यहार सिप, नम्र व्यवहार अभ्यास, नम्र व्यबहार गर्दा हुने फाइदा । | ६ |
| | सद्भाव | सद्भाव जनाउने चित्र, सद्भाव व्यवहार अभिनय, सद्भावको परिचय, सद्भाव प्रकट गर्दा हुने फाइदा । | ६ |
| | माया | माया जनाउने चित्र, मायाभाव, मायाको परिचय, माया गर्दा हुने फाइदा । | ६ |
| | दानी मान्छे | समाजको कुनै दानी मान्छेको उदाहरण दिएर दान गर्नु राम्रो काम भएको भाव दिने कथा । | ७ |
| ३ | अनुसासन | अनुसासनको परिचय, महत्व र फाइदा । | ७ |
| | परिश्रमको महत्व | परिश्रमको परिचय महत्व र फाइदा । | ६ |
| | सिप आर्जन | सिप आर्जनको परिचय, सिपको महत्व, सिपका फाइदा । | ६ |

| | | | |
|---|---|---|---|
| | | | |
| | कार्यक्षमता | कार्यक्षमताको परिचय, कार्यक्षमताको महत्व र कार्यक्षमताका फाइदा । | ६ |
| ४ | अन्तर व्यक्ति सम्वन्ध | अन्तर व्यक्ति सम्वन्ध सिपको परिचय, अन्तर व्यक्ति सम्वन्ध सिपको महत्व, अन्तर व्यक्ति सम्वन्ध सिपबाट हुने फाइदा । | ५ |
| | सञ्चार सिप | सञ्चार सिपको परिचय, सञ्चार सिपको महत्व, सञ्चार सिपका फाइदा । | ५ |
| | प्रभावकारी सञ्चार | प्रभावकारी सञ्चारको परिचय, प्रभावकारी सञ्चारको महत्व, प्रभावकारी सञ्चारका फाइदा । | ५ |
| | स्व मुल्याङ्कन सिप | स्व मुल्याङ्कन सिपको परिचय, स्व मुल्याङ्कनको महत्व, स्व मुल्याङ्कन सिपका फाइदा | ५ |
| ५ | उद्घोषण | उद्घोषणको परिचय, उद्घोषणको महत्व, उद्घोषणबाट आफुलाई हुने फाइदा । | ५ |
| | उद्घोषणमा सम्बोधन सिप | उद्घोषणमा सम्वोधन सिपको परिचय, सम्वोधनको महत्व, छोटो समयमा सबैलाई सम्वोधन गर्ने तरिका । | ५ |
| | कलात्मक उद्घोषण शैली | उद्घोषण शैलीको परिचय, कलात्मक उद्घोषण शैलीका टिप्सहरु, कलात्मक उद्घोषणबाट हुने फाइदा । | ५ |
| | तर्क क्षमता | तर्क क्षमताको परिचय, तर्क क्षमताको महत्व तर्क क्षमताले दैनिक जीवनमा हुने फाइदा । | ५ |
| ६ | निबेदन परिचय | निबेदन परिचय, महत्व, निबेदनको उपयोगिता । | ५ |
| | निबेदनका तत्वहरु | निबेदनमा हुनुपर्ने तत्वहरुबारे जानकारी । | ५ |
| | निबेदनको ढाँचा | निबेदन ढाँचा तथा निबेदन शैली । | ५ |
| | निर्णय सिप | निर्णय सिपको परिचय, निर्णय सिपबाट हुने फाइदा । | ५ |
| ७ | समस्याको पहिचान | समस्याको पहिचानको परिचय, समस्या पहिचान सिप तथा समस्या पहिचानका टिप्सहरु । | ५ |
| | समस्याको समाधान | समस्याको समाधानको परिचय, समस्या पहिचान सिप तथा समस्या समाधान गर्ने तरिका अभ्यास । | ५ |
| | भर्पाई लेखन | भर्पाईको परिचय, भर्पाइको महत्व, भर्पाइ लेखनबाट हुने फाइदा तथा भपाइको उपयोगिता । | ५ |
| | भपाई लेखन ढाँचा | भपाई लेखन ढाँचाका नमुना अभ्यासहरु । | |
| ८ | लक्ष निर्धारण | लक्ष निर्धारणको परिचय, महत्व लक्ष निर्धारणबाट हुने फाइदा तथा उपयोगिता । | ४ |
| | सकारात्मक सोच | सकारात्मक सोचको परिचय, सकारात्मक सोचबाट हुने फाइदा उपयोगीता । | ४ |
| | सृजनात्मक सोचाई | सृजनात्मक सोचाईको परिचय, महत्व, उपयोगिता तथा सृजनात्मक सोचाइले हुने फाइदा । | ४ |
| | माइन्युट लेखन परिचय | माइन्युट लेखन परिचय, माइन्युट लेखनको महत्व, माइन्युट लेखनबाट हुने फाइदा तथा माइन्युट लेखनको उपयोगिता | ४ |
| | माइन्युट लेखन ढाँचा | माइन्युट लेखन ढाँचाका तत्वहरु, माइन्युट लेखन अभ्यास । | ४ |

**३.२.५ सामाजिक कार्य, सामाजिक संस्था तथा स्थानीय खेलकुदको बिषय क्षेत्र र बिस्तृतीकरण तालिका । कक्षा १-३ को २० कार्यघण्टा तथा कक्षा ४- ८ को १२ कार्यघण्टा**

| कक्षा | बिषय क्षेत्र | बिषयको बिस्तृतिकरण | का.घ. |
|---|---|---|---|
| १ | बुवा आमा | बुवा आमाको चित्र बर्णन । दुई चार बाक्यमा बुवा आमाको परिचय । | ४ |
| | गुरु गुरुआमा, | गुरु गुरुआमाको चित्र बर्णन । दुई चार बाक्यमा गुरु गुरु आमाको परिचय । | ४ |
| | महिला स्वास्थ्य स्वयसेविका | महिला स्वास्थ्य स्वयसेविकाको चित्र बर्णन । दुई चार बाक्यमा महिला स्वास्थ्य स्वयंसेबिकाको परिचय । | ४ |
| | घर तथा बिद्यालय | घरको चित्र बर्णन । दुई चार बाक्यमा घरको परिचय ।<br>बिद्यालयको चित्र बर्णन । दुई चार बाक्यमा बिद्यालयको परिचय । | ४ |
| | रुमाल लुकाउने खेल<br>तातो आलु खेल | रुमाल लुकाउने खेलको परिचय तथा खेल्ने तरिका<br>तातो आलु खेलको परिचय तथा खेल्ने तरिका | ४ |
| २ | टोल⁄ सानो गाउँ | टोल⁄गाउँको परिचय, टोल तथा गाउँको महत्व । | ४ |
| | टोलका अगुवा | टोलका अगुवाको परिचय, अगुवाले गर्ने गरेका कामहरु अगुवाको नेतृत्व तथा परिचालनमा काम गर्दा हुने फाइदाहरु । | ४ |
| | टोल बिकास संस्था | टोल बिकास संस्थाको परिचय, टोल बिकास संस्था गठनको महत्व, टोल बिकास संस्था मार्फत गर्न सकिने कामहरु । | ४ |
| | सामाजिक काम | सामाजिक कामको परिचय, सामाजिक कामले हुने फाइदा, सामाजिक कार्यमा जोडिदा मिल्ने सन्तुष्टि आदी । | ४ |
| | सात ढुंगे र चारी खेल | सात ढुंगे र चारी खेलको परिचय तथा खेल खेल्ने तरिका | ४ |
| ३ | बालक्लव | बालक्लवको परिचय, बालक्लवको महत्व, बालक्लव गठनबाट हुने फाइदा र उपयोगिता आदी । | ४ |
| | युवा क्लव | युवा क्लवको परिचय, युवा क्लवको महत्व, युबा क्लवको गठनबाट हुने फाइदा तथा उपयोगिता आदी । | ४ |
| | आमा समुह | आमा समुहको परिचय, आमा समुहहरुले गर्ने गरेका सामाजिक कामहरु, आमा समुह गठनबाट हुने फाइदा आदी | ४ |
| | स्वास्थ्य संस्थाहरु | स्वास्थ्य संस्थाहरु तथा सामुदायिक स्वास्थ्य इकाईको परिचय, स्वास्थ्यसंस्थाको महत्व, स्वास्थ्यसंस्थाहरुबाट पाइने सेवाहरु | ४ |
| | दौड, मुसो बिरालो भ्यागुतो उफ्राई | दौड, मुरो बिरालो, भ्यागुतो उफ्राइको परिचय खेल्ने तरिका | ४ |
| ४ | सहकारी संस्था, | सहकारी संस्थाहरुको परिचय, सहकारी संस्थाले गर्ने सामाजिक सेवा तथा कार्यहरु | ३ |
| | सामुदायिक वन उपभोक्ता समुह | सामुदायिक वन उपभोक्ता समुहको परिचय, उपभोक्ता समितिमा आबद्ध हुदा हुने फाइदा, सामुदायिक बन उपभोक्ता समिति मार्फत गर्न सकिने कार्यहरु | ३ |
| | सामुदायिक संस्था (बडघर) हरु | थारु समुदायमा बिद्यमान सामुदायिक संस्था (बडघर) माघी दिवानी आदीको परिचय तथा बडघरमा हुने सामाजिक अभ्यासको परिचय | ३ |

| | | | |
|---|---|---|---|
| | खानेपानी उपभोक्ता संस्थाहरु | वडा वडामा रहेका खानेपानी उपभोक्ता संस्थाहरुको परिचय, उपभोक्ता समितिले गरिरहेका कामहरु | ३ |
| ५ | सामुदायिक पुस्तकालय | सामुदायिक पुस्तकालयको परिचय, पुस्तकालयको महत्व, पुस्तकालयको उपयोगिता | ३ |
| | सामुदायिक सिकाइ केन्द्र | सामुदायिक सिकाइ केन्द्रको परिचय, महत्व, तथा उपयोगिता | ३ |
| | महिला बिकास संस्थाहरु | महिला बिकास संस्थाहरुको परिचय, महिला बिकास संस्थाहरुको महत्व, महिला बिकास संस्थाहरुले समुदायमा गरेका कामहरु | ३ |
| | इको क्लव | इको क्लवको परिचय, इको क्लवको महत्व, इको क्लव गठनबाट हुने फाइदा | ३ |
| ६ | वडा अध्यक्ष तथा सदस्यहरु | वडा अध्यक्ष तथा सदस्यहरुको परिचय, उनीहरुले गर्ने कामबारे जानकारी । | ३ |
| | गाउँपालिका अध्यक्ष तथा उपाध्यक्ष | गाउँपालिका अध्यक्ष तथा उपाध्यक्षको परिचय तथा उनीहरुले गर्ने कामबारे जानकारी । | ३ |
| | प्रदेश र संघमा निर्बाचित जनप्रतिनिधीहरु | प्रदेश र संघमा निर्बाचित जनप्रतिनिधीहरुको नाम तथा उनीहरुको सामान्य परिचय । | ३ |
| | गाउँपालिकाका प्रेरक व्यक्तित्वहरु | दंगिशरण गाउँपालिकाका साझा प्रेरक व्यक्तित्वहरु (राजनीति, सामाजिक क्षेत्र, खेल तथा कला क्षेत्र आदीका) | ३ |
| ७ | रेडक्रस तथा जुरेस | रेडक्रस तथा जुरेस, बागर रेडक्रसको परिचय, रेडक्रस आस्था | ३ |
| | नेपाल स्काउट | नेपाल स्काउटको परिचय, स्काउटको मान्यता आस्था, स्काउट मार्फत गर्न सकिने काम, स्काउटको महत्व आदी । | ३ |
| | दंगिशरणका शैक्षिक संस्थाहरुको संक्षिप्त परिचय | दंगिशरणका शैक्षिक संस्थाहरुको संक्षिप्त परिचय, स्थापना मिति, उनीहरुले शिक्षाको बिकासमा पुऱ्याएको योगदानबारे जानकारी । | ३ |
| | दंगिशरणको शैक्षिक बिकासमा योगदान गरेका सामाजिक व्यक्तिहरु | दंगिशरणको शैक्षिक बिकासमा योगदान गरेका सामाजिक व्यक्तिहरुको परिचय (फरक फरक वडा र बिद्यालयको हकमा फरक फरक व्यक्ति हुन सक्ने) | ३ |
| ८ | स्वास्थ्य व्यबस्थापन समिति र यस्ले गर्ने कामहरु | स्वास्थ्य व्यबस्थापन समितिको परिचय, संरचना तथा यस्ले गर्ने कामहरुबारे जानकारी । | ३ |
| | बिद्यालय व्यबस्थापन समिति र यस्ले गर्ने कामहरु | बिद्यालय व्यबस्थापन समितिको परिचय, संरचना तथा र यस्ले गर्ने कामहरुबारे जानकारी । | ३ |
| | सामाजिक बिकासमा सामुदायिक संस्थाको भुमिका | छलफल तथा अन्तर्क्रियाका माध्यमबाट सामाजिक बिकासमा सामुदायिक संस्थाको भुमिका पहिल्याउने । | ३ |
| | सामाजिक बिकासमा सामुदायिक संस्था र | सामाजिक बिकासमा सामुदायिक संस्थाको भुमिका तथा सामुदायिक संस्था र गाउँपालिका बिचको सहकार्यका क्षेत्रहरु | ३ |

| | | | |
|---|---|---|---|
| | गाउँपालिका बिचको सहकार्य | | |

**३.२.६. बिपद् /फोहोर व्यबस्थापन, हरित बिद्यालय बिषय क्षेत्रक्रम र बिस्तृतीकरण तालिका । कक्षा १–३ को २० कार्यघण्टा तथा कक्षा ४– ८ को १६ कार्यघण्टा**

| कक्षा | बिषय क्षेत्र | बिषयको बिस्तृतिकरण | का. घ. |
|---|---|---|---|
| १ | बिपद्का घटनाहरु | बिपद्का घटनाहरु हावाहुरी, चट्याङ, सर्पको टोकाइ, नदि, कुलो तथा तालमा डुब्नु, दुर्घटना आदीका चित्रहरु | ५ |
| | फोहोर ठाउँ | फोहोर ठाउँका चित्रहरु, फोहोर हुन सक्ने संभाबित सार्बजनिक स्थलहरु | ५ |
| | सफा ठाँउ | सफा ठाउँको चित्र, सफा ठाउँको परिचय, सफा ठाउँको महत्व | ५ |
| | फुल बगैचा | फुल बगैचाको परिचय, महत्व, फुल बगैचाका फाइदा | ५ |
| २ | बिपतका घटना परिचय | बिपत आगलागी हावाहुरी, चट्याङ, सर्पको टोकाइ, तालमा डुब्नु, दुर्घटनाको बिद्युत सट, सामान्य परिचय | ५ |
| | फोहोरका कारणहरु | फोहोरका कारणहरु, फोहोरबाट हुने बेफाइदा | ५ |
| | फोहोर सफा गर्ने औजारहरु | फोहोर सफा गर्ने औजारहरुको नाम तथा फोहोर सफा गर्ने औजारबाट फोहोर उठाउन तरिकाबारे जानकारी | ५ |
| | सरसफाई | सरसफाईको परिचय, सफा हुदाका फाइदाहरु, सफा हुनुपर्ने कारणहरु, सफा हुने तरिका | ५ |
| ३ | बिपतका कारणहरु | हावाहुरी, चट्याङ, सर्पको टोकाइ, तालमा डुब्नु, दुर्घटना आदीका कारणहरु | ५ |
| | फोहोरका प्रकारहरु | गल्ने र नगल्ने फोहोर । ठोस, तरल तथा बायुजन्य फोहोरको परिचय | ५ |
| | फोहोरको बर्गिकरण | फोहारको बर्गिकरणको परिचय, बर्गिकरण तरिका आदी | ५ |
| | घर तथा बिद्यालयमा फुल तथा फलफुल रोपण | घर तथा बिद्यालयमा फुल तथा फलफुलका बिरुवा रोपण गर्ने तरिका | ५ |
| ४ | बाढी र आगलागीबाट हुने असरहरु | बाढी र आगलागीबाट हुने असरहरुको परिचय | ४ |
| | प्राकृतिक तथा मानव जन्य प्रकोपको असरहरु | प्राकृतिक तथा मानव जन्य प्रकोपको असरहरुको परिचय | ४ |
| | विन तथा पिट कम्पोष्टिङ | फोहोर व्यबस्थापनका लागि गरिने विन तथा पिट कम्पोष्टिङको परिचय | ४ |
| | घर तथा बिद्यालयमा फुल तथा फलफुलको संरक्षण | घर तथा बिद्यालय बगैचामा रोपिएका फुल तथा फलफुलको पानीहाल्ने, गोडमेल गर्ने मल हाल्ने, काटछाट गर्ने तरिका | ४ |
| ५ | बिपत जोखिम न्युनिकरण | बिपत जोखिम न्युनिकरणको परिचय, महत्व, फाइदा तथा उपयोगिता | ४ |
| | प्राकृतिक/मानव जन्य | प्राकृतिक तथा मानव जन्य प्रकोपको बचाउका उयायहरु | ४ |

| | | | |
|---|---|---|---|
| | प्रकोपबाट बच्ने उयायहरु | | |
| | खेर जाने फोहोर बस्तुबाट सजाबटका सामग्री निर्माण | खेर जाने फोहोर बस्तुबाट सजाबटका सामग्री निर्माण तथा बिक्री बितरण गरी आयआर्जन गर्ने सिप | ४ |
| | खेर जाने पानीको उपायोग | खेर जाने फोहोर पानीलाई करेसाबारी, बगैचा आदीमा उपयोग गर्ने तरिका सिकाउने | ४ |
| ६ | बिपतबाट बच्ने उपायहरु | बिपतबाट बच्ने उपायहरु | ४ |
| | आगलागीको बिपतबाट जोगिन गरिने कृत्रिम घटना अभ्यास | आगलागीको बिपतबाट जोगिन गरिने कृत्रिम घटना अभ्यास | ४ |
| | बाढीको बिपतबाट जोगिन गरिने कृत्रिम घटना अभ्यास | बाढीको बिपतबाट जोगिन गरिने कृत्रिम घटना अभ्यास | ४ |
| | बिद्यालय बगैचामा उत्पादिन फुल तथा फलफुलको बजारीकरण तथा आयआर्जन सिप | बिद्यालय बगैचामा उत्पादिन फुल तथा फलफुलको बजारीकरण तथा आयआर्जन सिप | ४ |
| ७ | बिपतको समयमा गरिने आकस्मिक प्राथमिक उपचारको पूर्ब तयारी | बिपतमको समयमा गरिने आकस्मिक प्राथमिक उपचारको उपचार पूर्ब तयारी सिप परिचय, गर्नु पर्ने पुर्ब तयारीहरु | ४ |
| | बिपत व्यबस्थापनमा बिद्यार्थी र स्थानीय समुदायको भुमिका | बिपत व्यबस्थापनमा बिद्यार्थी र स्थानीय समुदायको भुमिका | ४ |
| | फोहोर व्यबस्थापनमा बिद्यार्थी र स्थानीय समुदायको भुमिका | फोहोर व्यबस्थापनमा बिद्यार्थी र स्थानीय समुदायको भुमिका | ४ |
| | हरित बिद्यालय निर्माणमा बिद्यार्थी र स्थानीय समुदायको भुमिका | हरित बिद्यालय निर्माणमा बिद्यार्थी र स्थानीय समुदायको भुमिका | ४ |
| **८** | बिपतबाट जोगिन गर्न सकिने पुर्ब तयारीहरु | बिपतबाट जोगिन गर्न सकिने पुर्ब तयारीहरु | **४** |
| | बिपत व्यबस्थापनमा पालिकाको भुमिका | बिपत व्यबस्थापनमा पालिकाको भुमिका | **४** |
| | फोहोर व्यबस्थापनमा पालिकाको भुमिका | फोहोर व्यबस्थापनमा पालिकाको भुमिका | **४** |
| | हरित बिद्यालय निर्माणमा पालिकाको भुमिका | हरित बिद्यालय निर्माणमा पालिकाको भुमिका | **४** |

## ४. कक्षागत सिकाइ उपलब्धि

### (क) कक्षा १ देखि कक्षा ३ सम्म

| क्र.स. | | कक्षागत सिकाइ उपलब्धि | | |
|---|---|---|---|---|
| | **क्षेत्र/थिम** | **कक्षा १** | **कक्षा २** | **कक्षा ३** |
| १ | **दंगिशरण गाउँपालिकाको परिचय, धार्मीक तथा पर्यटकिय क्षेत्रहरु** | • आफ्नो परिवारका सदस्यहरुको नाम, काम र नातासम्बन्ध बताउन<br>• आफू बसेको गाउँबस्तीको नामका साथै आफू पढने विद्यालयको नाम र त्यहाँ काम गर्ने प्र.अ, शिक्षक र कर्मचारीहको नाम र कामको विवरण उल्लेख गर्न<br>• आफ्नो बस्तीवस्ती वरपर रहेको नदी, खोला र बाटोहरुको नाम बताउन<br>• आफ्नो बस्तीवस्तीमा रहेका धार्मिक स्थल र मठमन्दिरहरुको नाम बताउन<br>• आफ्नो घर नजिकै रहेका स्थानीय बजारको नाम बताउन<br>• आफ्नो बस्तीटोलको स्वास्थ्य स्वयंसेविकाको नाम र कामको विवरण दिन | • आफू बस्ने वडा नम्बर र वडा कार्यालयको ठेगानाका साथै आफ्नो गाउपालिकाको नाम बताउन<br>• आफू बस्ने वडाभित्रका गाउँटोल नामका साथै गाउँटोलको छिमेकी विद्यालयहरुको नाम बताउन<br>• आफ्नो वडाभित्र रहेका नदी, खोला, झरना, तालको नाम बताउन<br>• वडाभित्र नजिक रहेका स्थानीय बजारहरुको नाम बताउन<br>• टोल नजिक रहेका स्वास्थ्य प्रदायक संस्थाको नाम र ठेगाना बताउन | • दंगिशरण गाउँपालिकाको कार्यालय रहेको स्थान र स्थापना भएको सालका साथै पालिकाका अध्यक्ष र उपाध्यक्षको नाम भन्न<br>• गाउँपालिकाभित्रका मुख्य मुख्य सडकको नाम र अवस्थिति पत्ता लगाउन<br>• आफनो वडाभित्र रहेका विद्यालयहरुको नामका साथै आफू बसोबास गर्ने वडाका वडा कार्यालयका पदाधिकारीहको संख्या र सदस्यहरूको नाम बताउन<br>• आफू बसोबास गर्ने वडाभित्र रहेका स्वास्थ्य प्रदायक संस्था, क्लिनिकको नाम र ठेगाना बताउन<br>• गाउँपालिकाभित्र रहेका मुख्य बजारहरु अर्थात किनमेल गर्ने ठाउँहरुको विवरण पहिचान गर्न |
| २ | **दंगिशरणका परम्परा तथा संस्कृतिहरु** | • आफ्नो बस्तीटोलमा भएको धार्मिक स्थलहरूको नाम बताउन<br>• आफ्नो बस्तीटोलमा भएका विभिन्न जातजातिहरुले मनाउने चाडपर्वहरुको नाम बताउन<br>• आफ्नो बस्तीटोलमा नाचिने नाचहरु पहिचान गर्न | • आफ्नो वडाभित्र भएका धार्मिक स्थलको नाम र अवस्थिति पत्ता लगाउन<br>• आफ्नो वडाभित्र नाचिने नाचहरुको सामान्य परिचय दिन<br>• आफ्नो वडाभित्र विभिन्न जातजातिहरुले मनाउने चाडपर्वहरुको नाम नयाँ वर्ष बारे जानकारी दिन<br>• दंगिशरण गा.पा.भित्र मनाउने चाडपर्वहरुको नामनामेसी विवरण उल्लेख गर्न | • दंगिशरण गा.पा.भित्र रहेका महत्वपूर्ण धार्मिक स्थलको सामान्य परिचय दिन<br>• दंगिशरण गा.पा.भित्र नाचिने मुख्य नाचहको सामान्य परिचय दिन<br>• अटवारी पर्व र होली पूर्णिमा पर्वको जानकारी दिन<br>• दंगिशरण गा.पा.भित्र रहेका नदी, खोला, पोखरी र तालहरुको सामान्य परिचय दिन<br>• दंगिशरण गा.पा.भित्र रहेका सार्वजनिक स्थलहरुको सामान्य परिचय दिन |
| ३ | **दंगिकरणका पेशा, व्यवसाय, सिप र प्रविधि** | • परिवारका सदस्यहरुले गर्ने पेसा र व्यवसायको नाम बताउन<br>• अन्नबालीहरुको पहिचान गर्न<br>• दलहन बालीको पहिचान गर्न<br>• घर तथा स्थानीय समुदायमा गरिने तरकारीहरुको पहिचान गर्न | • छिमेकी परिवारका सदस्यहरुले गर्ने मुख्य पेसा व्यवसायको नाम बताउन<br>• स्थानीय रुपमा लगाइने बेमौसमी बालीनालीको पहिचान गर्न<br>• अन्नबालीको परिचय दिन<br>• तरिकारीको परिचय दिन<br>• आफनो घर तथा समुदायमा उत्पादन भएका वस्तुको बिक्री गर्ने ठाउँको नाम बताउन | • दंगिशरण गाउँपालिकामा मानिसले गर्ने पेसा, व्यवसायको सामान्य परिचय दिन<br>• मसला जन्य बालीको परिचय दिन<br>• नगदेबालीको परिचय दिन<br>• बेमौसी बालीको परिचय दिन<br>• परम्परागत स्थानीय प्रविधिको परिचय दिन<br>• परम्परागत र आधुनिक प्रविधिको तुलना गर्न |

| | | | | |
|---|---|---|---|---|
| ४ | **मूल्यनिष्ठ शिक्षा र जीवनोपयोगी सिप** | • नाता सम्बन्धका मानिसहरुको आनीवानी र विवरण बताउन<br>• असल र चरित्रवान हुनका लागि आवश्यक पर्ने शील र स्वभावहरुको बखान गर्न<br>• सवैको प्रिय हुनका लागि आवश्यक पर्ने स्वभावहरुको पहिचान र बखान गर्न<br>• असल एवम् मन पर्ने मानिसहरुका बानी व्यवहारलाई सम्झने र प्रयोग गर्ने अभ्यास गर्न<br>• स्थानीय स्तरमा आफुलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरुको श्रवण, अवलोकन र अभ्यास गर्न<br>• घरपरिवार, छरछिमेक र बस्तीटोलमा उत्सव र चाडपर्वहरु मनाउदा गर्न हुने र गर्न नहुने कुराहरुको सूची र जीवनमा त्यसको अभ्यास गर्न<br>• घरपरिवारका सदस्यहरुका राम्रा आनीबानीहरुको पहिचान, सम्मान र प्रसंशा गर्दै त्यस्ता आनीबानीहरुको बखान र आफ्नो जीवनमा अभ्यास गर्न<br>• आफू खुशी हुने र अरुलाई पनि खुशी बनाउने कलाको अभ्यास गर्न<br>• योग र ध्यान (प्रणव ध्यान, भस्त्रिका प्रणायाम, सिंहासन, गरुडासन) लगायत का योगहरुको अभ्यास गर्न<br>• श्रम र सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्तिको चर्चा र अभ्यास गर्न<br>• घरपरिवार र समाजका, अशक्त, ज्येष्ठनागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने बानीको अभ्यास गर्न | • नाता सम्बन्धका मानिसहरुको आनीवानी र विवरण दिन<br>• असल र चरित्रवान हुनका लागि आवश्यक पर्ने शील र स्वभावहरुको बखान गर्न<br>• सवैको प्रिय हुनका लागि आवश्यक पर्ने स्वभावहरुको पहिचान र बखान गर्न<br>• असल एवम् मन पर्ने मानिसहरुका बानी व्यवहारलाई सम्झने र प्रयोग गर्ने अभ्यास गर्न<br>• स्थानीय स्तरमा आफुलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरुको श्रवण, अवलोकन र अभ्यास गर्न<br>• घरपरिवार, छरछिमेक र बस्तीटोलमा उत्सव र चाडपर्वहरु मनाउदा गर्न हुने र गर्न नहुने कुराहरुको सूची र जीवनमा त्यसको अभ्यास गर्न<br>• घरपरिवारका सदस्यहरुका राम्रा आनीबानीहरुको पहिचान, सम्मान र प्रसंशा गर्दै त्यस्ता आनीबानीहरुको बखान र आफ्नो जीवनमा अभ्यास गर्न<br>• आफू खुशी हुने र अरुलाई पनि खुशी बनाउने कलाको अभ्यास गर्न<br>• श्रम र सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्तिको चर्चा र अभ्यास<br>• घरपरिवार र समाजका, अशक्त, ज्येष्ठनागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने बानीको अभ्यास गर्न | • साथी र समुदायका मानिसहरुको नाता सम्बन्धको पहिचान र भूमिकाको बोध गरी माया, श्रद्धा र आदरसम्मान गर्ने बानीको बखान र अभ्यास गर्न<br>• अरुलाई माया, आदर सम्मान गर्दा आफूलाई पनि माया, आदर र सम्मान प्राप्त हुने विषयको बखान र अभ्यास गर्न<br>• परिवारको जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने स्वभाव र आचरणको परिचय एवम् अभ्यास गर्न<br>• असल साथीहरुका राम्रा आनीबानीको पहिचान, सम्मान र प्रसंशा गर्दै त्यस्ता आनीबानीहरुलाई आफ्नो जीवनमा प्रयोग र अनुसरण गर्न<br>• स्थानीयस्तरमा आफूलाई मन पर्ने गीत, संगीत र नृत्यहरुको श्रवण, अवलोकन, सिर्जना र प्रस्तुतीकरण गर्न<br>• आफ्नो घरपरिवार तथा समाजमा उत्सव र चाडपर्वहरु मनाउदा ध्यान पुऱ्याउनु पर्ने कुराहरुको जानकारी र अभ्यास गर्न<br>• असल साथीहरुका राम्रा आनीबानीको पहिचान, सम्मान र प्रसंशा गर्दै त्यस्ता आनीबानीहरुको आफ्नो जीवनमा अभ्यास गर्न<br>• आफू खुशी हुने र अरुलाई पनि खुशी बनाउने कलाको अभ्यास गर्न<br>• श्रम र सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्तिको चर्चा र अभ्यास गर्न<br>• समाजका ज्येष्ठ नागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने स्वभावको विकास र अभ्यास गर्न |

| | | | | |
|---|---|---|---|---|
| ५ | **सामाजिक संस्था, सामाजिक कार्य तथा सामाजिक व्यक्तित्वहरु र स्थानीय खेलहरु** | • सामाजिक काम बताउन तथा सामाजिक काममा सरिक हुन<br>• घर एक सामाजिक संस्था हो भन्ने बताउन<br>• घरमुलीले गर्ने काम बताउन<br>• विद्यालय एक सामाजिक संस्था हो भन्न | • गुरु आमाका बारेमा बताउन<br>• महिला स्वास्थ्य स्वयंसेविकाले गर्ने काम बताउन<br>• टोल विकास संस्थाले गर्ने काम बताउन | • बालक्लवका बारेमा बताउन<br>• आमा समूहका बारेमा बताउन<br>• स्वास्थ्य संस्थाहरुका बारेमा बताउन<br>• दंगिशरणका शैक्षिक संस्थाका बारेमा बताउन |
| ६ | **विपत / फोहोर व्यबस्थापन तथा हरित विद्यालय** | • विद्यालय आउँदा र घर जाँदा बाटोमा हुने जोखिम पहिचान गर्न<br>• विद्यालय आउँदा र घर जाँदा बाटोमा हुने जोखिमबाट साबधानी अपनाउन<br>• कक्षाकोठा, विद्यालय, घर र बाटोमा सडक दुर्घटना, करेन्ट लाग्ने र करेन्टबाट समेत हुने आगलागी, डुबानबाट बच्ने उपायहरू अवलम्बन गर्न<br>• कृत्रिम घटना अभ्यास गर्न | • हावाहुरी, चट्याङ्ग, बाढी, पहिरो, भू-क्षय, सर्पदंश र जङ्गली जनावरको आक्रमण आदिको पहिचान गर्न<br>• घरभित्र हुने जोखिमहरू छत, बिजुली,भऱ्याङ्ग वा लिस्नो, बार्दली वा बरण्डा पहिचान गर्न<br>• घरभित्र हुने जोखिमहरूबाट बच्ने उपायहरु अवलम्बन गर्न<br>• कक्षाकोठा, विद्यालय, घर र बाटोमा हावाहुरी, चट्याङ्ग, पहिरो र बाढी, पहिरो, सर्प दंश र जङ्गली जनावरको आक्रमण आदिबाट बच्ने उपायहरू अवलम्बन गर्न | • विपद्को परिचय दिन<br>• विपद्को किसिम बताउन<br>• विद्यालयभित्र जस्तै छत, बिजुली, र्भयाङ्ग, बरण्डा, खेल सामग्री, फर्निचर, शौचालय आदिमा हुने जोखिमहरुकौ पहिचान गर्न<br>• विद्यालयभित्र हुने जोखिमबाट साबधानी अपनाउन<br>• भूकम्पबाट सुरक्षा हुन तरिका बनाउन<br>• महामारीबाट सुरक्षा हुने तरिका बताउन<br>• सुरक्षाका लागि कृत्रिम घटना अभ्यास गर्न<br>• फोहोरको सदुपयोग तथा व्यबस्थापन गर्न |

## (ख) कक्षा ४ देखि कक्षा ५ सम्म

| क्र.स. | | कक्षागत सिकाइ उपलब्धि | |
|---|---|---|---|
| | **क्षेत्र/एकाइ** | **कक्षा ४** | **कक्षा ५** |
| १ | **दंगिशरण गाउँपालिकाको परिचय, धार्मीक तथा पर्यटकिय क्षेत्रहरु** | • दंगिशरण गाउँपालिकाको भौगोलिक अवस्थितिको सामान्य जानकारी दिन<br>• दंगिशरण गाउँपालिका स्थापनाको संक्षिप्त परिचय र यहाँको कुल जनसङ्ख्या बताउन<br>• दंगिशरण गाउँपालिका वडाको संख्या, वडा कार्यालयको ठेगाना र वडागत जनसङ्ख्याको जानकारी दिन<br>• दंगिशरण गाउँपालिका भित्र रहेका वनजगल र नदीनाला र हावापानीको जानकारी दिन | • दंगिशरण गाउँपालिकाको क्षेत्रगत उचाइ अक्षांश देशान्तरका साथै वडागत घरधुरी र जनसङ्ख्या(महिला पुरुष) विवरण उल्लेख गर्न<br>• गाउँपालिकामा रहेका जातजाति वितरण जनसंख्या( थारु,मधेशी यादव ब्राह्मण, क्षेत्री, मगर, लित) उल्लेख गर्न<br>• आफु बस्ने वडाको नक्सा कोर्ने अभ्यास र नक्सामा आफनो बस्ती, विद्यालय, वडा कार्यालय, मुख्य बाटाहरु भर्ने अभ्यास गर्न<br>• दंगिशरण गाउँपालिकामा रहेका शैक्षिक संस्थाहरुको विवरण वताउन |
| २ | **दंगिशरणका परम्परा तथा संस्कृतिहरु** | • दंगिशरणको सतिघाट मन्दिरको परिचय, इतिहास र महत्व बताउन<br>• ईद र किसमस वारे जानकारी दिन<br>• थारु, मगर ब्राम्हण क्षेत्री समुदायमा नाचिने सख्या, पैया, भुम्रा गित तथा नाचको परिचय महत्व बताउन | • हरितालिका तीज र श्रीकृष्ण जन्माष्टमीको पौराणिक महत्व र मनाउने तरिका<br>• लटठहवा र झुमरा नाँचको इतिहास, महत्व, लगाइने पोशाक र बजाइने बाजा र संरक्षणको आवश्यकता पहिचान गर्न<br>• बाघे चिरा लगायतका कृतिम हाइड्यामको परिचय दिन, महत्व र संरक्षणका |

| | | | |
|---|---|---|---|
| | | | उपायहरु पहिचान गर्न |
| ३ | **दंगिकरणवासीका पेशा, व्यवसाय, सिप र प्रविधि** | • लसुन, बेसार, सखरखण्ड, बदम, अदुवा खेतीमा सहयोग गर्न<br>• स्थानीय स्तरमा उत्पादित वस्तुहरुको (परालको गुन्द्री, चकटी, डोको, ढकिया, बिँडा, नाङ्लो(सुपेला), हँसिया, दाइँ लगाउने, बाबियोको डोरी बाट्ने, झौवा) को परिचय दिन<br>• परम्परागत कृषि औजार (हलो, जुवा, फरुवा, लिड्को, खोप) को चिनारी कृषि कार्यमा प्रयोग तथा महत्व बताउन | • स्थानीय परम्परागत पेसा व्यवसाय (गाईपालन, भेडापालन, बाखापालन, कुखुरापालन, भैंसिपालन, बंगुरपालन, खरायोपालन, हाँसपालन, टर्कीपालन) को परिचय दिन<br>• आलु, टमाटर, केरा, च्याउखेती, गुन्द्रुकको सामान्य परिचय दिन र महत्व बताउन |
| ४ | **मूल्यनिष्ठ शिक्षा, जीवनोपयोगी सिप, उद्घोषण कला र व्यबहारिक लेखन** | • समाज र राष्ट्रका असल मानिसहरुले गरेका कार्यहरुको चर्चा गर्न र उक्त कार्यको अनुसरण गर्ने सिप र आचरणको अभ्यास गर्न<br>• बोलेका कुराहरु र गरेका कुराहरुको सन्तुलत मिलाउने सिप र बानीको अभ्यास गर्न<br>• समाजको असल नागरिक हुनका लागि आवश्यक पर्ने सिप र स्वभावहरुको अभ्यास गर्न<br>• आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरुको श्रवण, अवलोकन, सिर्जना र अभ्यास गर्न<br>• बस्तीटोल र समाजमा उत्सव र चाडपर्वहरु मनाउदा ध्यान पुऱ्याउनु पर्ने कुराहरुको जानकारी दिन र अभ्यास गर्न<br>• जीवन र जगतका विषयवस्तु र घटनाहरुलाई सापेक्षिक रुपमा हेर्ने बानीको अभ्यास गर्न<br>• अरुमा भएका राम्रा कुराहरुको पहिचान, सम्मान र प्रसंशा गर्दै त्यस्ता आनीबानीहरुलाई जीवनमा निरन्तर अनुशरण गर्ने अभ्यास गर्न<br>• आफू खुशी हुने र अरुलाई पनि खुशी हुन सहयोग गर्ने सिपको परिचय दिन र अभ्यास गर्न<br>• परिवार र समाजका जेष्ठनागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने स्वभावको अभ्यास गर्न | • समाज र राष्ट्रका असल मानिसहरुले गरेका कार्यहरुको चर्चा र उक्त कार्यको अनुसरण गर्ने सिप र आचरणको अभ्यास गर्न<br>• थोरै बोल्ने, विस्तारै बोल्ने र मीठो बोल्ने स्वभावको अनुसरण गरी खुशी र सुखी हुने स्वभावको वर्णन एवम् अभ्यास गर्न<br>• परिवार र समाजको जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने स्वभाव र आचरणको परिचय दिन र अभ्यास गर्नुको साथै भबिष्य को योजना बनाउन<br>• आफूलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरुको श्रवण, अवलोकन, सिर्जना र प्रस्तुति गर्न<br>• बस्तीटोल र समाजमा उत्सव र चाडपर्वहरु मनाउदा सामाजिक सद्भावलाई ध्यान पुऱ्याउनु पर्ने कुराहरुको जानकारी दिन र अभ्यास गर्न<br>• जीवन र जगतका हरेक कुराहरुभित्र केही न केही असल कुरा हुने कुराको परिचय दिन, बोध गर्न र अभ्यास गर्न<br>• अरुमा भएका राम्रा कुराहरुको पहिचान, सम्मान र प्रसंशा गर्दै त्यस्ता आनीबानीहरुलाई जीवनमा निरन्तर अनुशरण गर्ने अभ्यास गर्न<br>• आफू खुशी हुने र अरुलाई पनि खुशी हुन सहयोग गर्ने सिपको परिचय र अभ्यास गर्न<br>• परिवार र समाजमका जेष्ठनागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने भावनाको वर्णन र अभ्यास गर्न |
| ५ | **सामाजिक संस्था, सामाजिक कार्य तथा सामाजिक व्यक्तित्वहरु र स्थानीय खेलहरु** | • सहकारी संस्थाको परिचय दिन र यसले गर्ने कामहरु भन्न<br>• सामुदायिक वन समूहको परिचय दिन र वन समूहले गर्ने काम भन्न<br>• आफ्नो टोल तथा वडामा रहेका सामुदायिक संस्थाहरुका नाम र काम भन्न<br>• वडामा रहेका स्वास्थ्य व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्यहरुको नाम भन्न | • वडामा रहेका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्यहरुको नाम भन्न<br>• वडा अध्यक्ष र सदस्यहरुको नाम भन्न<br>• खानेपानी उपभोक्ता संस्थाका बारेमा बताउन<br>• उपभोक्ता समितिहरुका बारेमा बताउन<br>• रेडक्रस तथा जुनियर रेडक्रस सर्कलको बारेमा बताउन<br>• नेपाल स्काउटका बारेमा बताउन |
| ६ | **विपत / फोहोर व्यबस्थापन तथा** | • सडक दूर्घटना, करेन्ट लाग्ने र करेन्टबाट समेत हुने आगलागी, डुबान (इनार, पानीटंकि, सेफ्टी टंकी, गोबरग्याँस, नाला) र भिरबाट | • हावाहुरी, चट्याङ्ग, बाढी, पहिरो, भू-क्षय, सर्पदंश र जङ्गली जनावरको आक्रमण आदिको पहिचान गर्न |

| | हरित विद्यालय | • लड्ने जस्ता प्रकोपको पहिचान गर्न<br>• विद्यालय आउँदा र घर जाँदा बाटोमा हुने जोखिम पहिचान गर्न<br>• विद्यालय आउँदा र घर जाँदा बाटोमा हुने जोखिमबाट साबधानी अपनाउन<br>• कक्षाकोठा, विद्यालय, घर र बाटोमा सडक दुर्घटना, करेन्ट लाग्ने र करेन्टबाट समेत हुने आगलागी, डुबानबाट बच्ने उपायहरू अवलम्बन गर्न<br>• कृत्रिम घटना अभ्यास गर्न | • घरभित्र हुने जोखिमहरू छत, बिजुली,भऱ्याङ्ग वा लिस्नो, बार्दली वा बरण्डा पहिचान गर्न<br>• घरभित्र हुने जोखिमहरूबाट बच्ने उपायहरु अवलम्बन गर्न<br>• कक्षाकोठा, विद्यालय, घर र बाटोमा हावाहुरी, चट्याङ्ग, पहिरो र बाढी, पहिरो, सर्प दंश र जङ्गली जनावरको आक्रमण आदिबाट बच्ने उपायहरू अवलम्बन गर्न<br>• कृत्रिम घटना अभ्यास गर्न |
|---|---|---|---|

## (ग) कक्षा ६ देखि कक्षा ८ सम्म

| क्र. स. | क्षेत्र/एकाइ | कक्षागत सिकाइ उपलब्धि | | |
|---|---|---|---|---|
| | | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| १ | दंगिशरणको परिचय तथा दंगिशरणका धार्मिक तथा पर्यटकिय स्थलहरु | • गाउँपालिकाको नक्सा कोर्न र नक्सामा आफनो बस्ती, विद्यालय, वडा कार्यालयहरु, मुख्य बाटाहरु भर्न<br>• वडाका निर्वाचित जनप्रतिनिधिहरु तथा तिनको जिम्मेवारी र वडा कार्यालयबाट प्रदान गरिने सेवा सुविधालाई प्रभावकारी बनाउने उपायहरु जानकारी दिन<br>• पालिका भित्र जनसङ्ख्याको उमेरगत अवस्थाको विश्लेषण गर्न<br>• वडा कार्यालयले शिक्षा, बालबालिका, युवा महिलाका लागि तय गरेका कार्यक्रमहरु जानकारी दिन<br>• दंगिशरण गाउँपालिकामा रहेका प्रमुख पर्यटकीय स्थलहरुको जानकारी दिन | • जिल्लाको नक्सा बनाइ र आफनो गाउँपालिका, मुख्य स्थानहरु, धार्मिक तथा पर्यटकीय स्थल, नदी, ताल समावेश गर्न<br>• गाउँपालिकाको शैक्षिक अवस्था एवम् नाका क्षेत्रमा मानवीय वस्तीको विगत तथा वर्तमान अवस्थाको जानकारी दिन<br>• गाउँपालिका भित्र रहेका सुरक्षा चौकी/ इकाईले प्रदान गर्ने सेवाहरु बताउन एवम् समग्र गाउँपालिकाबाट प्रदान गरिने सेवा सुविधालाई प्रभावकारी बनाउने उपायहरु बताउन<br>• गाउँपालिकाले शिक्षा, बालबालिका, युवा महिलाका लागि तय गरेका कार्यक्रमहरुको जानकारी दिन | • प्रदेशको नक्सा बनाइ आफनो जिल्ला, पालिका र त्यहाँका मुख्य स्थानहरु, धार्मिक तथा पर्यटकीय स्थल, नदी, ताल आदिको अवस्थितिको चित्रण गर्न<br>• बस्तीसभा बस्ने तरिका र गाउसभाका काम कर्तव्य र अधिकारको जानकारी दिन् ।<br>• गाउँपालिकामा भएको न्यायिक समितिको जिम्मेवारी र भूमिका बताउन<br>• एवम् गाउँपालिकाले जारी गरेका मुख्य ऐन नियमावलीहरुको संक्षिप्त जानकारी दिन<br>• दंगिशरण गाउँपालिकाका गौरवका आयोजनाहरुका बारेमा जानकारी दिन<br>• जिल्ला र प्रदेशस्तरमा दंगिशरण गाउँपालिकाको तुलनात्मक अवस्था (क्षेत्रफल, शिक्षा स्वास्थ्य, सम्पदा र आर्थिक गतिविधि) को जानकारी दिन |
| २ | दंगिशरणका परम्परा र संस्कृतिहरु | • देविस्थान मन्दिरक र दुर्गा मन्दिरको इतिहास र महत्व बताउन<br>• देविस्थान मन्दिर र दुर्गा मन्दिरको संरक्षण र विकास गर्ने उपायहरुको खोजी गर्न<br>• झयाउरे नाँचको परिचय दिन र यसको महत्व तथा इतिहास बताउन<br>• दंगिशरणका मानिसले लगाउने पोशाक र बजाइने बाजा र संरक्षणको आवश्यकता बताउन<br>• झरझरे र ज्यामिरे छहराको परिचय र महत्व बताउन | • मस्जिद र चर्चको परिचय दिन र महत्व बताउन<br>• संगारु नाँचको परिचय, इतिहास, महत्व, लगाइने पोशाक र बजाइने बाजा र संरक्षणका तरिका बताउन र सहभागी हुन<br>• आफ्नो व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर आफ्नो वडा, पालिका र समग्र मुलुकको हितका लागि काम गर्ने वडाका मानिसहरुको पहिचान र योगदानको चर्चा गर्न | • सांस्कृतिक सम्पदाको आर्थिक र सामाजिक महत्वको जानकारी दिन<br>• सामाजिक र आर्थिक विकाशमा कृषि वन र पर्यटन वन को भुमिका बताउन<br>• आफ्नो व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर आफ्नो वडा, पालिका र समग्र मुलुकको हितका लागि काम गर्ने पालिकाका कलाकार, खेलाडी, लेखक, साहित्यकार, सामाजिक अभियन्ता, सिमारक्षक नाकाबासी नागरिकहरुको पहिचान र योगदानको चर्चा गर्न |

| | | | | |
|---|---|---|---|---|
| | | • मिाघे संक्रान्तिको परिचय, महत्व र मनाउने तरीका र उक्त पर्वमा सहभागी हुन<br>• नागपञ्चमीको पौराणिक महत्व बताउन र मनाउने तरिकामा सहभागी हुन<br>• | | |
| ३ | **दंगिशरणबासीका पेशा, व्यवसाय र सिप तथा प्रविधि** | • भैंसिपालन/कुखुरापालनको महत्व र पालन गर्ने तरिका बताउन र उक्त कार्यमा सहयोग गर्न<br>• अन्नबालीहरुको खेती गर्ने तरिका बताउन र उक्त खेतीमा सहयोग गर्न<br>• तरकारी बालीको खेती गर्ने तरिका बताउन र खेती कार्यमा सहयोग गर्न<br>• हस्त निर्मित सामग्रीहरु ढकिया, बिँडा र परालको गुन्द्री बनाउने तरीका बताउन र निर्माण गर्न<br>• व्यवसायिक कृषिको परिचय दिन, कृषि पकेट क्षेत्र र यसको महत्व बताउन<br>• कृषि पेशा र व्यवसायको आवश्यकता र महत्व बताउन | • बाखापालन/भेडापालनको महत्व र पालन गर्ने तरिका बताउन र उक्त कार्यमा सहयोग गर्न<br>• दलहन बालीको खेती गर्ने तरिका बताउन र उक्त खेती गर्ने कार्यमा सहयोग गर्न<br>• तरकारी खेती गर्ने तरिका बताउन र उक्त खेती कार्यमा सहयोग गर्न<br>• हस्त निर्मित सामग्री झौवा, नाङ्लो, बाबियोको डोरी बाट्ने तरिका बताउन र निर्माण गर्न<br>• दंगिशरणका प्रमुख व्यावसायिक पशुपालन केन्द्रहरुको पहिचान गर्न<br>• दंगिशरण गाउँपालिकाले पशुपालन र कृषि क्षेत्रको प्रबर्धन, सहयोग र सम्बर्धनको लागि गाउँपालिकाले तय गरेका कार्यक्रमको जानकारी दिन | • गाईपालन/बंगुरपालन/टर्कीपालनको महत्व र पालन गर्ने तरिका बताउन र उक्त कार्यमा सहयोग गर्न<br>• बेमौसमी तरकारी खेती गर्ने तरिका बताउन र उक्त खेतीमा सहयोग गर्न<br>• नगदेबाली खेती गर्ने तरिका बताउन र उक्त कार्यमा सहयोग गर्न<br>• हस्त निर्मित सामग्री : डोको, छिटोनी, चकटी बुन्ने तरिका बताउन र निर्माण गर्न<br>• हस्त निर्मित सामग्रीहरुको प्रदर्शनी गर्न<br>• जिल्ला स्तरमा दंगिशरण गाउँपालिकाको कृषि र पशुपालको क्षेत्रमा भएका विकासात्मक अवस्थाको तुलना गर्न<br>• स्थानीय क्षेत्रमा कृषिको महत्व र योगदान पहिचान गर्न |
| ४ | **मूल्यनिष्ठ शिक्षा, जीवनोपयोगी सिप, बोल्ने कला र व्यबहारिक लेखन** | • थोरै बोल्ने, विस्तारै बोल्ने, मीठो बोल्ने स्वभावको अनुसरण गर्दै खुसी र सुखी हुने बानीको अभ्यास गर्न<br>• आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी निश्चित लक्ष्यका साथ समाज र राष्ट्रको जिम्मेवार नागरिक भइ अघि बढ्ने क्षमताको अभ्यास गर्न<br>• गीत, सङ्गीत र नृत्यहरुमा सक्रिय रुपमा सहभागी हुन र सिर्जना गर्ने सिप र कलाको अभ्यास गर्न<br>• स्थानीयस्तरका प्रमुख धर्महरुको बारेमा सङ्क्षिप्त परिचय दिन<br>• स्थानीयस्तरमा उत्सव र चाडपर्वहरु मनाउदा सामाजिक सद्भावलाई ध्यान पुऱ्याउनु पर्ने कुराहरुको जानकारी दिन र अभ्यास गर्न<br>• जीवन र जगतलाई सकारात्मक किसिमले सोच्ने सिप र वानीको अभ्यासका साथै खुसी र सन्तुलित | • थोरै बोल्ने, विस्तारै बोल्ने, मीठो बोल्ने र अरुका कुरा ध्यान दिएर सुन्ने स्वभावको अनुसरण गर्दै खुशी र सुखी हुने बानीको अभ्यास गर्न<br>• आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी निश्चित लक्ष्यका साथ समाज र राष्ट्रको जिम्मेवार नागरिक भइ अघि बढ्ने क्षमताको अभ्यास र अनुसरण गर्न<br>• गीत, सङ्गीत र नृत्यहरुमा सक्रिय रुपमा सहभागी हुने सिप र कलाको अभ्यास एवम् प्रस्तुत गर्न<br>• स्थानीयस्तरका प्रमुख धर्म र तिनका प्रणेताहरुको बारेमा सङ्क्षिप्त परिचयका साथै स्थानीयस्तरमा उत्सव र चाडपर्वहरु मनाउदा सामाजिक सद्भावलाई ध्यान | • थोरै बोल्ने, विस्तारै बोल्ने, मीठो बोल्ने र अरुका कुरा ध्यान दिएर सुन्ने स्वभावको अनुसरण गर्दै खुसी र सुखी हुने बानीको अभ्यास गर्न<br>• आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी निश्चित लक्ष्य भबिष्य को योजना बनाउन र प्रतिबद्धताका साथ समाज र राष्ट्रको जिम्मेवार नागरिक भइ अघि बढ्ने क्षमताको अभ्यास, अनुसरण र प्रदर्शन गर्न<br>• गीत, सङ्गीत र नृत्यहरुको सिर्जना एवम त्यस्ता क्रियाकलापमा सक्रिय रुपमा सहभागी हुने सिप र कलाको अभ्यास र प्रस्तुति गर्न<br>• स्थानीयस्तरका प्रमुख धर्महरुको मूल मर्मका बारेमा संक्षिप्त परिचयका साथै स्थानीयस्तरमा उत्सव र चाडपर्वहरु मनाउदा सामाजिक सद्भावलाई ध्यान पुऱ्याउनु पर्ने कुराहरुको जानकारी दिन र अभ्यास गर्न |

| | | | | |
|---|---|---|---|---|
| | | जीवनका विविध पक्षहरुको जानकारी दिन र अनुसरण गर्न<br>• अरुमा भएका राम्रा कुराहरुको पहिचान, सम्मान र प्रसंशा गर्दै त्यस्ता आनीबानीहरुको जीवनमा निरन्तर अनुशरण गर्ने अभ्यास गर्न<br>• योग र ध्यान (सर्वाङ्गीण व्यायाम, प्रणव ध्यान, उद्गीथ प्रणायाम, अनुलोम विलोम प्रणायाम, उर्ध्वताडासन, कोणासन) लाई स्वस्थ र खुशी हुनका लागि अभ्यास र प्रयोग गर्न<br>• श्रम र सिर्जनाको सम्मान  र अभ्यास गर्ने बानीको विकास गर्न<br>• परिवार र समाजका जेष्ठनागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने भावनाको वर्णन र अभ्यास गर्न | पुऱ्याउनु पर्ने कुराहरुको जानकारी दिन र अभ्यास गर्न<br>• जीवन र जगतलाई सकारात्मक किसिमले सोच्ने सिप र वानीको अभ्यास एवम प्रस्तुतिका साथै खुसी र सन्तुलित जीवनका विविध पक्षहरुको जानकारी र  प्रयोग बताउन तथा अनुसरण गर्न<br>• अरुमा भएका राम्रा कुराहरुको पहिचान, सम्मान र प्रसंशा गर्दै त्यस्ता आनीबानीको जीवनमा अनुशरण गर्ने अभ्यासका साथै आफू खुशी हुने र अरुलाई पनि खुशी हुन प्रेरित गर्ने सिप र  कलाको अभ्यास गर्न<br>• श्रम र सिर्जनाको सम्मान  र अभ्यास गर्ने बानीको विकास गर्न<br>• घरपरिवार र समाजका जेष्ठ नागरिक लगायत असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने सिप र भावनाको अभ्यास गर्न | • जीवन र जगतलाई सकारात्मक किसिमले सोच्ने सिप र वानीको अभ्यास एवम प्रस्तुतिका साथै जीवनलाई खुसी र सन्तुलित बनाउनका लागि आवश्यक पर्ने विविध पक्षहरुको जानकारी र प्रयोग बताउन तथा अनुसरण गर्न<br>• अरुमा भएका राम्रा कुराहरुको पहिचान, सम्मान र प्रसंशा गर्दै त्यस्ता स्वभावहरुको जीवनमा निरन्तर अभ्यास र  अनुशरणका साथै आफू खुशी हुने र अरुलाई पनि खुशी हुन प्रेरित गर्ने सिप र  कलाको अभ्यास र अनुसरण गर्न<br>•  पूर्वीय दर्शन, हाम्रा असल आचरण, संस्कार र मूल्य एवम् मान्यताहरुको विश्लेषण र अनुशरण गर्न<br>• श्रम र सिर्जनाको सम्मान  र अभ्यास गर्ने बानीको विकास गर्न<br>• घरपरिवार र समाजका जेष्ठनागरिक एवम् असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने सिप र भावनाको अभ्यास  एवम् अनुसरण लगायत हाम्रा पुर्खा, वंश तथा गोत्रको पहिचान गर्दै यसको महत्व बताउन र उपादेयताको बारेमा जानकारी  दिन |
| ५ | **सामाजिक संस्था, सामाजिक कार्य तथा सामाजिक व्यक्तित्वहरु र स्थानीय खेलहरु** | •  पुस्तकालयको बारेमा बताउन<br>• सिकाई केन्द्रहरुका  बारेमा बताउन<br>• दंगिशरणमा क्रियाशील साहित्यीक संघसंस्थाका बारेमा बताउन<br>• वडा तथा गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरुको बारेमा बताउन<br>• वडा तथा गाउँपालिकामा स्वास्थ्य संस्था स्थापनामा विशेष भूमिका खेल्ने व्यक्तिहरु | • दंगिशरणको पहिलो शैक्षिक संस्थाका बारेमा बताउन<br>• दंगिशरणको पहिलो उच्च शिक्षालय सिद्धपृथ्वी क्याम्पसका बारेमा बताउन<br>• दंगिशरणका अन्य मुख्य शैक्षिक संस्थाहरु<br>• दंगिशरणका शैक्षिक संस्थाहरु स्थापनामा विशेष भूमिका खेल्ने व्यक्तित्वहरु | • दंगिशरणको प्राथमिक स्वास्थ्य केन्द्र श्रीगाउँका बारेमा बताउन<br>• दंगिशरणको बिकासमा भूमिका खेल्ने व्यक्तिहरुका बारेमा बताउन<br>• दंगिशरणका प्रमुख तथा उपप्रमुख तथा दंगिशरणबाट संघ तथा प्रदेशमा निर्बाचित जनप्रतिनिधिहरुका बारेमा बताउन |
| ६ | **विपत / फोहोर व्यबस्थापन तथा हरित विद्यालय** | • महामारीको परिचय दिन<br>• महामारीका प्रकारहरूको परिचय दिन (कोभिड, बर्ड फ्लू, डेङ्गु र झाडापखाला)<br>• अपाङ्गता भएका व्यक्तिहरूलाई विपदबाट हुने जोखिम पहिचान गर्न<br>• अपाङ्गता भएका व्यक्तिहरूलाई विपदबाट हुने जोखिमबाट सुरक्षित राख्न विद्यार्थीको भूमिका बताउन<br>• डढेलो, आगलागी, भूक्षय, बाढी, सर्प दंश, जङ्गली जनावरको आक्रमण, विषालु च्याउ लगायत | • भूकम्प र सुरक्षित घरको लागि पूर्वतयारी ( संरचनात्मक र गैरसंरचनात्मक सुरक्षा) को जानकारी दिन<br>• सुरक्षित घरको लागि विद्यार्थीको भूमिका बताउन<br>• यात्राको समयमा साइकल, स्कुटर वा मोटरसाइकल, सार्बजनिक सवारी, भ्रमणबाट हुने जोखिम पहिचान गर्न<br>• सडक दुर्घटनाबाट साबधानी हुन<br>• कोभिड, बर्ड फ्लू, डेङ्गु र झाडापखाला | • सुरक्षित विद्यालय अवधारणा<br>• भूकम्प र सुरक्षित विद्यालयको लागि पूर्वतयारी र विद्यार्थीको भूमिका (संरचनात्मक र गैरसंरचनात्मक सुरक्षा) बताउन<br>• भूकम्पबाट हुने जोखिम न्यूनिकरणका लागि विद्यालय र समुदायको भूमिका<br>• सुरक्षित विद्यालयको लागि विद्यार्थीको भूमिका पहिचान गर्न<br>• विश्वका प्रमुख महामारीहरू प्लेग, फ्लू, एचआईभी एड्स र कोभिड १९) को परिचय दिन र यसबाट |

| | | | | |
|---|---|---|---|---|
| | | विषजन्य पदार्थ आदिबाट हुने दुर्घटना रोकथामका लागि पूर्व तयारी गर्ने तरिका बताउन र सावधानी अपनाउन<br>• बिपदबाट जोगिने कृत्रिम घटनाका अभ्यास गर्न | रोकथामका लागि पूर्व तयारी गर्ने तरिका बताउन र अपनाउन<br>• कोभिड, बर्ड फ्लू, डेङ्गु र झाडापखाला नियन्त्रणका लागि विद्यालय र समुदायको भूमिका पहिचान गर्न | बच्ने उपायहरु बताउन<br>• महामारीहरुबाट विश्व समुदायमा भएका सिकाइ पहिचान गर्न<br>• विपद्को सामूहिक प्रतिकार्यका उपायहरू बताउन<br>• विपद्को सामूहिक प्रतिकार्यमा विद्यार्थीको भूमिका बताउन |

## ५. विषयवस्तुको क्षेत्र क्रम, सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप र मूल्याङ्कन विधि तथा प्रक्रिया  कक्षा १

| क्षेत्र/थिम | मुख्य विषयवस्तु | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|
| **दंगिशरणको परिचय तथा धार्मिक पर्यकिय स्थलहरु** | • हाम्रो घर | • चित्र एवं श्रव्यदृश्य सामग्री देखाउँदै घरका मुख्य मुख्य अंगहरु चिनाउने ।<br>• घरको आकारका बारेमा छलफल गराउने ।<br>• तपाईको घरमा के के छ भनेर घरको सम्झना गराउने ।<br>• घरबन्न चाहिने वस्तुको बारेमा छलफल गराउने ।<br>• बाहिरबाट हेर्दा घरमा के के देखिन्छ भन्दै सोध्दै घरका मुख्य मुख्य अंगहरु बताउने ।<br>• घरको चित्र देखाई घर बनाउन लगाउने ।<br>• अभ्यास गराउदै घरमा बारेमा विस्तृत जानकारी दिने ।<br>• घर गाउँपालिकाको सबै भन्दा सानो एकाइको रुपमा चिनाउने गरी व्याख्या गर्ने । | • घरका मुख्य मुख्य अंग के हुन भनेर सोध्ने<br>• घरको चित्र कोर्न लगाउने<br>• खेलका माध्यमबाट सोध्ने<br>• घरको चित्र बनाउन लगाई घरका मुख्य मुख्य भाग के के हुन् चित्र बनाएर देखाउन लगाउने | ५ |
| | • हाम्रो परिवार | • शिक्षकले विद्यार्थीहरुलाई खेल खेलौ भन्दै हामी कक्षामा को को छौ रे भनेर कक्षाको सुरुवात गर्ने ।<br>• विद्यार्थीले भनेको कुरा टिपोट गर्दै यो हाम्रो विद्यालयको १ कक्षाको परिवार हो भन्ने ।<br>• तपाईको परिवारमा को को सदस्य हुनुहुन्छ भनेर विद्यार्थीहरुलाई सोध्ने । विद्यार्थीले भनेको कुरा बोर्डमा ठुला अक्षरले टिपोट गर्ने । विद्यार्थीले भनेकै कुरालाई आधार मानेर परिवारमा हुने सदस्यहरु भन्ने ।<br>• परिवार बन्नलाई को को चाहिने रहेछ भनेर विद्यार्थीलाई सोधेर तयार गरिएको सूची देखाउदै हाम्रो परिवारको बारेमा बताउने । | • घरको परिवारमा भएका सदस्यहरुको नाम भन्न लगाएर<br>• साथीको परिवारमा भएका सदस्यहरुको नाम भन्न लगाएर<br>• मामाघरको परिवारका सदस्यहरुको सूची बनाउन लगाएर | ५ |
| | • करेसाबारी | • आफ्नो घरको वरिपरि के के हुन्छ भनि विद्यार्थीलाई सोधेर कक्षाको सुरुवात गर्ने ।<br>• घरमा तयार गरेर लगेको करेसाबारीको चित्र देखाउने<br>• तपाईको घरमा यस्तै करेसाबारी छ कि छैन भनेर सोध्ने<br>• विद्यार्थीबाट आएका कुरामा थपथाप गर्दै आफूले बनाएको चित्रमा छुटेका कुरा पनि करेसाबारीमा हुन्छन भनेर सुनाउने<br>• विद्याथीलाई कक्षाकोठामै तपाईको घरको करेसाबारीको चित्र कोर्न लगाउने । | • करेसाबारी भनेको के हो भनेर सोधेर<br>• करेसाबारीमा के के हुन्छ भन्ने सोधेर<br>• करेसाबारीको चित्र बनाउन लगाएर | ५ |
| | • फुलबारी | • घर तथा बिद्यालय परिसरमा रहेका फुलहरु देखाउदै फुलहरु रहेको स्थानलाई फुलबारी भन्छन भनेर जानकारी दिने ।<br>• घर तथा बिद्यालय वरपरको फुलबारीलाई चित्र तथा भिडियोका माध्यमबाट पनि चिनाउन सकिन्छ । | • फुलबारी केलाई भनिन्छ भनेर सोध्ने ।<br>• घर तथा बिद्यालय परिसरमा रहेका फुलबारी देखाउन लगाउने । | ५ |
| | • रमणिय स्थलहरु | • चित्र एवं श्रव्यदृश्य सामग्रीको माध्यमबाट विद्यालय वरपरका केही रमणीय स्थलहरु प्रदर्शन गर्ने ।<br>• बिद्यार्थीहरुलाई रमणिय स्थल हरुको नाम भन्न लगाई उनीहरुले भनेका रमणिय स्थलहरुको सूची टिप्दै जाने ।<br>• विद्यार्थीहरुले भनेका र चित्र एवम् श्रव्य दृश्य सामग्रीका | • आफ्नो गाउँपालिकामा भएका रमणिय स्थलहरुको नाम भन्न लगाएर । | ८ |

| | | | | |
|---|---|---|---|---|
| | | माध्यमबाट देखाइएका रमणीय स्थलहरुको सूची बनाएर हाम्रो गाउँटोलमा भएका रमणीय स्थलहरुको चिनारी गराउने । | • रमणिय स्थलहरुको चित्र कोर्ने अभ्यास गराएर । | |
| | • धार्मिक स्थलहरु | • चित्र एवं श्रव्यदृश्य सामग्रीको माध्यमबाट विद्यालय वरपरका धार्मिक स्थलहरु प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई आफ्नो गाउँटोलमा भएका धार्मिक स्थलहरुको नाम भन्न लगाउने र उनीहरुले भनेका धार्मिक स्थलहरुको सूची टिप्दै जाने ।<br>• विद्यार्थीहरुले भनेका र चित्र एवम् श्रव्य दृश्य सामग्रीका माध्यमबाट देखाइएका धार्मीक स्थलहरुको सूची बनाएर हाम्रो गाउँटोलमा भएका धार्मिक स्थलहरुको चिनारी गराउने । | • आफ्नो वडा गाउँपालिका जिल्ला मा भएका धार्मिक स्थलहरुको नाम भन्न लगाएर ।<br>• धार्मिक स्थलहरुको चित्र कोर्ने अभ्यास गराएर । | ७ |
| **क्षेत्र/थिम** | **मुख्य विषयवस्तु** | **सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया** | **कार्य घन्टा** |
| **दंगिशरणका परम्परा र संस्कृतिहरु ३५** | • खानाका परिकार (सबै प्रकारका ) | • शिक्षकले विद्याथीहरुलाई आज पढ्ने पाठको बारेमा जानकारी दिई आफूले घरबाट लगेको गाउँघरमा प्रचलित खानाका परिकार पाठसँग सम्बन्धित शैक्षिक सामग्रीको चार्ट, अडियो भिडियो क्लिप आदिलाई कक्षामा प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई तिमीहरुको घरमा चाडबाडमा प्रचलित खानाका के के परिकारहरु थाहा पाएका छौं भनेर सोध्ने र उनीहरुबाट आएका कुराहरुलाई टिपोट गर्ने ।<br>• आफूले प्रदर्शन गरेको शैक्षिक सामग्री र विद्यार्थीबाट आएका कुराहरुमा तुलना गर्दै खानाका परिकारहरुको सामान्य परिचय, यसको महत्व तथा फाइदाका बारेमा बताउने । | • आफ्नो घर तथा छिमेकीको घरमा पकाइने खानाका परिकारहरुको नामहरु सोधेर<br>• आफूले प्रत्यक्ष वा चित्रमा देखेका खानाका परिकारका चित्र बनाउन लगाएर | ७ |
| | • थारु समुदायका खानाका परिबार ढिक्री | • शिक्षकले विद्याथीहरुलाई आज पढ्ने पाठको बारेमा जानकारी दिई आफूले घरबाट लगेको थारु समुदायमा प्रचलित खानाका परिकार पाठसँग सम्बन्धित शैक्षिक सामग्रीको चार्ट, अडियो भिडियो क्लिप आदिलाई कक्षामा प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई तिमीहरुले थारु समुदायमा प्रचलित खानाका के के परिकारहरु थाहा पाएका छौं भनेर सोध्ने र उनीहरुबाट आएका कुराहरुलाई टिपोट गर्ने ।<br>• आफूले प्रदर्शन गरेको शैक्षिक सामग्री र विद्यार्थीबाट आएका कुराहरुमा तुलना गर्दै थारु समुदायमा प्रचलित खानाका परिकारहरुको सामान्य परिचय, यसको महत्व तथा फाइदाका बारेमा बताउने । | • आफ्नो घर तथा छिमेकीको घरमा पकाइने थारु समुदायसँग सम्बन्धित परिकारहरुको नाम भन्न लगाएर<br>• आफूले प्रत्यक्ष वा चित्रमा देखेको थारु समुदायमा प्रचलित परिकारका चित्र कोर्न लगाएर | ७ |
| | • बर्‍या, चुनी बर्‍या | • शिक्षकले विद्याथीहरुलाई आज पढ्ने पाठको बारेमा जानकारी दिई आफूले घरबाट लगेको दंगिशरणमा प्रचलित बर्‍या, चुनी बर्‍या खानाका परिकार पाठसँग सम्बन्धित शैक्षिक सामग्रीको चार्ट, अडियो भिडियो क्लिप आदिलाई कक्षामा प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई तिमीहरुले बर्‍या, चुनी बर्‍या खानाका परिकार बारेमा के थाहा पाएका छौं भनेर सोध्ने र | • आफ्नो घर तथा छिमेकीको घरमा पकाइने बर्‍या, चुनी बर्‍या परिकारहरु के बाट बनाईन्छ भन्ने सोधेर<br>• आफूले प्रत्यक्ष वा | ६ |

| | | | | |
|---|---|---|---|---|
| | | उनीहरुबाट आएका कुराहरुलाई टिपोट गर्ने ।<br>• आफूले प्रदर्शन गरेको शैक्षिक सामग्री र विद्यार्थीबाट आएका कुराहरुमा तुलना गर्दै दंगिशरणमा प्रचलित बर्‍या, चुनी बर्‍या परिकारहरुको सामान्य परिचय, यसको महत्व तथा फाइदाका बारेमा बताउने । | चित्रमा देखेको बर्‍या, चुनी बर्‍या परिकारको चित्र बनाउन लगाएर | |
| | • हलुवा<br>• खीर | • शिक्षकले विद्याथीहरुलाई आज पढ्ने पाठको बारेमा जानकारी दिई आफूले घरबाट लगेको हलुवा तथा खीरको परिकार पाठसँग सम्बन्धित शैक्षिक सामग्रीको चार्ट, अडियो भिडियो क्लिप आदिलाई कक्षामा प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई तिमीहरुले हलुवा खीरका परिकारहरु थाहा पाएका छौ भनेर सोध्ने र उनीहरुबाट आएका कुराहरुलाई टिपोट गर्ने ।<br>• आफूले प्रदर्शन गरेको शैक्षिक सामग्री र विद्यार्थीबाट आएका कुराहरुमा तुलना गर्दै हलुवा र खीर परिकारको सामान्य परिचय, यसको महत्व तथा फाइदाका बारेमा बताउने । | • विद्यार्थीलाई आफूले प्रत्यक्ष वा चित्रमा देखेको हलुवा तथा खीर परिकारका बारेमा थाहा पाएको कुरा भन्न लगाएर | ६ |
| | • क्वाटी परिकार | • शिक्षकले विद्याथीहरुलाई आज पढ्ने पाठको बारेमा जानकारी दिई आफूले घरबाट लगेको क्वाटीका परिकार परिकार पाठसँग सम्बन्धित शैक्षिक सामग्रीको चार्ट, अडियो भिडियो क्लिप आदिलाई कक्षामा प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई तिमीहरुले क्वाटी परिकारका के के परिकारहरु थाहा पाएका छौ भनेर सोध्ने र उनीहरुबाट आएका कुराहरुलाई टिपोट गर्ने ।<br>• आफूले प्रदर्शन गरेको शैक्षिक सामग्री र विद्यार्थीबाट आएका कुराहरुमा तुलना गर्दै क्वाटी परिकारहरुको सामान्य परिचय, यसको महत्व तथा फाइदाका बारेमा बताउने ।<br>• बिद्यालयमा भएका शिक्षक शिक्षिका तथा समुदायमा क्वाटी बनाउन जान्ने अबिभावकलाई कक्षा कोठामै आमन्त्रण गरेर कक्षामा आमन्त्रण गरी क्वाटीका परिकारहरु बनाउन लगाई बिद्यार्थीलाई देखाउने ख<br>• कक्षामा इन्टरनेट उपलब्ध भएको अवस्थामा गुगल सर्च मार्फत क्वाटी बनाउने तरिकाको भिडियो प्रदर्शन गरेर | • आफूले प्रत्यक्ष देखेका वा सुनेका क्वाटी परिकारका परिकारहरुका नामहरु सोधेर<br>• भिडियो सर्च गर्न लगाई क्वाटी वनाउने तरिकाको भिडियो पत्ता लगाउन भनेर | ४ |
| | खिचडी<br>• स्थानीय दहि चिउरा | • शिक्षकले विद्याथीहरुलाई आज पढ्ने पाठको बारेमा जानकारी दिई आफूले घरबाट लगेको खिचडी तथा दहि चिउरा परिकार पाठसँग सम्बन्धित शैक्षिक सामग्रीको चार्ट, अडियो भिडियो क्लिप आदिलाई कक्षामा प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई तिमीहरुले खिचडी तथा दहि चिउरा परिकारबारे के थाहा पाएका छौ भनेर सोध्ने र उनीहरुबाट आएका कुराहरुलाई टिपोट गर्ने ।<br>• आफूले प्रदर्शन गरेको शैक्षिक सामग्री र विद्यार्थीबाट | • आफूले प्रत्यक्ष देखेका वा सुनेका खिचडी तथा दहि चिउरा परिकारका बारेमा सोधेर<br>• भिडियो सर्च गर्न लगाई खिचडी तथा दहि चिउरा परिकार वनाउने तरिकाको | ६ |

| | | | | |
|---|---|---|---|---|
| | | आएका कुराहरुमा तुलना गर्दै खिचडी तथा दहि चिउरा परिकारहरुको सामान्य परिचय, यसको महत्व तथा फाइदाका बारेमा बताउने ।<br>• बिद्यालयमा भएका शिक्षक शिक्षिका तथा समुदायमा खिचडी तथा दहि चिउरा परिकार बनाउन जान्ने अबिभावकलाई कक्षा कोठामै आमन्त्रण गरेर कक्षामा आमन्त्रण गरी खिचडी तथा दहि चिउरा परिकार बनाउन लगाई बिद्यार्थीलाई देखाउने ।<br>• कक्षामा इन्टरनेट उपलब्ध भएको अवस्थामा गुगल सर्च मार्फत क्वाटी बनाउने तरिकाको भिडियो प्रदर्शन गरेर | भिडियो पत्ता लगाउन भनेर | |
| **क्षेत्र/थिम** | **मुख्य विषयवस्तु** | **सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया** | **कार्य घन्टा** |
| **पेसा, व्यवसाय र सीप**<br>**२५** | • पेसा | • दंगिशरण गाउँपालिकाका मानिसले गर्ने विभिन्न पेसा तथा व्यवसायहरुको बारेमा चित्र तथा भिडियोद्धारा देखाउने र पेसा र व्यवसायको परिचय दिने<br>• विद्यार्थीहरुलाई उनीहरुका परिवारका सदस्यहरुले गर्ने पेसा तथा व्यवसायहरु बताउन लगाउने | • परिवारका सदस्यले गर्ने पेसा र व्यवसायको नाम बताउन लगाएर | **५** |
| | • कृषि पेसा | • चित्र वा भिडियोद्धारा हाम्रा कृषि पेसा तथा कृषि पेसामा प्रयोग हुने औजारका चित्रहरु प्रदर्शन गरेर नाम भन्न लगाउने ।<br>• विद्यार्थीहरुलाई आफ्नो घर तथा छिमेकीको घरमा प्रयोग हुने कृषि पेसासँग सम्बन्धित कुराहरु तथा औजारहरुको नाम भन्न लगाउने ।<br>• शिक्षकले तयार गरेको कृषि पेसामा प्रयोग हुने औजारसँग सम्बन्धित औजार र विद्यार्थीबाट आएका नामको तुलना गर्दै औजारहरुको चिनारी र कामबारे बताउने | • कृषि पेसा तथा कृषि पेसामा प्रयोग हुने औजारहरुको नाम भन्न लगाएर<br>• कुन कृषि पेसामा कुन औजार के काममा प्रयोग गरेका छौ भनी सोधेर | **५** |
| | • अन्न बाली | • चित्र वा भिडियोद्धारा हाम्रा घर तथा छिमेकमा उत्पादन हुने अन्न बालीका चित्रहरु प्रदर्शन गरेर नाम भन्न लगाउने ।<br>• विद्यार्थीहरुलाई आफ्नो घर तथा छिमेकीको घरमा प्रयोग अन्न बालीका नामहरु र तीतिहरुको उपयोगका बारेमा भन्न लगाउने ।<br>• शिक्षकले तयार गरेको अन्नबाली र विद्यार्थीबाट आएका अन्नबालीका नाम तथा कामको नामको तुलना गर्दै अन्नबालीको परिचय तथा कामबारे बताउने | • अन्नबालीका नामहरु भन्न लगाएर<br>• आफ्नो घर तथा छिमेकमा उत्पादन हुने अन्नबालीका नाम र तीनलाई कहिले कसरी उपयोग गरिन्छ सोधेर | **५** |
| | • दलहन बाली | • चित्र वा भिडियोद्धारा हाम्रा घर तथा छिमेकमा उत्पादन हुने दलहन बालीका चित्रहरु प्रदर्शन गरेर नाम भन्न लगाउने ।<br>• विद्यार्थीहरुलाई आफ्नो घर तथा छिमेकीको घरमा प्रयोग दलहन बालीका नामहरु र तीतिहरुको उपयोगका बारेमा भन्न लगाउने ।<br>• शिक्षकले तयार गरेको अन्नबाली र विद्यार्थीबाट आएका दलहन नाम तथा कामको नामको तुलना गर्दै दलहन बालीको परिचय तथा कामबारे बताउने | • दलहनबालीका नामहरु भन्न लगाएर<br>• आफ्नो घर तथा छिमेकमा उत्पादन हुने दलहनबालीका नाम र तीनलाई कहिले कसरी उपयोग गरिन्छ सोधेर | **५** |
| | • तरकारी | • चित्र वा भिडियोद्धारा हाम्रा घर तथा छिमेकमा उत्पादन | • तरकारी बालीका | **५** |

| | | | | |
|---|---|---|---|---|
| | बाली | हुने तरकारी बालीका चित्रहरु प्रदर्शन गरेर नाम भन्न लगाउने ।<br>• विद्यार्थीहरुलाई आफ्नो घर तथा छिमेकीको घरमा प्रयोग तरकारी बालीका नामहरु र तीतिहरुको उपयोगका बारेमा भन्न लगाउने ।<br>• शिक्षकले तयार गरेको अन्नबाली र विद्यार्थीबाट आएका तरकारी बालीका नाम तथा कामको नामको तुलना गर्दै तरकारीबालीको परिचय तथा कामबारे बताउने | नामहरु भन्न लगाएर<br>• आफ्नो घर तथा छिमेकमा उत्पादन हुने तरकारी बालीका नाम र तीनलाई कहिले कसरी उपयोग गरिन्छ सोधेर | |
| **क्षेत्र/थिम** | **मुख्य विषयवस्तु** | **सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया** | **कार्य घन्टा** |
| **मूल्य शिक्षा, जीवन उपयोगी सीप, बोल्ने कला, व्यवहारिक लेखन २५** | • मेलमिलाप | • मेलमिलापसँग सम्बन्धित चित्र तथा श्रव्यदृश्य सामग्री दखाउने<br>• विद्यार्थीलाई घर र विद्यालयमा कसरी मिलेर बस्न सकिन्छ भनेर छलफल तथा अभ्यास गर्न लगाउने ।<br>• विद्यार्थीले भनेका कुराको टिपोट गर्ने<br>• विद्यार्थीले मेलमिलापबारे अभिनय अभ्यास गरेका कुरा अरुलाई हेर्न बुझ्न भन्ने ।<br>• शिक्षकले शैक्षिक सामग्रीको रुपमा मेलमिलामका बारेमा बनाएका सामग्री र विद्यार्थीले भनेका गरेका कुरालाई तुलना गर्न लगाउन । | • कक्षाकोठामै मिलेर बसेको मेलमिलाप अभ्यास गर्न लगाएर<br>• मिलेर बस्दा हुने फाइदा भन्न लगाएर | ७ |
| | • असल बानी | • शिक्षकले असल बानीका बारेमा तयार गरेको शैक्षिक सामग्री प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई असल बानी के हो भन्न लगाउदै शिक्षकले बोर्डमा असल बानीका सूचीहरु बनाउदै जाने ।<br>• शिक्षकले तयार गरेको शैक्षिक सामग्री र विद्यार्थीले बनाएको सूचीको तुलना गर्दै छलफल गराउदै जाने | • असल बानीहरु भन्न लगाउने<br>• असल बानीको कुनै एक अभ्यास गर्न लगाएर | ६ |
| | • खुशी मान्छे | • शिक्षकले सहयोगी भावना तथा खुशीका बारेमा तयार गरेको शैक्षिक सामग्री प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई खुशी के हो भन्न लगाउदै शिक्षकले बोर्डमा विद्यार्थीले भनेका कुराको सूचीहरु बनाउदै जाने ।<br>• शिक्षकले तयार गरेको शैक्षिक सामग्री र विद्यार्थीले बनाएको सूचीको तुलना गर्दै छलफल गराउदै जाने | • खुशीका बारेमा विद्यार्थीलाई भन्न लगाएर<br>• सहयोग गरेको तथा खुशी भएको अभिनय गर्न लगाएर | ६ |
| | • सहयोग गर्ने बानी | • शिक्षकले सहयोगी भावना तथा खुशीका बारेमा तयार गरेको शैक्षिक सामग्री प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई सहयोग गर्ने बानी के हो भन्न लगाउदै शिक्षकले बोर्डमा विद्यार्थीले भनेका कुराको सूचीहरु बनाउदै जाने ।<br>• शिक्षकले तयार गरेको शैक्षिक सामग्री र विद्यार्थीले बनाएको सूचीको तुलना गर्दै छलफल गराउदै जाने | • सहयोग गर्ने बानीका बारेमा विद्यार्थीलाई भन्न लगाएर<br>• सहयोग गरेको अभिनय गर्न लगाएर | ६ |
| **क्षेत्र/थिम** | **मुख्य विषयवस्तु** | **सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया** | **कार्य घन्टा** |
| **सामाजिक कार्य, सामाजिक** | बुवा आमा | • शिक्षकले बुवा आमाका बारेमा तयार गरेको शैक्षिक सामग्री चार्ट, भिडियो वा टिपोट प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई बुवा आमाका बारेमा भन्न लगाउदै | • बुवा आमाका बारेमा विद्यार्थीलाई भन्न लगाएर | ४ |

| | | | | |
|---|---|---|---|---|
| **संस्था तथा स्थानीय खेल २०** | | शिक्षकले बोर्डमा विद्यार्थीले भनेका कुराको सूचीहरु बनाउदै जाने ।<br>• शिक्षकले तयार गरेको शैक्षिक सामग्री र विद्यार्थीले बनाएको सूचीको तुलना गर्दै छलफल गराउदै जाने | • बुवा आमाले गर्ने कुनै एक कामको अभिनय गर्न लगाएर | |
| | • गुरु गुरुआमा | • शिक्षकले गुरु गुरुआमाका बारेमा तयार तयार गरेको शैक्षिक सामग्री चार्ट, भिडियो वा टिपोट प्रदर्शन गर्ने ।<br>• विद्यालयको अफिस कोठामा लगेर गुरु गुरुआमालाई चिनाउने ।<br>• गुरु गुरु आमाले के काम गर्नुहुन्छ भन्न लगाउने ।<br>• बिद्यार्थीले भनेका कुरा र शिक्षकले तयार गरेका कुराहरु तुलना गर्दै पढाउने । | • गुरु गुरुआमाका बारेमा विद्यार्थीलाई भन्न लगाएर<br>• गुरु गुरुआमाले गर्ने क्रियाकलापका बारेमा भन्न लगाएर | ४ |
| | • महिला स्वास्थ्य स्वयंसेबिका | • शिक्षकले महिला स्वास्थ्य स्वयंसेबिकाका बारेमा तयार गरेको शैक्षिक सामग्री चार्ट, भिडियो वा टिपोट प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई तपाईको महिला स्वास्थ्य स्वयंसेबिकाले गर्ने कामहरु भन्न लगाई सोध्दै विद्यार्थीले भनेका कुरा बोर्डमा टिपोट गर्दै जाने ।<br>• शैक्षिक सामग्री र बोर्डमा लेखिएका कुरालाई आधार मान्दै विद्यार्थीलाई छलफलमा सहभागी गराउदै कक्षा अगाडि बढाउने<br>• शिक्षक आफैले महिला स्वास्थ्य स्वयंसेबिकाको अभिनय गरी गाउँघरमा महिला स्वास्थ्य स्वयंसेबिकाले गर्ने कामको अभिनय गरी विद्यार्थीहरु देखाउने ।<br>• बिद्यालय नजिकै महिला स्वास्थ्यसेबिका भएको अबस्थामा कक्षामा आमन्त्रण गरी उहाँले गर्ने काम उहाँबाटै बिद्यार्थीलाई भन्न लगाउने । | • विद्यार्थीलाई महिला स्वास्थ्य स्वयंसेबिकाले गर्ने कामहरु भन्न लगाएर<br>• विद्यार्थीलाई महिला स्वास्थ्य स्वयंसेबिकाकाले गर्ने कामका बारेमा अबिभावकलाई सोधेर आउने गृहकार्य दिएर | ४ |
| | घर तथा बिद्यालय | • शिक्षकले विद्यार्थीहरुलाई विद्यालयका घर तथा बिद्यालयमा हुने गरेका कामहरु भन्न लगाउनुहोस ।<br>• शिक्षकले घर तथा विद्यालयका बारेमा तयार गरेको शैक्षिक सामग्री चार्ट, भिडियो वा टिपोट प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई घर तथा विद्यालयका बारेमा के थाहा छ भन भनि प्रश्न गर्ने विद्यार्थी भनेका कुराहरु शिक्षकले बोर्डमा टिपोट गर्दै जाने ।<br>• शिक्षकले तयार गरेको शैक्षिक सामग्री र विद्यार्थीले भनेका कुराको सूचीको तुलना गर्दै छलफल गराउदै जाने | • बिद्यार्थीलाई घर तथा बिद्यालयका बारेमा आफुलाई थाहा पाएको कुरा सोधेर<br>• घर तथा बिद्यालय किन चाहिन्छ सोधेर । | ४ |
| | • रुमाल लुकाउने खेल<br>• तातो आलु खेल | • शिक्षकले रुमाल लुकाउने र तातो आलु खेलका बारेमा बारेमा तयार गरेको शैक्षिक सामग्री, नोट, चार्ट वा श्रव्य दृश्य सामग्री प्रदर्शन गर्ने ।<br>• कक्षा कोठामै वा बिद्यालयको चौर वा मैदानमा रुमाल लुकाउने तथा तातो आलु खेल खेल्ने अभ्यास गराउने । | • कक्षामा पढाए अनुसार बिद्यार्थीलाई रुमाल लुकाउने तथा तातो आलु खेल खेल्न लगाउने । | ४ |
| **क्षेत्र/थिम** | **मुख्य विषयवस्तु** | **सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया** | **कार्य घन्टा** |
| **विपत व्यवस्थापन,** | • बिपतका घटनाहरु | • शिक्षकले घर तथा विद्यालयमा हुनसक्ने सम्भावित विपतका घटनाहरु बारेमा तयार गरेको शैक्षिक सामग्री | • घर तथा विद्यालयमा घट्न सक्ने सम्भावित | ५ |

| | | | | |
|---|---|---|---|---|
| **फोहोर व्यवस्थापन र हरित विद्यालय २०** | | प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई घर तथा विद्यालयमा हुनसक्ने सभावित विपतका घटना के के हुन भन्न लगाउदै शिक्षकले बोर्डमा विद्यार्थीले भनेका कुराको सूचीहरु बनाउँदै जाने ।<br>• शिक्षकले तयार गरेको शैक्षिक सामग्री र विद्यार्थीले बनाएको सूचीको तुलना गर्दै छलफल गराउदै जाने | विपतका घटनाहरुका बारेमा विद्यार्थीलाई भन्न लगाएर | |
| | . फोहोर ठाउँ | • शिक्षकले घर तथा विद्यालयमा हुने सम्भाति फोहोर स्थानहरुका बारेमा तयार गरेको शैक्षिक सामग्री चार्ट, भिडियो वा टिपोट प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई घर तथा विद्यालयमा फोहोर हुन सक्ने ठाउँहरुका बारेमा भन्न लगाउदै शिक्षकले बोर्डमा लेख्दै जाने ।<br>• शिक्षकले तयार गरेको शैक्षिक सामग्री र विद्यार्थीले बनाएको सूचीको तुलना गर्दै छलफल गराउदै पढाउने । | • विद्यार्थीलाई घर तथा विद्यालयमा हुने सम्भावित फोहोर स्थानहरुको नाम भन्न लगाएर<br>• फोहोर ठाउँहरु देखाउन लगाएर | ५ |
| | . सफा ठाउँ | • शिक्षकले सफा ठाँउका बारेमा तयार गरेको शैक्षिक सामग्री चार्ट, भिडियो वा टिपोट प्रदर्शन गर्ने ।<br>• मोबाइल वा प्रोजेक्टरको सहायताले सफा ठाउँहरुको दृश्य देखाउने ।<br>• विद्यार्थीहरुलाई सफा राख्ने ठाउँहरु कहाँ कहाँ हुन सक्छ भनेर सोध्दै सूची बनाउदै जाने ।<br>• विद्यार्थीले भनेका कुरा र शिक्षकले बनाएको शैक्षिक सामग्रीको मद्यतले कक्षामा छलफललाई निरन्तरता दिदै जाने । | • विद्याथीलाई घर तथा विद्यालयमा सफा ठाउँहरु कहाँ कहाँ हुन सक्छन भन्न लगाएर<br>• | ५ |
| | फुल बगैंचा | • शिक्षकले घर तथा विद्यालयमा फूल बगैचाका बारेमा तयार गरेको शैक्षिक सामग्री चार्ट, भिडियो वा टिपोट प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरुलाई घर तथा विद्यालयको फूल बगैचा भनेको के हो सोध्ने र उनीहरुले भनेका कुरा बोर्डमा टिपोट गर्दै जाने<br>शिक्षकले तयार गरेको घर तथा विद्यालयको फूल बगैचाका बारेमा तयार गरेको शैक्षिक सामग्री र विद्यार्थीले बनाएको सूचीको तुलना गर्दै छलफल गराउदै जाने । | • बिद्यालय तथा घर परिसरमा रहेका फुल बगैचा देखाउन लगाएर<br>• फुल बगैचामा रहेका फुलहरुका नामहरु भन्न लगाएर<br>• फुल बगैचाको संरक्षण कसरी गर्ने सोधेर | ५ |

**विषयवस्तुको क्षेत्र क्रम, सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप र मूल्याङ्कन विधि तथा प्रक्रिया कक्षा २**

| क्षेत्र/थिम | मुख्य विषयवस्तु | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|
| **दंगिशरण को परिचय तथा धार्मीक पर्यटकिय स्थलहरु** | • हाम्रो वरपर | • शिक्षकले हाम्रो वरपरसँग सम्बन्धित चार्ट, चित्र एवं श्रव्यदृश्य सामग्री देखाउँदै हाम्रो वरपर भएका वस्तुहरु चिनाउने ।<br>• हाम्रो वरपरका अरु के के देखिन्छ भनेर बारेमा छलफल गराउने<br>• तपाईको घर वरपर के के छ भनेर वरपरको सम्झना गराउने ।<br>• घर तथा विद्यालय वरपरको चित्र बनाउन लगाउने । | • घरको वरपर के के देख्न सकिन्छ भनी सोधेर<br>• वरपर घुम्दै वरपर देखिएका चिज वस्तु भन्न लगाएर | ६ |

| | | | | |
|---|---|---|---|---|
| | | • वरपर घुम्दै रम्दै वरपरको बारेमा जानकारी लिने दिने । | | |
| | • हाम्रो छिमेक | • शिक्षकले विद्यार्थीहरुलाई खेल खेलौ भन्दै हामी कक्षामा को हो  छौ रे भनेर कक्षाको सुरुवात गर्ने ।<br>• विद्यार्थीले भनेको कुरा टिपोट गर्दै हाम्रो छेउमा बस्ने, घर तथा  विद्यालयको छेउमा बस्ने मानिस नै हाम्रो छिमेक वा छिमेकी हुन भन्ने कुराको बोध गराउने ।<br>• शिक्षकले हाम्रो छिमेकको बारेमा तयार गरेको चार्ट पेपर, नोट, अडियो भिजुअल सामग्री आदि प्रदर्शन गर्ने ।<br>• तपाईको घरको छिमेकमा कसकसको घर छ भनी विद्यार्थीहरुलाई सोध्ने । विद्यार्थीले भनेको कुरा बोर्डमा ठुला अक्षरले टिपोट गर्ने । विद्यार्थीले भनेका कुरा तथा शिक्षकले तयार गरेको चार्ट पेपरमा लेखिएको कुराका आधारमा हाम्रो छिमेक कक्षा सञ्चालन गर्ने । | • आफ्ना साथीहरुको घर कहाँ कहाँ पर्छ भनी सोधेर<br>• नजिक घर पर्ने साथीको नाम भन्न लगाएर | ७ |
| विपत व्यबस्थापन, फोहोर व्यवस्थापन र हरित विद्यालय १६ | . विपतको समयमा गरिने आकस्मिक प्राथमिक उपचारको पूर्ब तयारी | . बिद्यार्थीलाई विपतको समयमा गरिने आकस्मिक प्राथमिक उपचारको पूर्ब तयारीका बारेमा थाहा पाएको कुरा भन्न लगाउने ।<br>. शिक्षकले विपतको समयमा गरिने आकस्मिक प्राथमिक उपचारको पूर्ब तयारीका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री देखाउने सुनाउने<br>. विपतको समयमा गरिने आकस्मिक प्राथमिक उपचारको पूर्ब तयारीका बारेमा जानकारी दिने ।<br>. विपतको समयमा गरिने आकस्मिक प्राथमिक उपचारको पूर्ब तयारी घटना अभ्यासमा सरिक हुने । | विपतको समयमा गरिने आकस्मिक प्राथमिक उपचारको पूर्ब तयारी का बारेमा थाहा भएको कुरा भन्न लगाएर | ४ |
| | . विपत व्यबस्थापनमा बिद्यार्थी तथा स्थानीय समुदायको भुमिका | . बिद्यार्थीलाई विपत व्यबस्थापनमा बिद्यार्थी तथा स्थानीय समुदायको भुमिकाका बारेमा भन्न लगाउने ।<br>. शिक्षकले विपत व्यबस्थापनमा बिद्यार्थी तथा स्थानीय समुदायको भुमिकाका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री देखाउने सुनाउने<br>. विपत व्यबस्थापनमा बिद्यार्थी तथा स्थानीय समुदायको भुमिकाका बारेमा जानकारी दिने ।<br>. विपत व्यबस्थापनमा बिद्यार्थी तथा स्थानीय समुदायको भुमिका घटना अभ्यासमा सरिक हुने । | विपत व्यबस्थापनमा बिद्यार्थी तथा स्थानीय समुदायको भुमिकाका बारेमा थाहा भएको कुरा भन्न लगाएर | ४ |
| | . फोहोर व्यबस्थापनमा बिद्यार्थी स्थानीय समुदायको भुमिका | . बिद्यार्थीलाई फोहोर व्यबस्थापनमा बिद्यार्थी तथा स्थानीय समुदायको भुमिकाका बारेमा भन्न लगाउने ।<br>. शिक्षकले फोहोर व्यबस्थापनमा बिद्यार्थी तथा स्थानीय समुदायको भुमिकाका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री देखाउने सुनाउने<br>. फोहोर व्यबस्थापनमा बिद्यार्थी तथा स्थानीय समुदायको भुमिकाका बारेमा जानकारी दिने ।<br>. फोहोर व्यबस्थापनमा बिद्यार्थी तथा स्थानीय समुदायको भुमिका घटना अभ्यासमा सरिक हुने । | फोहोर व्यबस्थापनमा बिद्यार्थी तथा स्थानीय समुदायको भुमिकाका बारेमा थाहा भएको कुरा भन्न लगाएर | ३ |
| | . हरित बिद्यालय निर्माणमा बिद्यार्थी स्थानीय समुदायको भुमिका | . बिद्यार्थीलाई हरित बिद्यालय निर्माणमा बिद्यार्थी तथा स्थानीय समुदायको भुमिकाका बारेमा भन्न लगाउने ।<br>. शिक्षकले हरित बिद्यालय निर्माणमा बिद्यार्थी तथा स्थानीय समुदायको भुमिकाका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री देखाउने सुनाउने<br>. हरित बिद्यालय निर्माणमा बिद्यार्थी तथा स्थानीय समुदायको भुमिकाका बारेमा जानकारी दिने ।<br>. फोहोर व्यबस्थापनमा बिद्यार्थी तथा स्थानीय समुदायको भुमिका घटना अभ्यासमा सरिक हुने । | हरित बिद्यालय निर्माणमा बिद्यार्थी तथा स्थानीय समुदायको भुमिकाका बारेमा थाहा भएको कुरा भन्न लगाएर | ४ |

**विषयवस्तुको क्षेत्रक्रम, सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप र मूल्याङ्कन विधि तथा प्रक्रिया कक्षा ८**

| क्षेत्र/थिम | मुख्य विषयवस्तु | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रकृया | कार्य घण्टा |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| **दंगिशरणको परिचय र धार्मिक तथा पर्यटकिय स्थलहरु ३५** | • दंगिशरण गाउँपालिकाको ऐतिहासिक परिचय | • बिद्यार्थीलाई दंगिशरण गाउँपालिकाको ऐतिहासिक परिचयका बारेमा आफुलाई थाहा भएको कुरा भन्न लगाउने ।<br>• शिक्षकले दंगिशरण गाउँपालिकाको ऐतिहासिक परिचयका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस सुनाउनुहोस ।<br>• दंगिशरण गाउँपालिकाको ऐतिहासिक परिचय दिन सक्ने अग्रजलाई बिद्यालय तथा काक्षा कोठामा आमन्त्रण गरी गाउँपालिकाको ऐतिहासीक पक्षका बारेमा जानकारी लिने व्यबस्था मिलाउने । | • विद्यार्थीलाई दंगिशरण गाउँपालिकाको ऐतिहासीक पक्षका बारेमा थाहा पाएको कुरा भन्न लगाएर ।<br>• विद्यार्थीलाई दंगिशरणका ऐतिहासीक महत्वका स्थल घुमेको अनुभव भन्न लगाएर | १० |
| | • दंगिशरण गाउँपालिकाको प्रशासनिक संरचना | • शिक्षकले दंगिशरण गाउँपालिकाको प्रशासनिक संरचनाका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>• शिक्षकले विद्यार्थीहरुलाई दंगिशरण गाउँपालिकाको प्रशासनिक संरचनाका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने<br>विद्यार्थीलाई दंगिशरणमा गाउँपालिकाको अवलोकन गर्न लगाई त्यहाँका प्रसासन प्रमुखलाई भेटेर प्रसासनिक संरचना शाखा महाशाखाहरु र तीनीहरुले दिने सेवाका बारेमा जानकारी लिन व्यबस्था मिलाउने । | • विद्यार्थीलाई दंगिशरण गाउँपालिकाको प्रशासनिक संरचनाका बारेमा थाहा पाएका कुनै दुई काम भन्न लगाए । | ६ |
| | गाउँपालिका सभा | • शिक्षकले विद्यार्थीहरुलाई गाउँपालिका सभाका बारेमा थाहा पाएको कुरा भन्न लगाउने ।<br>• शिक्षकले पाठसंग सम्वन्धित गाउँपालिका सभाका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>• बिद्यार्थीलाई गाउँपालिको प्रमुख प्रशासकीय अधिकृत वा प्रसासन प्रमुखलाई भेटेर गाउँपालिका सभाका बारेमा जानकारी लिने व्यबस्था मिलाउने तथा उनीहरुलाई कक्षामा आमन्त्रण गरी गाउँपालिका सभाका बारेमा भन्न लगाउने । | • विद्यार्थीलाई गाउँपालिका सभाका बारेमा थाहा पाएका कुनै एक कुरा भन्न लगाएर | ७ |
| | • दाङका स्थानीय तहहरु को सामान्य जानकारी | • शिक्षकले विद्यार्थीहरुलाई दाङका स्थानीय तहहरुका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने<br>• शिक्षकले दाङको स्थानीय तहहरुका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस सुनाउनुहोस ।<br>• जिल्ला समन्वय समितिको अवलोकन गरी समन्वय अधिकारी वा समन्वय समिति प्रमुखलाई भेटेर दाङका स्थानीय तहहरुको बारेमा जानकारी दिने<br>• विद्यालय प्रशासनको सहयोगले समन्वय अधिकारी वा समन्वय समिति प्रमुखलाई कक्षामा आमन्त्रण गरी दाङका स्थानीय तहका बारेमा उहाँका अनुभव तथा भनाई सुन्ने अवसर मिलाउने । | • विद्यार्थीलाई दाङका स्थानीय तहका बारेमा थाहा भएका कुनै तीन कुरा भन्न लगाएर<br>• जिल्ला समन्वय समितिको अवलोकन गरी समन्वय अधिकारीलाई भेटेपछि थाहा पाएको थप कुनै एक कुरा भन्न लगाएर | ६ |

| | | | | |
|---|---|---|---|---|
| | • दाङ जिल्लाको सामान्य परिचय | • शिक्षकले दाङ जिल्लाका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>• शिक्षकले विद्यार्थीहरुलाई दाङ जिल्लाका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने ।<br>• दाङ जिल्लाको बारेमा जानकारी राख्ने संस्कृतिका जानकार, इतिहासकार वा पत्रकारलाई भेटेर दाङ जिल्लाका परिचयका बारेमा जानकारी लिने ।<br>• जिल्लाको परिचयका सन्दर्भमा सामान्य प्रशासन तथा संघीय मामिला मन्त्रालयको वेभसाइड , सूचना तथा प्रसारण विभागको बेभसाइड, जिल्ला समन्वय समिति दाङको वेभसाइड आदि हेरेर जानकारी दिन लगाउने | • विद्यार्थीलाई दाङ जिल्लाका बारेमा थाहा पाएको कुनै दुई कुरा भन्न लगाएर ।<br>• दाङको बारेमा थाहा पाएको जानकारी दिन सक्ने व्यक्तित्वलाई भेटेपछि थाहा पाएको थप एक कुरा भन्न लगाएर । | ६ |
| **क्षेत्र/थिम** | **मुख्य विषयवस्तु** | **सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया** | **कार्य घन्टा** |
| **दंगिशरणका परम्परा र संस्कृतिहरु २५** | लोक सामाजिक परम्परा | • शिक्षकले विद्यार्थीहरुलाई लोक सामाजिक परम्पराका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने ।<br>• शिक्षकले हाम्रो गाउँघरमा सामाजिक काममा प्रचलनमा रहेको निशुल्क श्रमदान गरी कुलो निर्माण गर्ने जस्ता लोक सामाजिक प्रथाका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>• विद्यार्थीहरुलाई गाउँघरमा सार्वजनिक धारा, इनार वा बाटो सरसफाई अभियानमा एक घर एक सदस्य सरिक हुदा धेरै सामाजिक काम गर्न सकिन्छ भन्ने कुराको मण्णठडसुस गराउने । | • विद्यार्थीलाई लोक सामासजक परम्पराका बारेमा थाहा पाएका कुरा भन्न भन्न लगाएर<br>• विद्यार्थीलाई कुनै एक लोक सामाजिक परम्परागत अभ्यासमा अभियानमा सरिक हुन लगाएर | ४ |
| | • झराली (झारा) | • शिक्षकले हाम्रो गाउँघरमा सामाजिक काममा प्रचलनमा रहेको निशुल्क श्रमदान गरी कुलो निर्माण गर्ने जस्ता झारा प्रथाका खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>• शिक्षकले विद्यार्थीहरुलाई सामाजिक कार्य मानिने झाराका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने ।<br>• विद्यार्थीहरुलाई गाउँघरमा सार्वजनिक धारा, इनार वा बाटो सरसफाई अभियानमा एक घर एक सदस्यले घरबाट सरसफाई औजार दिई सरिक हुने अभ्यास गर्ने ।<br>• सार्वजनिक कामहरु झारा मार्फत् गर्दा समाजलाई हुने फाइदाका बारेमा छलफल गर्ने । | • विद्यार्थीलाई झाराका बारेमा थाहा पाएको कुरा भन्न लर्गार<br>• विद्यार्थीलाई झारा अभियानमा सरिक भएको अवलोकन गरेर । | ५ |
| | • सटाहा पर्म/बाउरे | • शिक्षकले दंगिशरणका बस्तीहरुमा प्रचलनमा रहेको पर्म सटाहा (बाउरे) प्रथाका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>• शिक्षकले विद्यार्थीहरुलाई पर्म (बाउरे) प्रथाका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने । | • विद्यार्थीलाई पर्म सटाहा आदीका बारेमा भन्न लगाएर<br>• पर्मको अभ्यास गर्न लगाएर<br>• पर्म गरेको अवलोकन | ५ |

| | | | | |
|---|---|---|---|---|
| | | • विद्यार्थीलाई आफ्नो घर छिमेकमा गर्ने काममा छिमेकी साथीको घरमा पर्ने काममा आफू पर्म गएर तथा आफ्नो घरमा पर्ने काममा साथीलाई बोलाएर श्रमको आदान प्रदान गर्ने अभ्यास गर्न लगाउने ।<br>• विद्यार्थीहरुका बिच पर्मको अभ्यास गर्दाका भोगाईहरु तथा यस्ले घर छिमेकमा पार्ने प्रभावका बारेमा छलफल चलाउने । | गरेर | |
| | • पैचो<br>• अन्नले सामान साट्ने चलन | • शिक्षकले हाम्रो गाउँघरमा प्रचलनमा रहेको पैचो (ऐँचोपैँचा) अन्नले सामान साट्ने चलनका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>• शिक्षकले विद्यार्थीहरुलाई पैँचो प्रथाका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने ।<br>• घर छिमेकमा अन्न, खाद्यबाली, भाडाकुडा सकिएको बेला अथवा पाहुना आएको बेला घरमा नभएको कुरा छिमेकबाट ल्याई काम चलाउने अभ्यास (पैचो) लिने दिने कार्यको अभ्यास गर्न लगाउने ।<br>• पैचो लेनदेनले हुने फाइदा तथा सजिले अप्ठ्यारो बारेमा छलफल गर्ने । | • विद्यार्थीलाई पैँचोको बारेमा सोधेर<br>• विद्यार्थीलाई पैँचो लेनदेन प्रक्रियामा सहभागी हुदा हुने कुनै एक फाइदा बारे सोधेर । | ५ |
| | • बर पिपल रोप्ने, पोखरी खन्ने आदी सामाजिक परम्परा | • शिक्षकले दंगिशरणका केही बस्ती तथा समुदायमा प्रचलनमा रहेको बर पिपल रोप्ने, पोखरी खन्ने आदी सामाजिक परम्परा तथा कार्यका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>• शिक्षकले विद्यार्थीहरुलाई बर पिपल रोप्ने, पोखरी खन्ने आदी सामाजिक परम्पराका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने ।<br>• गाउँघरमा बर पिपल रोप्ने, पोखरी खन्ने जस्ता लोक सामाजिक परम्पराबाट गाउँको बिकासमा भएका हुने गरेका फाइदाका बारेमा कक्षामा छलफल गर्ने । | • विद्यार्थीलाई बर पिपल रोप्ने, पोखरी खन्ने आदी सामाजिक परम्पराका बारेमा थाहा भएको कुरा भन्न लगाएर<br>• विद्यार्थीलाई बर पिपल रोप्ने, पोखरी खन्ने आदी सामाजिक परम्परामा सहभागी भएका देखेका अनुभव भएमा भन्न लगाएर । | ६ |
| **क्षेत्र/थिम** | **मुख्य विषयवस्तु** | **सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया** | **कार्य घन्टा** |
| **पेसा, व्यवसाय र सीप**<br>**२०** | • खर मुज अष्टिम्कि का, गोडना कला तथा मृतिका कला | • शिक्षकले खर मुज अष्टिम्कि का, गोडना कला तथा मृतिका कलाका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>• शिक्षकले विद्यार्थीहरुलाई खर मुज अष्टिम्कि का, गोडना कला तथा मृतिका कलाका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने ।<br>• विद्यार्थीलाई खर मुज अष्टिम्कि का, गोडना कला तथा मृतिका कला बनाउने कार्यको अभ्यास गर्न लगाउने ।<br>• खर मुज अष्टिम्कि का, गोडना कला तथा मृतिका कला जानेकाबाट नजानेकाले बुन्ने अभ्यास गर्ने सिकाउने | • विद्यार्थीलाई खर मुज अष्टिम्कि का, गोडना कला तथा मृतिका कलाका सामान उत्पादन बारे थाहा भएको कुरा भन्न लगाएर ।<br>• हस्तकलाबाट निर्मित सामान तथा कलाका बारेमा देखेको कुरा भन्न लगाएर | **५** |

| | | | | |
|---|---|---|---|---|
| | | अबसर प्रदान गर्ने गराउने । | | |
| | स्थानीय हस्तकला | • शिक्षकले विद्यार्थीहरुलाई स्थानीय हस्तकलाका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने ।<br>• शिक्षकले स्थानीय हस्तकलाका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>• विद्यार्थीलाई स्थानीय हस्तकलाका सामानजहरु बनाउने स्थानहरुको अवलोकन गर्न लगाई हस्तकला अभ्यास कार्यमा सरिक सरिक गराउने । | • विद्यार्थीलाई हस्तकलाका बारेमा थाहा पाएको कुरा भन्न लगाएर ।<br>• हस्तकलालाई उपयोग गर्दा हुने फाइदाका बारेमा भन्न लगाएर | ५ |
| | •हस्तकलाको संरक्षण सामग्रीको बजारीकरण तथा आयआर्जन | • शिक्षकले हस्तकलाको संरक्षण सामग्रीको बजारीकरण तथा आयआर्जनका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>• शिक्षकले विद्यार्थीहरुलाई हस्तकलाको संरक्षण सामग्रीको बजारीकरण तथा आयआर्जनका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने ।<br>• विद्यार्थीलाई हस्तकलाको संरक्षण सामग्रीको बजारीकरण तथा आयआर्जन गर्ने स्थानको अवलोकन गराई हस्तकला उद्योगका प्रबन्धकसँग कुराकानी गरेर हस्तकलाको संरक्षण तथा बजारीकरण उत्पादन प्रक्रियामा सहभागी बनाउने । | • विद्यार्थीलाई हस्तकलाको संरक्षण सामग्रीको बजारीकरण तथा आयआर्जनका बारेमा भन्न लगाएर<br>• हस्तकलाको संरक्षण सामग्रीको बजारीकरण तथा आयआर्जनका बारेमा कुनै दुई कुरा भन्न लगाएर | ५ |
| | • स्थानीय सिप कला, हस्तकला सामग्री उत्पादन तथा प्रबर्धनमा स्थानीय तहको भूमिका | •शिक्षकले विद्यार्थीहरुलाई स्थानीय सिप कला, हस्तकला<br>• सामग्री उत्पादन तथा प्रबर्धनमा स्थानीय तहको भूमिकाका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने<br>•शिक्षकले स्थानीय सिप कला, हस्तकला सामग्री उत्पादन तथा प्रबर्धनमा स्थानीय तहको भूमिकाका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>•स्थानीय सिप कला, हस्तकला सामग्री उत्पादन तथा प्रबर्धनमा स्थानीय तहको भूमिकाका बारेमा स्थानीय तहले सहयोग गरेर राम्रो बिकास भएका स्थानहरुको अबलोकन गराएर ।<br>• | •विद्यार्थीलाई स्थानीय सिप कला, हस्तकला<br>• सामग्री उत्पादन तथा प्रबर्धनमा स्थानीय तहको भूमिकाका बारे भन्न लगाएर<br>• हस्तकला प्रबर्धनमा स्थानीय तहले गर्ने सक्ने भूमिका बारे कुनै दुई उदाहरण भन्न लगाएर | ५ |
| **क्षेत्र/थिम** | **मुख्य विषयवस्तु** | **सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया** | **कार्य घन्टा** |
| मूल्य शिक्षा, जीवनोपयोगी सीप, उद्घोषण कला, व्यवहारिक लेखन २० | • लक्ष निर्धारण | • शिक्षकले विद्यार्थीहरुलाई लक्ष्य निर्धारणका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने ।<br>• शिक्षकले लक्ष्य निर्धारणका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>• शिक्षकले लक्ष्य निर्धारण टिप्सहरु बताउने ।<br>• विद्यार्थीलाई लक्ष्य निर्धारण घटना अभ्यासमा सहभागी बनाउने । | • विद्यार्थीलाई लक्ष्य निर्धारणका कुनै दुई टिप्स भन्न लगाएर ।<br>• लक्ष निर्धारण घटना अभ्यासका क्रियाकलाप सम्झन लगाएर । | ४ |
| | • सकारात्मक | • शिक्षकले विद्यार्थीहरुलाई सकारात्मक सोचका बारेमा | • विद्यार्थीलाई | ४ |

| | | | | |
|---|---|---|---|---|
| | सोच | आफूलाई थाहा भएको कुरा भन्न लगाउने ।<br>• शिक्षकले सकारात्मक सोचका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>• विद्यार्थीलाई घटना अध्ययनका माध्यमबाट सकारात्मक सोच प्रक्रियामा सहभागी बनाउने ।<br>• सकारात्मक सोचका केही टिप्स तथा क्लुका बारेमा जानकारी दिने । | सकारात्मक सोचका बारेमा थाहा पाएको कुरा भन्न लगाएर<br>• सकारात्मक सोचका कुनै दुई टिप्स भन्न लगाएर । | |
| | • सृजनात्मक सोचाइ | • शिक्षकले विद्यार्थीहरुलाई सृजनात्मक सोचाइका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने ।<br>• शिक्षकले सृजनात्मक सोचाइका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>• विद्यार्थीलाई घटना अध्ययनका माध्यमबाट सृजनात्मक सोचाइ प्रक्रियामा सहभागी बनाउने ।<br>• सृजनात्मक सोचाइका केही टिप्स तथा क्लुका बारेमा जानकारी दिने । | • विद्यार्थीलाई सृजनात्मक सोचाइका बारेमा थाहा पाएको कुरा भन्न लगाएर<br>• सृजनात्मक सोचाइका कुनै दुई टिप्स भन्न लगाएर । | ४ |
| | • माइन्युट लेखन परिचय | • शिक्षकले विद्यार्थीहरुलाई माइन्युट लेखनको परिचयका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने<br>• शिक्षकले माइन्युट लेखनका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>• माइन्युटका महत्वका बारेमा छलफल गराउने ।<br>• माइन्युट लेख्दा ध्यान दिनुपर्ने कुराका बारेमा बताउने । | • विद्यार्थीलाई माइन्युट लेखन भन्नाले के बुझीन्छ भन्न लगाएर<br>• माइन्युट लेखन गर्दा ध्यान दिनुपर्ने कुनै दुई कुरा भन्न लगाएर । | |
| | • माइन्युट लेख्ने ढाँचा /तरिका | • शिक्षकले विद्यार्थीहरुलाई माइन्युट लेखन ढाँचा तथा लेख्ने तरिकाका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने<br>• शिक्षकले माइन्युट लेखन तरिकाका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् । | • विद्यार्थीलाई माइन्युट लेखनका ढाँचा भन्न लगाएर ।<br>• माइन्युट लेखन अभ्यास गराएर । | ४ |
| **क्षेत्र/थिम** | **मुख्य विषयवस्तु** | **सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया** | **कार्य घन्टा** |
| सामाजिक कार्य, संघसंस्था र स्थानीय खेलहरु १२ | • स्वास्थ्य व्यबस्थापन समिति र यस्ले गर्ने कामहरु | • शिक्षकले विद्यार्थीहरुलाई स्वास्थ्य व्यबस्थापन समिति र यस्ले गर्ने कामहरुका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने ।<br>• शिक्षकले स्वास्थ्य व्यबस्थापन समिति र यस्ले गर्ने कामहरुका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>• बिद्यार्थीलाई नजिकैको स्वास्थ्य संस्थाको अबलोकन गराई त्यहाँको स्वास्थ्य व्यबस्थापन समिति र यस्ले गर्ने कामहरुका बारेमा त्यहाँरहेका पदाधिकारीबाट जानकारी लिन लगाएर । | • स्वास्थ्य व्यबस्थापन समिति र यस्ले गर्ने कामहरुका बारेमा भन्न लगाएर ।<br>• स्वास्थ्य व्यबस्थापन समितिका पदाधिकारीलाई भेटेर कुरा गर्दाको अनुभव अनुभव भन्न लगाएर । | ३ |
| | • बिद्यालय व्यबस्थपन | • शिक्षकले विद्यार्थीहरुलाई बिद्यालय व्यबस्थापन समिति र यस्ले गर्ने कामहरुका बारेमा आफूलाई थाहा भएको कुरा | • बिद्यालय व्यबस्थापन समिति र यस्ले गर्ने | ३ |

| | | | | |
|---|---|---|---|---|
| | समिति र यस्ले गर्ने कामहरु | भन्न लगाउने ।<br>• शिक्षकले बिद्यालय व्यबस्थापन समिति र यस्ले गर्ने कामहरुका बारेमा  खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>• बिद्यार्थीलाई नजिकैको अर्को शैक्षिक संस्थाको अबलोकन गराई त्यहाँको बिद्यालय व्यबस्थापन समिति र यस्ले गर्ने कामहरुका बारेमा त्यहाँरहेका पदाधिकारीबाट जानकारी लिन लगाएर । | कामहरुका बारेमा भन्न लगाएर ।<br>• बिद्यालय व्यबस्थापन समितिका पदाधिकारीलाई भेटेर कुरा गर्दाको अनुभव भन्न लगाएर । | |
| | . सामाजिक बिकासमा सामुदायिक संस्थाहरुको भुमिका | • शिक्षकले विद्यार्थीहरुलाई सामाजिक बिकासमा सामुदायिक संस्थाहरुको भुमिकाका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने ।<br>• शिक्षकले सामाजिक बिकासमा सामुदायिक संस्थाहरुको भुमिकाका बारेमा  खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>• बिद्यार्थीलाई नजिकैको कुनै एक सामुदायिक संस्थाहरुको अबलोकन गराई त्यस संस्थाले सामाजिक बिकासमा खेलेको भुमिकाबारेमा अबलोकन गर्न लगाउने तथा त्यहाँ रहेका पदाधिकारीबाट जानकारी लिन लगाउने । | • सामाजिक बिकासमा सामुदायिक संस्थाहरुको भुमिकाका बारेमा भन्न लगाएर ।<br>• सामुदायिक संस्थाको अबलोकन गर्दा तथा त्यहाँका पदाधिकारीलई भेटेर कुरा गर्दाको अनुभव भन्न लगाएर । | ३ |
| | .सामाजिक बिकासमा सामुदायिक संस्था र गाउँपालिका बिचबको सहकार्य | • शिक्षकले विद्यार्थीहरुलाई सामाजिक बिकासमा सामुदायिक संस्था र गाउँपालिका बिचबको सहकार्यका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने ।<br>• शिक्षकले सामाजिक बिकासमा सामुदायिक संस्था र गाउँपालिका बिचबको सहकार्यका बारेमा  खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>• बिद्यार्थीलाई नजिकैको कुनै एक सामुदायिक संस्था तथा गाउँपालिकाको अबलोकन गराई त्यस संस्था र गाउँपालिका बिचको सहकार्यका बारेमा त्यहाँका पदाधिकारीबाट जानकारी लिन लगाउने । | • सामाजिक बिकासमा सामुदायिक संस्था र गाउँपालिका बिचबको सहकार्यका बारेमा भन्न लगाएर ।<br>• सामुदायिक संस्था तथा गाउँपालिकाको अबलोकन गर्दा तथा त्यहाँका पदाधिकारीलई भेटेर कुरा गर्दाको अनुभव भन्न लगाएर । | ३ |
| **क्षेत्र/थिम** | **मुख्य विषयवस्तु** | **सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया** | **कार्य घन्टा** |
| विपत व्यवस्थापन, फोहोर व्यबस्थापन र हरित विद्यालय १६ | . बिपतबाट बच्न गर्न सकिने पुर्ब तयारीहरु | • शिक्षकले बिपतबाट बच्न गर्न सकिने पुर्ब तयारीहरुका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>• शिक्षकले विद्यार्थीहरुलाई बिपतबाट बच्न गर्न सकिने पुर्ब तयारीहरुका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने ।<br>• बिपतबाट बच्न गर्न सकिने पुर्ब तयारीका बारेमा बिपत क्षेत्रमा काम गरेका अनुभवी संस्था तथा व्यक्तिका अनुभवहरु आदान प्रदान गर्ने व्यबस्था मिलाएर । | • विद्यार्थीलाई बिपतबाट बच्न गर्न सकिने पुर्ब तयारीहरुका कुनै दुई तरिका भन्न लगाएर ।<br>• बिपतबाट बच्न गर्न सकिने पुर्ब तयारीहरु क्रियाकलापका केही अंश भन्न लगाएर । | ४ |
| | . विपत व्यबस्थापनमा | • शिक्षकले विद्यार्थीहरुलाई विपत व्यबस्थापनमा पालिकाको भुमिका का बारेमा आफूलाई थाहा भएको कुरा भन्न | • विद्यार्थीलाई विपत व्यबस्थापनमा | ४ |

| | | | | |
|---|---|---|---|---|
| | पालिकाको भुमिका | लगाउने ।<br>• शिक्षकले विपत व्यबस्थापनमा पालिकाको भुमिकोमा बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>• बिपत व्यबस्थापनमा पालिकाको भुमिकाका बारेमा पालिकाको बिपत शाखाका सम्पर्क व्यक्तिलाई श्रोतव्यक्तिका रुपमा कक्षामा आमन्त्रण गरेर ।<br>• बिपत व्यबस्थापनमा पालिकाले खेलेका भुमिकाका केही उदाहरणिय स्थलहरुको अबलोकन गरेर । | पालिकाको भुमिकाबारे थाहा पाएको कुरा भन्न लगाएर । | |
| | • फोहोर व्यवस्थापनमा पालिकाको भुमिका | • शिक्षकले विद्यार्थीहरुलाई फोहोर व्यबस्थापनमा पालिकाको भुमिका का बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने ।<br>• शिक्षकले फोहोर व्यबस्थापनमा पालिकाको भुमिकोमा बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>• फोहोर व्यबस्थापनमा पालिकाको भुमिकाका बारेमा पालिकाको फोहोर व्यबस्थापन शाखाका सम्पर्क व्यक्तिलाई श्रोतव्यक्तिका रुपमा कक्षामा आमन्त्रण गरेर ।<br>• फाहोर व्यबस्थापनमा पालिकाले खेलेका भुमिकाका केही उदाहरणिय स्थलहरुको अबलोकन गरेर । | • विद्यार्थीलाई फोहोर व्यबस्थापनमा पालिकाको भुमिकाबारे थाहा पाएको कुरा भन्न लगाएर । | ४ |
| | • हरित बिद्यालय निर्माणमा स्थानीय तहको भूमिका | • शिक्षकले विद्यार्थीहरुलाई हरित बिद्यालय निर्माणमा पालिकाको भुमिका का बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउने ।<br>• शिक्षकले हरित बिद्यालय निर्माणमा पालिकाको भुमिकोमा बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>• हरित बिद्यालय निर्माणमा पालिकाको भुमिकाका बारेमा पालिकाको सम्वन्धित शाखाका सम्पर्क व्यक्तिलाई श्रोतव्यक्तिका रुपमा कक्षामा आमन्त्रण गरेर ।<br>• हरित बिद्यालय निर्माणमा पालिकाले खेलेका भुमिकाका केही उदाहरणिय स्थलहरुको अबलोकन गरेर । | • विद्यार्थीलाई हरित बिद्यालय निर्माणमा पालिकाको भुमिकाबारे थाहा पाएको कुरा भन्न लगाएर । | ४ |
| | • हरित बगैचामा उत्पादिन फूल तथा फलफूलको संकलन तथा बजारीकरण | • शिक्षकले विद्यार्थीहरुलाई हरित बगैचामा उत्पादित फूल तथा फलफूल संकलन तथा बजारीकरणका बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउनेशिक्षकले विद्यालयको हरित बगैचामा उत्पादिन फूल तथा फलफूलको संकलन तथा बजारीकरण गरी आम्दानी गर्ने तरिकाका बारेमा खोजी गरी चार्टमा तयार गरेको शैक्षिक सामग्री तथा श्रव्यदृश्य सामग्री विद्यार्थीहरुलाई देखाउनुहोस् सुनाउनुहोस् ।<br>• हरित बगैचामा उत्पादित फुल तथा फलफुल बिक्री तथा बजारीकरणमा बिद्यार्थीलाई सहभागी बनाउने । | • हरित बगैचामा उत्पादित बस्तुहरुको सदुपयोगका लागि कसरी बजारीकरण गर्ने भन्ने कुरा भन्न लगाएरर | |

## ६. प्रयोगात्मक तथा परियोजना कार्य

**कक्षा ४**

१. तपाईंको पालिकामा कति वटा वडा छन् ? तिनीहरुको क्षेत्रफल कति हो ? क्षेत्रफलको हिसावले कुन वडा कती ठूलो छ ? उल्लिखित विवरणहरु विषय शिक्षक सँगको परामर्शमा पालिकाको सम्बन्धित पदाधिकारीसँग सोधपुछ गरी तलको तालिकामा भरेर कक्षामा प्रस्तुत गर्नुहोस ।

| वडा नं | समेटिएका बस्तीटोलहरु | वडाको क्षेत्रफल | क्षेत्रफलको हिसावले स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

२. तपाईंले आफ्ना वडाका कुन कुन ठाउँमा प्रत्यक्ष गएर अवलोकन गर्नु भएको छ ? त्यहा जाँदा तपाईले देखेको र अहिले सम्म सम्झिरहेको कुरा के हो ? तलको तालिकाका आधारमा विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस ।

| प्रत्यक्ष गएर अवलोकन गरेका आफ्नो वडाका स्थानहरु | अहिलेसम्म सम्झिरहेको विषय वा स्थान | सम्झनुको कारण | कैफियत |
|---|---|---|---|
| (क) | | | |
| (ख) | | | |
| (ग) | | | |
| (घ) | | | |

३. विद्यालय छुट्टी भएको दिन तपाइले आफ्नो साथी वा अभिभावकसँग तपाईंको वडाको कुनै स्थानमा जाँदा को को सँग भेट भयो ? उनीहरुलाई तपाइलाई के भने ? उनीहरुका भनाई र त्यो ठाउको अवलोकनबाट के सिक्नु भयो ? तपाई)को अनुभूति सहित यी सबै कुरा समेटेर प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस ।

४. आफ्नो घर वा विद्यालयमा खेती गरिने लसुन, बेसार, सखरखण्ड, बदम, अदुवा खेती मध्ये कुनै एक खेतीमा सहयोग गर्नुहोस् । बिउ राख्ने देखि उत्पादन, प्रयोग र विक्री सम्मका कार्यमा के के क्रियाकलापहरु गरियो ? सबै विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

५. आफ्नो घर वा समुदायस्तरमा उत्पादित वस्तुहरु (परालको गुन्द्री, चकटी, डोको, ढकिया, बिँडा, नाङ्लो, हँसिया, दाइँ लगाउने, बाबियोको डोरी बाट्ने, झौवा) मध्ये कुनै एकको निर्माण कार्यको अवलोकन गर्नुहोस् । निर्माण गर्दा चाहिने सामग्रीहरु, निर्माण गर्ने तरिका र निर्मित सामग्रीको प्रयोग के के कार्यका लागि गरिन्छ ? विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

**६.** आफ्नो घरपरिवार वा छरछिमेकमा भएका जेष्ठ नागरिकलाई के भनेर बोलाउनु हुन्छ ? उहाँको नाम के हो ? उहाँको शारीरिक अवस्था कस्तो छ ? ती जेष्ठ नागरिकले तपाईंप्रति गर्ने व्यवहार कस्तो छ ? दिक्क लाग्दो वा रमाइलाग्दो ? उनीहरुलाई तपाईले मन पराउनु हुन्छ कि मन पराउनु हुन्न ? यसको कारण सहित उल्लेख गर्दै तपाईंहरुले उहाँहरुबाट सिकेको कुरा के के हुन ? सङ्क्षेपमा लिखित प्रतिबेदन बनाइ प्रस्तुत गर्नुहोस ।

७. तपाँले के के काम गर्दा तपाईका परिवारका सदस्यहरु खुसी हुनु हुन्छ ? घरपरिवारमा गएर उहाँहरुसँग सोधपुछ गर्नुका साथै उहाँहरुमध्ये ककसले गर्ने कुन कुन कुराहरु तपाईंलाई मन पर्छ ? यो क्रियाकलापबाट तपाईंले के सिक्नु भयो ? यी सबैलाई समेटेर प्रतिवेदन प्रस्तुत गर्नुहोस् ।

८. तपाईंले घरपरिवारमा गएर परिवारका सदस्यहरुको सामू आफूले मन परेको गीत गाउनुहोस् वा मन परेको गीतमा नाच्नुहोस् । तपाईंको गीत सुनेर वा नृत्यको अवलोकन गरेर ककसले के के भन्नु भयो ? उहाँहरुको कुरा सुनेर तपाईंलाई कस्तो महसुस भयो ? तपाईंले गाएको वा नाचेको गीतको नामसहित उल्लिखित सबै कुरा टिपोट गरेर कक्षामा प्रतिवेदन प्रस्तुत गर्नुहोस् ।

९. तपाँको बस्तीटोलमा तपाईंले चिनेको असल नागरिकको नाम के हो ? तपाईंले उहाँसँग भेट गरेर उहाँले के के राम्रा काम गर्नु भएको रहेछ ? वहाँसँग सोध्नुहोस् । वहाँसँग भेट हुन सक्ने अवस्था नभएमा उहाँको परिवार वा उहाँको सम्बन्धमा तपाईंको आफ्नो परिवारका सदस्यसँग सोधपुछ गर्नुहोस । यो क्रियाकलापबाट तपाईंले के सिक्नु भयो ? आदि कुरालाई समेटेर प्रतिवेदन तयार गर्नुहोस् ।

१०. सोधखोज तथा अवलोकनको माध्यमबाट आफ्नो गाउँपालिका भित्रका वनहरुमा पाइने वन्यजन्तु तथा चराहरुको सूची बनाउनुहोस् । उक्त वन्यजन्तु र चराहरुको महत्व तथा संरक्षण गर्ने तरिकासमेतलाई तलको तालिकामा भर्नुहोस् ।

| क्र.स. | वन्यजन्तु/चराको नाम | महत्व | संरक्षणको तरिका |
|---|---|---|---|
| १ | कालिज | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

११. घर वरपरको खाली जमिन वा करेसाबारीमा उपयोगी बोटबिरुवाको वृक्षारोपण गर्नुहोस् । बिरुवा हुर्कनको लागि आवश्यक पर्ने तत्वहरु (पानी, मल आदि) प्रदान गर्नुहोस् । करिब १ महिनामा बिरुवाको वृद्धि कति भयो, बिरुवामा के कस्ता परिवर्तनहरु आए ? अवलोकन गरी प्राप्त विवरणहरु टिपोट गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

१२. घरबाट निस्कने फोहोरहरुको वर्गीकरण (कुहिने, नकुहिने, तरल र ग्याँस) गर्नुहोस् । फोहोरमैला व्यवस्थापन गर्ने तरिकाहरु अवलम्बन गर्नुहोस् । यसको लागि फोहोर तरल (नाली, शौचालय तथा बाथरुमबाट निस्कने तरल, भान्साबाट निस्कने फोहोर), कुहिने र नकुहिने ठोस फोहोर, ग्याँस ( वायु) आदिको व्यवस्थापन गर्ने तरिकाहरुलाई (आफू, आफ्नो परिवार) । यी कार्यबाट फोहोर व्यवस्थापन गर्दा के के प्रगति भयो ? गरेका कार्यहरुको टिपोट तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

१३. कक्षाका विद्यार्थीहरुले समूहगत रुपमा विद्यालयबाट निस्कने फोहोरहरुको वर्गीकरण (कुहिने, नकुहिने, तरल र ग्याँस) गर्नुहोस् । फोहोरमैला व्यवस्थापन गर्ने तरिकाहरु अवलम्बन गर्नुहोस् । यसको लागि फोहोर तरल (नाली, शौचालयबाट निस्कने तरल, क्यान्टिनबाट निस्कने फोहोर), कुहिने र नकुहिने ठोस फोहोर, ग्याँस (वायु) आदिको व्यवस्थापन गर्ने तरिकाहरु प्रयोग गर्नुहोस् । यी कार्यबाट फोहोर व्यवस्थापन गर्दा के के प्रगति भयो ? सङ्क्षेपमा प्रतिवेदन बनाउनुहोस् ।

१४. तपाईं हिन्दु धर्मावलम्बी हो भने कम्तिमा एकजना इसाई वा एकजना मुस्लिम धर्म मान्ने साथीसँग परिचय गरी उनीहरुले मान्ने पर्व क्रिसमस वा ईदको सम्बन्धमा के के गरिन्छ ? र के के खाइन्छ भन्ने कुरा साथीले भनेको आधारमा आफ्ना विचार सहित प्रतिबेदन बनाएर कक्षामा पेश गर्नुहोस्

अथवा तपाइँ इसाई वा मुस्लिम हो भने पनि हिन्दू धर्म मान्ने साथीको दशैंका बारेमा त्यसरी नै प्रतिवेदन तयार गरी कक्षामा पेश गर्नुहोस ।

१५. स्वास्थ्य चोकीको नर्स वा अन्य कुनै कर्मचारीलाई भेटी स्वास्थ्य चोकीले प्रवाह गर्ने सेवा र सेवा लिन अपनाउनु पर्ने प्रक्रियाका बारेमा तलको तालिकाको आधारमा प्रतिवेदन बनाइ पेश गर्नुहोस ।

| स्वास्थ्य चौकीले प्रवाह गर्ने सेवाहरु | सेवा लिनका लागि अपनाउनु पर्ने प्रक्रियाहरु |
|---|---|
| १. | १. |
| २. | २. |
| ३. | ३. |
| ४. | ४. |

१६. आफैले त्यस ठाउको अवलोकन गरेर वा त्यो सम्भव नभए त्यो अवलोकन गरेका साथी वा अभिभावकसँग सोधपुछ गरेर रानी दह वा पटौली नाकाको परिचय र महत्वको बारेमा लेख लेखेर कक्षामा प्रस्तुत गर्नुहोस ।

१७. विगत एक वर्षभित्र समुदायमा घटेका विपद्हरूको सूची अभिभावकलाई सोधि तयार गर्नुहोस। ति विपद् घट्नुका कारणहरू र भएको क्षति
लेखि तलको तालिका भर्नुहोस ।

| क्र. सं. | विपद्को नाम | सम्भावित कारण | भएको क्षति |
|---|---|---|---|
| | | | |

१८. विद्यालयबाट घर जाँदा बाटो वा सडक अवलोकन गरी विद्यालय जाँदा आउँदा हुनसक्ने सम्भावित जोखिमहरू पहिचान गर्नुहोस् । ती जोखमबाट सुरक्षित रहन गर्नुपर्ने उपाएहरू र तपाईंको भूमिका समेत उल्लेख गरी एउटा प्रतिवेदन तयार गर्नुहोस् ।

१९. आगलागि, बाढी,  र पहिरोबाट बच्नका लागि गरिने कृत्रिम घटना अभ्यासमा सहभागी भइ उक्त कृत्रिम घटनामा सहभागि भएको आधारमा गरिएका प्रक्रियाहरू बुँदागत टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

**कक्षा ५**

१. तपाई)को पालिकामा कति वटा वडा छन् ? तिनीहरुको जनसङ्ख्या कति हो ? जनसङ्ख्याको हिसावले कुन वडा कती ठूलो छ ? उल्लिखित विवरणहरु विषय शिक्षकसँगको परामर्शमा पालिकाको सम्बन्धित पदाधिकारीसँग सोधपुछ गरी तलको तालिकामा भरेर कक्षामा प्रस्तुत गर्नुहोस ।

| वडा नं | समेटिएका बस्तीटोलहरु | वडाको जनसङ्ख्या | जनसङ्ख्याको हिसावले वडाको स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

२. तपाईंले वडामा भएका बस्तीटोलहरुको नाम लेख्नुहोस् र ती बस्तीटोलहरुमा कुन कुन जातिको बसोवास रहेको छ ? सकेसम्म ती क्षेत्रमा आफैले प्रत्यक्ष गएर अवलोकन गरी तलको तालिकाका आधारमा विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस ।

| आफ्नो वडामा भएका बस्तीटोलका नाम | बसोवास गरेका जातजातिहरु | बढी बसोवास भएको जातजाति | कैफियत |
|---|---|---|---|
| (क) | | | |
| (ख) | | | |
| (ग) | | | |

३. तपाईं कहिले काँही आफ्नो बाहेक आफ्नै गाउँपालिकाको अन्य कुनै विद्यालयमा यस भन्दा पहिले जानु भएको छ कि छैन ? जानु भएको छ भने त्यहीँ गएको आधारमा र नगएको भए विषय शिक्षकसँग अनुमति लिएर कुनै विद्यालयमा जानुहोस र उक्त विद्यालय र तपाईंको विद्यालयका के कस्ता भिन्नताहरु छन् ? तपाईंको विद्यालयमा भन्दा त्यहाँ के राम्रो छ ? र त्यहाँको विद्यालयमा भन्दा तपाईंको विद्यालयमा के राम्रो छ ? उल्लिखित कुरा समेटेर प्रतिवेदन बनाइ विषय शिक्षकलाई पेश गर्नुहोस ।

४. घर वा समुदायमा पालन गरिएको कुनै एक (गाईपालन, भेडापालन, बाख्रापालन, कुखुरापालन, भैंसिपालन, बंगुरपालन, खरायोपालन, हाँसपालन, टर्कीपालन) पशुपालन र कुनै एक पंक्षीपालनको अवलोकन गर्नुहोस् । उक्तपालन कसरी गरिएको रहेछ ? पालनबाट के के फाइदाहरु भएको रहेछ ? विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

५. आफ्नो घर वा विद्यायल वा समुदायमा खेती गरिने आलु, टमाटर, केरा, च्याउखेती, गुन्द्रुक मध्ये कुनै एकको अवलोकन गर्नुहोस् । उक्त तरकारी खेती गर्ने तरिका, उत्पादन भएको अवस्था, प्रयोगको अवस्था र आीर्थक पक्षमा भएको योगदानलाई समेटी प्रतिवेदन तयार गर्नुहोस्  कक्षामा प्रस्तुत गर्नुहोस् ।

६. विद्यालयमा आएदेखि अहिलेसम्म विद्यालयबाट तपाईंले के के राम्रा बानी, सिपहरु सिक्नु भयो ? तपाईंले सिकेका बानी र सिपहरुको बारेमा तपाईंका परिवारका सदस्यहरुले के भन्नु हुन्छ ? तपाईंले सिकेको कुन सिप वा बानीले तपाईंका परिवारका कुन कुन सदस्यलाई बढि खुसी बनाएको छ ? तपाईंको सिकाइले तपाईंलाई के फाइदा भएको महसुस गर्नु भएको छ ? यी सवै कुराका आधारमा लिखित विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

७. तपाईंले घरपरिवारमा भएको कुनै कुरा झट्ट सम्झिदा वा अवलोकन गर्दा नराम्रो लागेकोमा सकारात्मक किसिमले सोच्दै जाँदा त्यो भित्र पनि के कुरा राम्रो देख्नु भयो ? तपाईंले देखेको वा सोचेको उक्त राम्रो कुराको बारेमा घरपरिवारका सदस्यहरुसँग छलफल गर्दा क-कसले के के भन्नु भयो ? यसबाट तपाईंलाई के अनुभूति भयो ? उल्लिखित सबै कुरा समेटेर लिखित प्रतिवेदन तयार गरी प्रस्तुत गर्नुहोस ।

८. घरपरिवारमा कुनै उत्सव वा चाड पर्व मनाउदा तपाईं सहभागी भइ गरेका कार्य के के हुन् ? तपाईंले मन पराएका कुरा के के हुन ? उक्त चाडपर्वलाई अझ रमाइलो र सबैजना खुसी भइ सहभागी हुनका लागि के गरेको भए हुन्थ्यो ? यस सम्बन्धमा तपाईंको आफ्नो विचार सहित आफ्ना परिवारका केही सदस्यहरुको बिचारलाई समेत समेटेर प्रतिबेदन तयार गर्नुहोस् ।

९. तपाईंले सिकेका योग, प्राणायाम र ध्यान मध्ये घरमा पनि गएर कुन कुन योग, प्राणायाम र ध्यान गर्नुहुन्छ ? तपाईंले उक्त काम गर्दा तपाईंको घर परिवारका कुन कुन सदस्यले के के भन्नु हुन्छ ? ती काम गर्दा तपाईंलाई कस्तो महसुस हुन्छ  ? तपाईंले घरमा गएर गर्ने कुनै योग, प्राणायाम र

ध्यानमध्ये कुन एकबाट हुने फाइदाको बारेमा परिवारका कुन कुन सदस्यले के भन्नुहुन्छ ? तपाईंलाई यसबाट के सिकाइ भयो ? यी सबैलाई संक्षेपमा लेखेर ल्याइ कक्षामा प्रस्तुत गर्नुहोस् ।

१०. घर वरपरको खाली जमीन वा करेसाबारीमा उपयोगी औषधिजन्य वनस्पतिहरु ( घिउकुमारी/अमला/तुलसी/असुरो...) को वृक्षारोपण गर्नुहोस् । ती वनस्पतिहरु हुर्कनको लागि आवश्यक पर्ने तत्वहरु (पानी, मल आदि) प्रदान गर्नुहोस् । करिब ३ महिनामा बिरुवाको वृद्धि कति भयो, बिरुवामा के कस्ता परिवर्तनहरु आए ? अवलोकन गर्नुहोस् । ती औषधिजन्य वनस्पतिहरु के के कामको लागि प्रयोग गरिए/गर्न सकिन्छ ? विवरण तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नहोस् ।

११. घरबाट निस्कने ठोस फोहोरमैला व्यवस्थापन गर्ने मुख्य तीन तरिकाहरु : कम प्रयोग, पुनः प्रयोग र पुनः चक्रण विधि प्रयोग गर्नुहोस् । यी तीन व्यवस्थापनका उपायहरु अवलम्बन गर्दा के के फाइदा भयो ? अनुभवलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

१२. कक्षा ५ का विद्यार्थीहरुलाई विभिन्न समूहमा बाँडि दिनुहोस् र विद्यालयबाट निस्कने ठोस फोहोरमैला व्यवस्थापन गर्ने मुख्य तीन तरिकाहरु : कम प्रयोग, पुनः प्रयोग र पुनः चक्रण विधि प्रयोग गर्नुहोस् । यी तीन व्यवस्थापनका उपायहरु अवलम्बन गर्दा के के फाइदा भयो ? अनुभवलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

१३. आफ्नो घर वा घरवरपर वा विद्यालयमा हुने पानीको प्रदूषण सम्बन्धमा अध्ययन गर्नुहोस् र प्राप्त विवरणलाई तलको तालिकामा भर्नुहोस् ।

| क्र.स. | प्रदूषण भएको स्थान | प्रदूषणका कारणहरु | प्रदूषणबाट परेको असर | प्रदूषण न्यूनीकरण गर्न गरिएका प्रयासहरु | प्रदूषण न्यूनीकरण गर्न भविष्यमा गर्नुपर्ने कार्यहरु |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

१४. हरितालिका तीज वा श्रीकृष्ण जन्माष्टमी पर्वको परिचय, महत्व र पर्व मनाउदा गरिने क्रियाकलापहरुको बारेमा उक्त पर्वमा ब्रत बस्ने आमा, दिदी, भाउजु, काकी आदिलाई सोधेर सोको आधारमा लेख लेखी कक्षामा पेश गर्नुहोस ।

१५. वडा कार्यालयमा गएर वा त्यो सम्भव नभए त्यहाँको कुनै कर्मचारीलाई भेटेर वडा कार्यालयले नागरिकाका निम्ति प्रवाह गर्ने सेवा र सेवा लिन अपनाउनु पर्ने प्रक्रियाका बारेमा तलको तालिकाको आधारमा प्रतिवेदन बनाई पेश गर्नुहोस ।

| वडा कार्यालयले प्रवाह गर्ने सेवाहरु | सेवा लिनका लागि अपनाउनु पर्ने प्रक्रियाहरु |
|---|---|
| १. | १. |
| २. | २. |
| ३. | ३. |
| ४. | ४. |

१६. सामुदायिक वन उपभोक्ता समितिले सामुदायिक वनको संरक्षण, सदुपयोग र विकासका लागि के भूमिका निर्वाह गर्न सक्छ भन्ने सम्बन्धमा स्थानीय वन उपभोक्ता समितिका सदस्यहरु, स्थानीय व्यक्तिहरु र घरमै भएका अभिभावकहरुसँग गरिएको छलफल र भलाकुसारीको आधारमा आफ्नो विचार सहित प्रतिवेदन तयारी गरी पेश गर्नुहोस् ।

**कक्षा ६**

१. तपाईंको पालिकामा के कति पर्यटक स्थलहरु छन् ? र पर्यटकहरु त्यहाँ जानु पर्ने कारण के छ ? उक्त स्थानहरुमा तपाईं आफैले अवलोकन गर्नु भएको छ भने आफूले अवलोकन गरेका आधारमा र आफूले अवलोकन नगरेको भए अन्य जानकार व्यक्तिसँग सोधपुछ गरी तलको तालिकामा भरेर कक्षामा पेश गर्नुहोस ।

| पालिकामा भएका पर्यटकीय स्थलहरु | पर्यटन स्थल रहेको बस्तीटोल र वडा नं. | उक्त स्थानमा पर्यटक जानु पर्ने प्रमुख कारण | कैफियत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |

२. तपाईंले गाउँपालिकाका जनप्रतिनिधिहरु मध्ये तपाईंले गरेको अध्ययन, भेटघाट र सोधपुछको आधारमा तल लेखिएका जनप्रतिनिधिहरुको विवरण देहायको तालिकामा भरी कक्षामा पेश गर्नुहोस ।

| पालिकाका पदाधिकारीहरु | उनीहरुले गर्ने प्रमुख काम | कैफियत |
|---|---|---|
| (क) गाउँपालिका अध्यक्ष | | |
| (ख) गाउँपालिकाका उपाध्यक्ष | | |
| (ग) वडाध्यक्ष | | |
| (घ) वडा सदस्य | | |

३. गाउँपालिकाको वडाले शिक्षा, युवा तथा बालबालिकाका लागि कानुन अनुसार के कस्ता काम गर्ने प्रावधान छ र काम के गरिरहेको छ ? गर्नु पर्ने र गरेका कामहरुको बीचमा के भिन्नता छ ? उक्त भिन्नतालाई घटाउन के गर्नु पर्ने देखिन्छ ? वडामा काम गर्ने सम्बन्धित क्षेत्रका पदाधिकारी र अन्य जानकारहरुसँग सोधपुछ गरेर आफ्नो अनुभूति सहितको प्रतिवेदन तयार पारी कक्षामा पेश गर्नुहोस ।

४. आफ्नो घर वा विद्यालयमा भैंसिपालन/कुखुरापालन वा अन्नबालीहरु (धान, मकै, गहुँ, जौं) को खेती कार्यमा सहभागी हुनुहोस् । यसरी सहभागी हुँदा पालन वा खेती गर्ने तरिका, उत्पादन भएको वस्तु, प्रयोगको अवस्था, विक्री वितरण सम्बन्धी विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

५. आफ्नो घर वा विद्यालयमा गरिने कुनै एक तरकारी खेती (साग, बन्दा, काउली, टमाटर, गोलभेडा, खुसार्नी) मा सहभागी हुनुहोस् । खेती गर्दा चाहिने सामग्रीहरु, खेती गर्ने तरिका र उक्त खेती कार्यमा सहभागी, उत्पादित तरकारी र प्रयोग तथा बजारीकरण सम्बन्धी विवरण समावेश गरी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

६. हस्त निर्मित सामाग्रीहरु (ढकिया, बिँडा, परालको गुन्द्री) मध्ये कुनै एक सामग्री निर्माण गरी कक्षामा प्रदर्शन गर्नुहोस् ।

७. तपाईंको छरछिमेका कुन कुन धर्म मान्ने मान्छेहरु छन् ? तीमध्ये हरेक धर्म मान्ने एक एक जनालाई आफैले भेटघाट गरी सोधपुछ गर्नुहोस् र उनीहरुले भनेको आधारमा विभिन्न धर्म मान्नुको कारण र उक्त धर्म मान्दा गर्ने क्रियाकलापहरुलाई समेट्दै यसबाट आफूमा विकास भएको अन्तर्दृष्टिलाई समेत उल्लेख गरी प्रतिवेदन तयार गर्नुहोस्

८. तपाईंको परिवारमा धेरै बोल्नु पर्ने र कम बोले पनि पुग्ने स्वभावका मानिसहरु को को हुनुहुन्छ ? उहाँहरुको उक्त स्वभावको बारेमा परिवारका अन्य सदस्यहरुले के के भन्नु हुन्छ ? यसमा तपाईंको विचार के छ ?

९. घरपरिवार वा टोलछिमेकमा तपाई समेत सहभागी भएको कुनै चाडपर्व वा उत्सव मनाउदा के के गरिएको थियो ? उक्त अवसरमा तपाईंले चिनेका कुन कुन मानिसहरु थिए ? तपाईंले उक्त चाडपर्व र उत्सवमा के के गर्नु भयो र र के के खानु भयो ? अति नै मन परेका कुराहरु के के थिए ? यी सबै क्रियाकलापबाट तपाईंले सिकेको कुरा के हो ? यी सबैको विवरण तयार गरी प्रतिवेदन बनाउनुहोस् । आफ्नो विचार के छ ? उल्लिखित सबै कुरा समेटेर प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस ।

१०. तपाईं र तपाईंको परिवारको सदस्य वा तपाईंको कुनै साथी मिलेर बस्तीटोलमा भएको असहज अवस्थाको व्यक्तिलाई सहयोग गर्नु होस् । तपाईंले उक्त सहयोग गर्दा उक्त असहज अवस्थाको व्यक्तिमा के परिवर्तन पाउनु भयो ? उहाँले तपाईंहरुलाई के भन्नु भयो र कस्तो व्यवहार गर्नुभयो ? त्यतिबेला तपाईंलाई कस्तो अनुभूति भयो ? उल्लिखित सवै कुरा समेटेर प्रतिवेदन बनाइ पेश गर्नुहोस् ।

**११.** विद्यालयको नर्सरी निर्माण कार्यमा सहभागी हुनुहोस् । नर्सरीबाट उत्पादित बेर्नाहरुलाई खाली ठाउँमा रोप्नुहोस् । कक्षाका विद्यार्थीहरु समूहगत रुपमा विभिन्न समूहमा बाँडि दिनुहोस् र बेर्ना हुर्कनाको लागि आवश्यक वस्तुहरुको नियमित रुपमा प्रवाह गर्नुहोस् । करिब २/३ महिनामा उक्त बेर्नाहरुको वृद्धिको अवलोकन गर्नुहोस् । यो कार्य गर्दा आफूले गरेका कार्यहरु र भएको प्रगतिलाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

१२. घर वरपरको खाली ठाउँ वा कौसी वा बरण्डामा सागसब्जी तथा दैनिक रुपमा घरमा प्रयोग गर्न सकिने अन्य वनस्पति खेती गर्नुहोस् । नियमित रुपमा उक्त सागसब्जी तथा वनस्पतिको उत्पादन हुन आवश्यक पर्ने वस्तुहरु (पानी, मल, गोडमेल) प्रदान गर्नुहोस् । उत्पादित वस्तुहरु उपभोग गर्नुहोस् र बढी भएको उत्पादित वस्तुको बिक्री वितरण गर्नुहोस् । यी सबै कार्यहरुलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

१३. तपाईं घर वा घरवरपर वा विद्यालयमा हुने प्रदूषणका प्रकारहरु पहिचान गर्नुहोस् र उक्त प्रदूषणको गहन अध्ययन गरी प्राप्त विवरणलाई तलको तालिकामा भर्नुहोस् ।

| क्र.स. | प्रदूषणको प्रकार | प्रदूषणका कारक तत्व तथा कारणहरु | प्रदूषणबाट भएको असर | प्रदूषण न्यूनीकरण गर्न अपनाइएका प्रयासहरु | प्रदूषण न्यूनीकरण गर्न भविष्यमा चाल्नुपर्ने कदमहरु |
|---|---|---|---|---|---|
| १ | वायु प्रदूषण | | | | |
| २ | जल प्रदूषण | | | | |
| ३ | जमिन प्रदूषण | | | | |
| ४ | ध्वनि प्रदूषण | | | | |
| ५ | विद्युतीय प्रदूषण | | | | |

१४. कक्षामा छलफल गरे बाहेकका आफ्नो व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर आफ्नो गाउटोल, समाज र समग्र मुलुकको हितका लागि काम गर्ने बस्तीटोलका मानिसहरुको सूची र उनीहरुले गरेका त्यस्ता कामहरु देहायको तालिकामा भरी प्रस्तुत गर्नुहोस ।

| क्र.सं | आफ्नो व्यक्तिगत स्वार्थ भन्दा माथि | उनीहरुले गरेका राम्रा कामहरु |
|---|---|---|

| | | |
|---|---|---|
| | उठेर काम गर्ने गाउटोलका राम्रा मानिसहरु | |
| | | |
| | | |

१५. थारु जातिको महत्वपूर्ण चाडको रुपमा रहेको माघी पर्वमा गरिने क्रियाकलापहरु, यसका राम्रा पक्षहरु र सुधार गर्नुपर्ने पक्षहरुको बारेमा समेत सम्बन्धित जातिका जानकारहरुसँग सोधपुछ गरी आफ्ना समेत विचारहरु समेटेर प्रतिवेदन बनाइ कक्षामा पेश गर्नुहोस ।

१६. अभिभावकको सहयोगले जङगलबाट चिराइतो, कुरिल्लो, हर्रो, बर्रो, अमला र पिपला आदिका नमूना सङ्कलन गरी अभिभावक र छिमेकीहरुलाई यसको महत्वको बारेमा सोध्नुहोस् र आफूले पनि कक्षामा सिकेको कुरा उहाँहरुलाई भन्नुहोस् । तपाईंले कक्षामा सिकेको कुरा र उनीहरुले भनेको कुरामा के भिन्नता र के समानता छ ? यी सबै कुरा समेटेर आफ्नो विचार समेत राखी प्रतिवेदन लेखेर कक्षामा पेश गर्नुहोस् ।

१७. विगत एक वर्षभित्र समुदायमा घटेका विपद्हरूको सूची अभिभावकलाई सोधि तयार गर्नुहोस। ति विपद् घट्नुका कारणहरू र भएको क्षति लेखि तलको तालिका भर्नुहोस ।

| क्र. सं. | विपद्को नाम | सम्भावित कारण | भएको क्षति |
|---|---|---|---|
| | | | |

**१८.** चाडपर्वको समयमा हुनसक्ने सम्भावित जोखिमहरू पहिचान गर्नुहोस् । ती जोखिमबाट सुरक्षित रहन गर्नुपर्ने उपायहरूको सम्बन्धमा परिवारका अभिभावकहरुललाई सोधेर तपाईंको भूमिका समेत उल्लेख हुने गरी एउटा प्रतिवेदन तयार गर्नुहोस् ।

१९. तल उल्लेखित प्रमुख विपद्हरू घट्ने समयका आधारमा अभिभावकसँग छलफल गरी प्रकोप पात्रो तयार पार्नुहोस् ।

| **विवरण** | बैशाख | जेठ | असार | साउन | भदौ | असोज | कात्तिक | मंसिर | पुस | माघ | फागुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बाढी | | | | | | | | | | | | |
| पहिरो | | | | | | | | | | | | |
| हावाहुरी | | | | | | | | | | | | |
| चट्याङ्ग | | | | | | | | | | | | |
| आगलागी | | | | | | | | | | | | |
| भूकम्प | | | | | | | | | | | | |
| सर्पदंश | | | | | | | | | | | | |
| जङ्गली जनावरको आक्रमण | | | | | | | | | | | | |

**कक्षा ७**

१. भर्ना हुन नसकेका बालबालिकाहरु छन् भने तिमध्ये कम्तीमा कुनै एकजनालाई भेट गरी तलको तालिकाका आधारमा तिम्रो विचारसहित प्रतिवेदन तयार गरेर विषय शिक्षकलाई पेश गर्नुहोस ।

| विद्यालयमा भर्ना हुन नसकेका बालबालिकाको नाम, थर | ठेगाना | विद्यालय नआउनुको कारण (सम्बन्धित विद्यार्थी र अभिभावकलाई सोधेर) | विद्यालयमा भर्ना गर्ने उपाय |
|---|---|---|---|
| १. | | | |
| २. | | | |

२. तपाईंले गाउँपालिकाका रहेका सुरक्षा चौकी (निकाय) ले गर्नु पर्ने काम के हो र त्यो काम गरिहेको छ कि छैन ? यस बारेमा सुरक्षा चौकीका पदाधिकारी र जनसमुदायसँग सोधपुछ गरी आफ्नो विचार समेतका आधारमा तलको तालिकामा भरी कक्षामा पेश गर्नुहोस ।

| सुरक्षा चौकीले गर्नु पर्ने काम | सुरक्षा चौकीले गरिरहेको काम | कैफियत |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

३. गाउँपालिकाले नागरिकका निम्ति प्रदान गर्ने सेवाहरु के के हुन ? ती सेवाहरु प्राप्त गर्नका लागि के के प्रक्रिया पूरा गर्नुपर्दछ ? यस सम्बन्धमा गाउँपालिकामा गएर सोधपुछ गरी वा त्यहाँ भएको नागरिक बडापत्रको अध्ययन गरी वा  सम्बन्धित क्षेत्रका पदाधिकारी र अन्य जानकारहरुसँग सोधपुछ गरेर आफ्नो अनुभूति सहितको प्रतिबेदन तयार पारी कक्षामा पेश गर्नुहोस ।

४. आफ्नो घर वा विद्यालयमा बाख्रापालन/भेडापालन वा दलहन बालीहरु (केराउ, चना, मटर) को खेती कार्यमा सहभागी हुनुहोस् । यसरी सहभागी हुँदा पालन वा खेती गर्ने तरिका, उत्पादन भएको वस्तु, प्रयोगको अवस्था, विक्री वितरण सम्बन्धी विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

५. आफ्नो घर वा विद्यालयमा गरिने कुनै एक तरकारी खेती (भन्टा, करेला, लौका, फर्सी, कुभिण्डो, सिमी, भिण्डी, बोडी, मेथी, मुला, गाजर, सलगम, च्याउ)  मा सहभागी हुनुहोस् । खेती गर्दा चाहिने सामग्रीहरु, खेती गर्ने तरिका र उक्त खेती कार्यमा सहभागी, उत्पादित तरकारी र प्रयोग तथा बजारीकरण सम्बन्धी विवरण समावेश गरी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुाहेस् ।

६. हस्त निर्मित सामाग्रीहरु (झौवा, नाङ्लो, बाबियोको डोरी बाट्न) मध्ये कुनै एक सामग्री निर्माण गरी कक्षामा प्रदर्शन गर्नुहोस् ।

७. हाम्रो परिवार र बस्तीटोलमा परम्परादेखि चलिआएका प्रचलन र रीतिरिवाजहरु के के छन् ? तीमध्ये पूर्वी दर्शनसँग सम्बन्धित भएका प्रचलन र रीतिरिवाजहरु के के हुन् ? तिनीहरुमध्ये कुन कुन प्रचलन र रीतिरिवाजले हामीलाई सभ्य र खुसी बनाउन सहयोग गरिरहेका छन् ? पूर्वीय दर्शनको बारेमा केही जानकारी राख्ने तपाइको टोलका कुनै व्यक्तिका विचार सहित यसबाट आफूले आर्जन गरेको भावना र सिकाइलाई समेत समेटेर प्रतिबेदन तयार गरी प्रस्तुत गर्नुहोस् ।

८. तपाईंले हरेक दिन विहान उठ्दा र बेलुका सुत्दा राम्रो कुराहरुको टिपोट गर्ने बानीले तपाईको जीवनमा पारेको सकारात्मक प्रभाव के हो ?  यसको बारेमा तपाइँका परिवारका सदस्य र

साथीहरुको भनाइ के छ ? तपाईको स्वभाव र आचरणमा यसबाट भएको परिवर्तन वा सिकाइ के हो ? उल्लिखित सबै कुरा समेटेर प्रतिबेदन बनाइ प्रस्तुत गर्नुहोस् ।

९. तपाईंको घरपरिवारका सदस्यहरुसँग मिलेर तपाईंले अहिलेसम्म शारीरिक श्रमसँग सम्बन्धित प्रमुख पाँच कामहरु के के हुन् ? तपाईंको उक्त काममा भएको सहभागिताको सम्बन्धमा तपाईंको परिवारका सदस्यहरुको भनाइ के कस्तो छ र तपाईंलाई उक्त काममा सहभागी हुँदा के कस्तो अनुभूति भयो ? उल्लिखित सबै कुरा समेटेर प्रतिवेदन बनाई पेश गर्नुहोस् ।

१०. घरपरिवार वा छरछिमेकमा भएका जेष्ठ नागरिकसँग भेटघाट गरी उहाँले आफ्नो जीवनमा गरेका राम्रा कुराहरु के के रहेछन् ? उहाँलाई कुन कुराको धेरै सम्झना आउँदो रहेछ ? कुन कुरा गरेकोमा उहाँ धेरै खुसी हुनुहुदो रहेछ ? उनीहरुले भनेको आधारमा तपाईंले खुसी हुनका लागि के सिक्नु भयो ? आदि कुरा समेटेर प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

११. गड्यौला मल बनाउने विधि अनुसार घरमा वा विद्यालयमा गड्यौला मल बनाउने कार्यमा सहभागी हुनुहोस् । तयार भएको गड्यौला मललाई प्रयोग गर्ने विधि अनुसार तरकारी खेती, पुष्पखेती, फलफूल खेतीमा प्रयोग गर्नुहोस् । यो मल प्रयोग गर्दा भएका फाइदा तथा उपयोगिता सम्बन्धमा आफ्नो अनुभव समेतलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् ।

१२. घर तथा विद्यालयमा करेसाबारी/बगैंचा निर्माण गरी वा कौसी वा वरण्डा वा गमलामा तरकारी खेती/पुष्पखेती/फलफूल खेती गर्नुहोस् । यसबाट उत्पादित वस्तुहरु, तिनीहरुको उपयोग, भएको फाइदा सम्बन्धी विवरणलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

१३. हरित घरको अवधारणा अनुसार घर वरपरको खाली ठाउँमा उपयोगी हुने वनस्पति रोप्नुहोस् । उक्त वनस्पति हुर्कनाका लागि आवश्यक पर्ने तत्वहरु नियमित रुपमा प्रदान गर्नुहोस् । वनस्पति हुर्केको अवस्थाको चित्र वा भिडियो तयार गरी कक्षामा देखाउनुहोस् ।

१४. कक्षाका विद्यार्थीहरु पाँच समूहमा विभाजन हुनुहोस् र समूहगत रुपमा हरित विद्यालयको अवधारणा अनुसार विद्यालय वरपरको खाली ठाउँमा उपयोगी हुने वनस्पति रोप्नुहोस् । उक्त वनस्पति हुर्कनाको लागि आवश्यक पर्ने तत्वहरु नियमित रुपमा प्रदान गर्नुहोस् । वनस्पति हुर्केको अवस्थाको चित्र वा भिडियो तयार गरी कक्षामा समूहगत रुपमा प्रस्तुत गर्नुहोस् ।

१५. तपाईंले आफ्नो पालिकामा भएका ताल, छहरा र झरनाहरुको नाम लेखी तिनीहरुको महत्व र संरक्षण गर्नु पर्ने कारणबारे तलका तालिकामा भरी प्रस्तुत गर्नुहोस ।

| क्र.सं | दंगिशरण गाउँपालिकामा भएका ताल, कृतिम हाइड्याम र झरनाहरुको नाम | महत्व | संरक्षण गर्नु पर्ने कारण |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |

१६. आफूले देखेको, नाँचेका र यो कक्षा र अघिल्ला कक्षाहरुमा अध्ययन गरेको आधारमा तल समावेश गरिएका नाचहरुको बारेमा तालिकाका भरी कक्षामा पेश गर्नुहोस ।

| नाचहरुको नाम | नाच नाँच्ने जातजातिहरु | नाचमा लगाइने पहिरन र बजाइने बाजाहरुको नाम |
|---|---|---|
| १. झुम्रा नाच | १. | |
| २. लट्ठहवा नाच | २. | |
| ३. झ्याउरे नाच | ३. | |
| ४.टप्पा नाच | ४. | |
| ५.पैया नाच | | |

१७. अभिभावकको सहयोगले जङगलबाट गुर्जो, विजयसाल, दालचिनी,  आकाशवेली, नीम, अर्जुन र खयर आदिका नमूना सङ्कलन गरी अभिभावक र छिमेकीहरुलाई यसको महत्वको बारेमा सोध्नुहोस् र आफूले पनि कक्षामा सिकेको कुरा उहाँहरुलाई भन्नुहोस् । तपाईंले कक्षामा सिकेको कुरा र उनीहरुले भनेको कुरामा के भिन्नता र के समानता छ ? यी सबै कुरा समेटेर आफ्नो विचार समेत राखी प्रतिबेदन लेखेर कक्षामा पेश गर्नुहोस् ।

१८. निम्नानुसार सूची प्रयोग गरी आफ्नो घर भूकम्पबाट कति सुरक्षित छ, घरको अवलोकन एवम् अभिभावकसँग गरिएको छलफलको आधारमा प्रतिवेदन तयार गर्नुहोस् ।

| क्रं.सं. | सूचकहरू | सुरक्षित छ | सुरक्षित छैन | कारण |
|---|---|---|---|---|
| **संरचनात्मक** | | | | |
| १ | पर्खाल | | | |
| २ | छत वा छानो | | | |
| | | | | |
| | | | | |
| **गैर संरचनात्मक** | | | | |
| १ | दराज | | | |
| २ | टिभि | | | |
| | | | | |
| | | | | |

१९. कुनै २ जना मोटरसाइकल वा स्कुटर चालकलाई भेटी मोटरसाइकल वा स्कुटरबाट यात्रा गर्दा हुने सम्भाव्य जोखिम र साबधानिका उपायहरू सहित तलको तालिका पूरा गर्नुहोस् र सो का आधारमा 'मोटरसाइकल वा स्कुटरमा सुरक्षित यात्रा' विषयक एक निबन्ध लेख्नुहोस् ।

| क्रं.सं. | मोटरसाइकल वा स्कुटर चालकको नाम | सम्भावित जोखिमहरू | साबधानीका उपाएहरू |
|---|---|---|---|
| १ | | | |
| २ | | | |

२०. नजिकैको स्वास्थ्य संस्थाका सवास्थ्यकमीलाई भेटी झाडा पखला, कोभिड, बर्ड फ्लू, र डेङ्गु कसरी सर्छन् र तिनीहरूबाट बच्ने उपायहरू के हुन भनेर सोध्नुहोस । सोको तलको खाका प्रयोग गरी प्रतिवेदन तयार गर्नुहोस् ।

क. शीर्षक

ख. उद्देश्य

ग. विधिहरू

घ. मुख्य प्राप्तिहरू

ङ. निष्कर्ष

**कक्षा ८**

१. तपाईंको वडा र पालिकामा सञ्चालनमा रहेका एवम् सञ्चालन हुने भनी निर्णय भएका गौरवका आयोजनाहरुको देहायको विवरण तपाइले गरेको अध्ययन, सोधपुछ र अवलोकनको आधारमा देहायका तालिकामा भरी कक्षामा विषय शिक्षकलाई पेश गर्नुहोस ।

| गौरवको आयोजनाको नाम | आयोजना सञ्चालन हुने स्थान | आयोजनाले गर्ने काम र पुऱ्याउने सेवा | सम्पन्न हुने अवधि र लागत अनुमान |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४ | | | |

२. दंगिशरण गाउँपालिकाले शिक्षाको बिकासका लागि जारी गरेका ऐन र नियमावलीहरुको देहायको तालिकामा लेखी उक्त ऐन वा नियमावली जारी गर्नु पर्ने खास कारण के हो ? गाउँपालिकाका पदाधिकारी र सम्बन्धित जानकारहरुसँग सोधपुछ र अध्ययन गरी आफ्नो विचार समेतका आधारमा तलको तालिकामा भरी कक्षामा पेश गर्नुहोस ।

| गाउँपालिकाले जारी गरेका ऐन र नियमावली | जारी गर्नु पर्ने खास कारण | कैफियत |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |

३. लुम्बिनी प्रदेशको नक्सा बनाइ त्यहाँ भएको तपाईंको जिल्ला र गाउँपालिकाले नक्सामा प्रमुख पर्यटकीय स्थल, जिल्ला सदरमुकाम, प्रमुख सडक र शहर, प्रमुख नदी र ताल आदि भरेर कक्षामा पेश गर्नुहोस ।

४. नाकास्तरीय खेलकुदको आरम्भ भएदेखि यसले दंगिशरण लगायत नाकाक्षेत्रमा पारेको प्रभाव र हासिल गरेका उपलब्धिहरुका बारेमा सरोकारवालाहरुसँग छलफल गरी प्रतिबेदन तयारी गरी कक्षामा प्रस्तुत गर्नुहोस ।

५. आफूले देखेका र अरुबाट सुनेका दंगिशरण गाउँपालिकाका विभिन्न नाकाहरुको तलको तालिकामा नाम लेखी यसको महत्वको समेत उल्लेख गरेर कक्षामा पेश गर्नुहोस् ।

| नाकाहरुको नाम | अवस्थिति (वडा नं. र बस्तीटोलको नाम) | महत्व र उपादेयता |
|---|---|---|
| १. | १. | |
| २. | २. | |
| ३. | ३. | |
| ४. | ४. | |

६. कक्षामा छलफल गरे बाहेकका आफ्नो व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर आफ्नो बस्तीटोल, समाज र समग्र मुलुकको हितका लागि काम गर्ने दंगिशरण गाउँपालिकाका महानुभाव ( साहित्यकार, कलाकार, समाजसेवी, खेलाडी, शिक्षाविद्, सीमारक्षक, वन तथा वातावरण विज्ञ आदि) हरु उनीहरुले सम्पादन गरेका कामहरु तालिकामा भरी प्रस्तुत गर्नुहोस ।

| क्र.सं | आफ्नो व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर काम गर्ने दंगिशरण गाउँपालिका राम्रा मानिसहरु | सम्पादन गरेका कामको क्षेत्र | सम्पादन गरेका |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

७. आफ्नो घर वा विद्यालयमा गाईपालन/बंगुरपालन वा बेमौसमी तरकारीहरु (टमाटर, लौका, करेला, भिण्डी) को खेती कार्यमा सहभागी हुनुहोस् । यसरी सहभागी हुँदा पालन वा खेती गर्ने तरिका, उत्पादन भएको वस्तु, प्रयोगको अवस्था, विक्री वितरण सम्बन्धी विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

८. आफ्नो घर वा विद्यालयमा गरिने कुनै एक नगदेबाली (तोरी, मसुरो, अरहर, तिल, अर्सी) को खेती कार्यमा सहभागी हुनुहोस् । खेती गर्दा चाहिने सामग्रीहरु, खेती गर्ने तरिका र उक्त खेती कार्यमा सहभागी, उत्पादित तरकारी र प्रयोग तथा बजारीकरण सम्बन्धी विवरण समावेश गरी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुाहेस् ।

९. हस्त निर्मित सामाग्रीहरु (डोको, छिटोनी, चकटी) मध्ये कुनै एक सामग्री निर्माण गरी कक्षामा प्रदर्शन गर्नुहोस् ।

१०. तपाईको घरमा को को हुनु हुन्छ ? उहाँहरुले के के काम गर्नु हुन्छ ? उहाँहरुले गर्ने कामले तपाई वा तपाईंको परिवारलाई के कस्तो फाइदा भइरहेको छ वा फाइदा हुने देख्नु भएको छ ? घरका जेष्ठ नागरिक वा आफूभन्दा अग्रजसँग सोधपुछ गरी यसबाट तपाईले सिकेको कुरालाई समेत समेटेर प्रतिबेदन बनाउनुहोस ।

११. तपाईं आफू भविष्यमा के हुने उद्देश्य राख्नु भएको छ ? यो उद्देश्य राख्नुमा तपाईंसँग हाल भएका के कस्ता सक्षमताहरुले तपाईंको मनोबल बढाएका हुन् ? तपाईंको यो उद्देश्यको बारेमा तपाईंका परिवारका सदस्य र साथीहरुले के भन्नु हुन्छ ? तपाईंले आफ्नो जविनको लागि गरिएको उद्देश्य निर्धारणले तपाईंलाई के असर परेको छ ? उल्लिखित सबै कुरा समेटेर प्रतिवेदन तयार गरी प्रस्तुत गर्नुहोस् ।

१२. कस्तो जीवनलाई सन्तुलित जीवन भनिन्छ ? सन्तुलित जीवनले मानिसलाई कसरी खुसी प्रदान गर्न सहयोग गर्दछ ? यस सम्बन्धमा आफ्नो टोलका केही बयोबृद्ध र केही समकक्षीहरुको जमघट गराइ उनीहरुबाट व्यक्त विचारहरुलाई समेट्दै यसबाट तपाईंले आर्जन गरेको अनुभूति र सिकाइलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् ।

१३. तपाईंको परिवारको गोत्र र वंश के हो ? तपाईंको पूर्खा तपाईं अहिले भएको स्थानमा कहाँबाट आउनु भएको हो ? तपाईंको बंशजहरुको बसोबास विशेषगरी कहाँ कहाँ छ ? तपाईंको मामातिरको र तपाईंको परिवारतिरको वंश र गोत्र एउटै हो कि फरक हो ? विहेबारी लगायतका काम गर्दा गोत्र र बंशको ख्याल किन गर्ने गरिन्छ ? यसको कारण के हो ? यो सम्बन्धमा तपाईंका घरपरिवारका अग्रज लगायत समाजका मानिसहरुले के भन्छन् ? यसबाट तपाईंले आर्जन गरेको नयाँ अनुभूति वा सिकाइ के हो ?  उल्लिखित सबै कुरा समेटेर प्रतिवेदन बनाइ पेश गर्नुहोस् ।

**१४.** घरायसी तथा विद्यालयबाट निस्कने ठोस फोहोरको प्रयोग गरी विन र पिट कम्पोष्टिङ विधिबाट मल बनाउनुहोस् । आवश्यकता अनुसार उक्त तयारी मललाई  तरकारी खेती, पुष्पखेती, फलफूल खेतीमा प्रयोग गर्नुहोस् । यो मल प्रयोग गर्दा भएका फाइदा तथा उपयोगिता सम्बन्धमा आफ्नो अनुभवसमेतलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् ।

१५. कक्षाका विद्यार्थीहरु समूहमा विभाजन हुनुहोस् र मल बनाउने विभिन्न विधिमध्ये विद्यालयबाट निस्कने कुहिने फोहोरको प्रयोगबाट विन कम्पोष्टिङ वा पिट कम्पोष्टिङ मध्ये कुनै एक विधिबाट मल तयार गर्नुहोस् र आवश्यकताअनुसार करेसाबारी, पुष्पखेती, जडीबुटी खेती वा अन्य खेतीमा प्रयोग गर्नुहोस् ।

१६. आकासे पानी संकलन गर्ने विधिअनुसार विद्यालयका सम्बन्धित विषयका शिक्षकलाई अनुरोध गर्नुहोस् र आकाशे पानी संकलन गर्नुहोस् । संकलित पानीलाई आवश्यकताअनुसार सरसफाइ गर्न, सिँचाइ गर्न प्रयोग गर्नुहोस्  । यस किसिमको कार्य गर्दा हुने फाइदाहरुको सम्बन्धमा विवरण तयार गरी प्रतिवेदन तयार गर्नुहोस् ।

१७. पाँच समूहमा कक्षाका विद्यार्थीहरु विभाजन हुनुहोस् । तपसिलका कार्यहरु तपसिलका समूहले सम्पन्न गरी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

| समूहको नाम | समूहले गर्नुपर्ने कार्यहरु |
|---|---|
| ऊर्जा समूह | विद्यालयमा प्रयोग भएका ऊर्जाका प्रकार (सौर्य ऊर्जा, विद्युत आदि), ऊर्जाको प्रयोग (सिकाइ, प्रशासनिक कार्य, कम्प्युटर सञ्चालन आदि) |
| पानी समूह | विद्यालयमा प्रयोग भएको पानीको स्रोतहरु (धारा, कुवा, इनार, आकाशे पानी आदि), पानीको प्रयोग (सिँचाइ, पिउने, सफाइ गर्ने वा अन्य), पानीको संरक्षणका कार्यहरु |
| सरसफाइ समूह | विद्यालयको खेलमैदान, कक्षाकोठाको सरसफाइ आदि |
| फोहोरमैला व्यवस्थापन समूह | विद्यालयबाट निस्कने फोहोरको प्रकार (कुहिने, नकुहिने, तरल, ग्याँस वा अन्य), फोहोरमैला व्यवस्थापनका उपायहरु |
| सिकाइ व्यवस्थापन समूह | बँगैचाका, करेसाबारी, ऊर्जा (सौर्य, पानी) मा सिकाइको लागि प्रयोग |
| हरियाली प्रवर्धन समूह | वृक्षारोपन, पुष्पखेती, जडीबुटी खेतीको कार्य |

१८. निम्नानुसार सूची प्रयोग गरी हाम्रो विद्यालय भूकम्पबाट कति सुरक्षित छ, विद्यालय परिसर र भवनहरूको अवलोकन एव शिक्षकहरूसँग छलफल गरी एक प्रतिवेदन तयार गर्नुहोस् ।

| क्र.सं. | सूचकहरू | सुरक्षित छ | सुरक्षित छैन | कारण |
|---|---|---|---|---|
| **संरचनात्मक** | | | | |
| १ | पर्खाल | | | |
| २ | छत वा छानो | | | |
| | | | | |
| **गैरसंरचनात्मक** | | | | |
| १ | दराज | | | |
| २ | बेन्च डेस्क | | | |
| | | | | |
| | | | | |

१९. प्रविधिको प्रयोग गरी गुगल सर्च गरेर तल उल्लिखित महामारीसँग सम्बन्धित विवरण सङ्कलन गरेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

| क्र.सं. | महामारीहरू | महामारी पत्ता लागेको वर्ष | महामारी सुरु भएको देश | महामारीको कारण | मृत्यू भएका मानिस सङ्ख्या | औषधि | सुरक्षाका उपाएहरू |
|---|---|---|---|---|---|---|---|
| १ | **झाडापखला** | | | | | | |
| २ | प्लेग | | | | | | |
| ३ | फ्लू | | | | | | |
| ४ | एचआईभी एड्स | | | | | | |
| ५ | कोभिड-१९ | | | | | | |

२०. विपद्को समयमा सूचना अति आवश्यक हुन्छ । सूचनाको माध्यमबाट सामूहिक प्रतिकार्य समयमै हुन्छ । त्यसकारण जुनसुकै विपदमा प्रयोग हुने गरी तलको तालिकामा आकस्मिक सम्पर्क व्यक्ति र आकस्मिक सम्पर्क नम्बरहरू खोजी कक्षामा टास्नुहोस् ।

## ७. सिकाइ सहजीकरण प्रक्रिया र विधि

### (क) कक्षा १-३

पाठ्यक्रमले विद्यार्थीहरुबाट अपेक्षा गरेका सिकाइ उपलब्धि सहज र सरल तरिकाले हासिल गर्न/गराउन शिक्षक तथा विद्यार्थीहरुले गर्ने सम्पूर्ण क्रियाकलापहरु सिकाइ सहजीकरण प्रक्रियाभित्र पर्दछन् । एकीकृत पाठ्यक्रमले सिकाइ उपलब्धिको आधारमा मूल्यांकन गर्ने गरी विद्यार्थी मूल्यांकनको खाका तय गरेको छ । दैनिक सिकाइ सहजीकरणको क्रममा नै निर्धारित सिकाइ उपलब्धि हासिल भए नभएको लेखाजोखा गर्न शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अंगको रुपमा मूल्याङ्कनलाई प्रयोग

गर्नुपर्ने कुरा वर्तमान पाठ्यक्रमले उल्लेख गरेकाले सोही बमोजिमका सिकाइ क्रियाकलापहरु अवलम्बन गर्नुपर्ने हुन्छ । यस पाठ्यक्रमले सिकाईलाई प्रभावकारी र दिगो बनाई उनीहरुको स्थानीय विषयवस्तु र आवश्यकताअनुसारको ज्ञान, सिप र अभिवृत्तिको विकासको सुनिश्चिततताको अपेक्षा गरेको छ । जसका लागि बालबालिका केन्द्रित, अन्तरक्रियात्मक, सहयोगात्मक तथा प्रत्यक्ष अनुभवमा आधारित शिक्षण विधि र रणनीतिहरुको प्रयोगमा जोड दिनुपर्ने हुन्छ । यस अनुसार कक्षाकोठामा हुने शिक्षणमा पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, श्रव्यदृश्य सामग्री, सन्दर्भ सामग्रीका अतिरिक्त सकेसम्म स्थानीय स्तरमा उपलब्ध तथा स्वनिर्मित स्रोत र साधनहरुलाई शैक्षणिक सामग्रीको रुपमा प्रयोग गर्नु पर्छ । समयको माग बमोजिम सिकाइलाई निरन्तरता दिन तथा युग सापेक्ष सिकाइका लागि शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगलाई स्थान दिनु पर्छ र वेभमा आधारित सिकाइलाई वैकल्पिक सिकाइको माध्यमको रुपमा प्रयोग गर्न शिक्षकले आफूलाई आवश्यक पर्ने ज्ञान र सिपको विकास गरी आवश्यकता अनुसार प्रविधिका साधनहरुको प्रयोग गर्नुपर्ने हुन्छ ।

कक्षा १-३ को पाठ्यक्रमले एकीकृत सिकाइलाई जोड दिएकाले शिक्षण सिकाइ सहजीकरणका क्रियाकलापहरुलाई पाठ्यक्रममा दिइएका सिकाइ उपलब्धि र विषयवस्तुको प्रकृतिअनुसार स्थानीय विषयका क्षेत्रहरु र अन्य विषयहरु (नेपाली, अंग्रेजी, गणित र हाम्रो सेरोफेरो) मा भएका मिल्दाजुल्दा विषयवस्तुलाई अन्तरसम्बन्ध कायम गरी सहजीकरण गर्नुपर्छ । स्थानीय विषयमा रहेका कतिपय विषयवस्तुहरु सहजीकरण गर्दा आवश्यकता अनुसार स्थानीय विज्ञहरुको ज्ञान र सिपलाई उपयोग गर्न उहाँहरुलाई कक्षाकोठामा आमन्त्रण गरी अनुभव तथा सिपको प्रदर्शन एवम् अन्तरक्रियाको अवसर सिर्जना गर्नु पर्ने छ । सिकाइलाई सहकार्यात्मक र प्रत्यक्ष अनुभवमा आधारित बनाउन स्थलगत अध्ययन समूहकार्य तथा प्रयोगात्मक अभ्यासमा जोड दिनु पर्ने छ । स्थानीय विषयमा उल्लिखित विषयवस्तुहरु विद्यार्थीहरुको आफ्नै सेरोफेरोका रहेकाले सैद्धान्तिक भन्दा प्रयोगात्मक तरिकाले सिकाइ सहजीकरण गर्नेमा शिक्षकले ध्यान दिनुपर्ने हुन्छ । स्थानीय कला, संस्कृति, धर्म, चालचलन, रितीरिवाज, पेसा, व्यवसाय, प्रविधिहरुको प्रयोग, संरक्षण, विकास गर्न स्वयम् विद्यार्थीहरुको प्रत्यक्ष उपस्थिति भएपछि मात्र उक्त विषयवस्तुहरुको ज्ञान, सिप र अभिवृत्तिको विकास गराउन सहज हुन्छ । सिकाइलाई दिगो बनाउन सिकेका व्यवहारहरुलाई अभ्यास गर्ने तथा वास्तविक जीवनमा प्रयोग गर्ने अवसर प्रदान गर्नुपर्ने छ । साथै सिकाइ सहजीकरण प्रक्रियाहरुले, अनुभव, खोज, चिन्तन, तर्कद्धारा सिकारुको निर्णय क्षमता विकास गरी ज्ञानको विकास र रुपान्तरण गर्न सहयोग गर्नुपर्छ ।

**यस पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि देहाय बमोजिमका सिकाइ सहजीकरण प्रक्रिया अवलम्बनगर्नु पर्ने छ :**

- कक्षा १ देखि ३ सम्मको पाठ्यक्रम एकीकृत ढाँचामा विकास गरिएको र यस अन्तर्गत बहु विषयक (विषयहरु अलग अलग तर मिल्दाजुल्दा विषयवस्तुलाई सँगै सिकाउने) र अन्तर विषयक (अन्य विषय र विषयभित्रका विषयवस्तुहरुमा अन्तरसम्बन्ध कायम गरी सिकाइ गराउने) रहेको हुँदा बहुविषयक ढाँचाको सिद्धान्तअनुसार सिकाइ सहजीकरणको योजना बनाइ सिकाइ सहजीकरण गर्नुपर्ने छ ।
- पाठ्यक्रमको बहु विषयक ढाँचा (अन्य विषयसँग मिल्दा सिकाइ उपलब्धि तथा विषयवस्तुलाई सँगै सहजीकरण गर्ने र नमिल्ने विषयवस्तुलाई निश्चित क्रममा राखेर सरल देखि जटिलताको सिद्धान्तअनुसार सहजीकरण गर्ने) अनुरुप एकीकृत सिकाइका लागि शिक्षकले एकीकृत

पाठ्यक्रमको अध्ययन र अन्य शिक्षकहरुसँग समेत समन्वय गरी सहजीकरण क्रियाकलाप सञ्चालन गर्नुपर्ने छ ।

- कक्षा १-३ मा अध्ययन गर्ने बालबालिकाको संज्ञानात्मक विकासको अवस्थालाई दृष्टिगत गरी उनीहरुको धारणा विकासमा सहयोग पुऱ्याउन शिक्षणमा ठोस सामग्रीको प्रयोगलाई प्राथमिकताका साथ स्थान दिनु पर्ने छ ।
- सिकाउनु पर्ने विषयवस्तु/धारणालाई उनीहरुको दैनिक जीवनसँग सम्बन्धित गरी रोचक र मनोरञ्जक ढंगले प्रस्तुत गर्नुपर्ने छ ।
- मनोरञ्जनपूर्ण सिकाईका लागि खेल, गीत, नृत्य र अभिनय विधिको प्रयोग गर्नुपर्ने छ ।
- बालबालिकाको दिगो सिकाईका लागि उनीहरुलाई प्रशस्त अभ्यासको अवसर दिनुपर्ने छ ।
- विद्यार्थीसँग प्रत्यक्ष अनुभव गरेर तथा विद्यार्थी आफै सक्रिय भई सिक्न सक्ने, विश्लेषणात्मक चिन्तनबाट अर्थ निर्माण गर्न सक्ने विषयवस्तुहरुमा विषयवस्तुको प्रकृति हेरी प्रयोग, परियोजना कार्य, सर्वेक्षण, समस्या समाधान, खोज, आगमन वा निगमन विधिको प्रयोग गर्नुपर्ने छ । यो पाठ्यक्रमको विषयवस्तुहरुले स्थानीयतासँग प्रत्यक्ष सरोकार राख्ने भएकाले सिकारुलाई प्रत्यक्ष अवलोकन र अनुभव प्रदान गर्न स्थलगत भ्रमणको व्यवस्था मिलाउनु पर्ने छ ।
- सिकारुहरुले आफूले जानेका र हासिल गरेका ज्ञान, सिप र अनुभवहरु एक आपसमा आदानप्रदान गरी सहपाठीहरुको सहयोग र सहकार्यमा सिक्न तरिकाहरु अवलम्बन गर्नुपर्ने छ ।
- सामाजिक सुधार, जनचेतना र वातावरण संरक्षणमा आफ्नो स्तरबाट योगदान दिन तथा नेतृत्व सिप विकासमा प्रेरित गर्न साना चेतनामूलक भिडियो बनाई सामाजिक सञ्जालमा लोड गर्ने, यस्तै चित्रहरु सार्वजनिक ठाउँमा टाँस्ने जस्ता अभियान तथा सामाजिक कार्यहरुमा सहभागी गराउनुपर्ने छ ।
- कक्षाकोठालाई रमाइलो तथा जीवन्त बनाई राख्न तथा युग सापेक्ष प्रविधियुक्त सिकाइका लागि उपलब्ध श्रव्य दृश्य सामग्रीहरु, विद्युतीय सामग्रीहरु तथा वेभमा आधारित सामग्री र विधिहरुलाई सकेसम्म प्रयोग गर्ने कोशिस गर्नुपर्ने छ ।

## कक्षा ४-८ को शिक्षण सहजीकरण विधि र प्रक्रिया

दंगिशरण गाउँपालिकाभित्रका सबै वडाहरुका स्थानीय विषयवस्तु र आवश्यकतालाई समेटी यस पाठ्यक्रममा विषयवस्तुहरु राखिएको हुँदा उक्त विषयवस्तुको व्यावहारिक ज्ञान, सिप र अभिवृत्ति विकास लागि कक्षाभित्र वा बाहिर  आफ्नो घर, समुदाय, संघसंस्था, धार्मिक स्थल, पेसा र व्यवसायस्थल, वन सम्पदा, जलसम्पदामा भ्रमण गरी पञ्च ज्ञानेन्द्रीयद्धारा प्रत्यक्ष अवलोकन तथा प्रयोग गरी सिकेका कुराहरूलाई सिर्जनात्मक विश्लेषण गर्ने प्रतिभाको विकास गर्न प्रोत्साहित गर्ने गरी शिक्षण सिकाइ सहजीकरण गर्नुपर्छ। पाठ्यक्रममा विषयवस्तु तथा सिकाइ उपलब्धि हासिल गर्न विद्यार्थीहरूले कथा, कविता, नाटक, समाचार, चिठी, सम्पादकीय, गीत, प्रतिवेदन, रेखाचित्र, वृत्तचित्र, स्तम्भचित्र, तालिका, तस्बिर, नक्सा, नमुना निर्माण, प्रयोग, फोटो जस्ता रोचक वस्तुहरू मार्फत् अपेक्षित उपलब्धि हासिल गर्ने अपेक्षा गरिएको छ । विद्यार्थीहिरूलाई कुनै पनि विषयवस्तु सिकाउँदा जीवन्त सिकाइ वातावरण तयार गर्नु पर्दछ । यसका लागि शिक्षण सिकाइको विधि, पद्धति तथा उपागमलाई विद्यार्थी केन्द्रित र सामग्री केन्द्रित गर्दै प्रयोगात्मक क्रियाकलापबाट गरेर सिक्ने अवस्थाको सुनिश्चितता गर्नु पर्दछ । अझ स्थानीय विषय स्थानीय परिवेश, सन्दर्भ, पहिचान, पेसा व्यवसाय र प्रविधिसँग बढि नजिक

तथा परिचित हुने भएकाले सान्दर्भिक शिक्षण सिकाइ मार्फत बालबालिकाहरुमा पाठ्यक्रमले तोकेका सक्षमता र सिकाइ उपलब्धि हासिल गराउन प्रयत्नशील रहनुपर्छ ।

आधारभूत तहको कक्षा ४ देखि ८ सम्म राखिएका विषयवस्तुहरु सहजीकरण गर्न निम्न विधि र तरिकाहरुको प्रयोग गर्न सकिने छ ।

| क्र.स. | शिक्षण विधि | प्रयोग गर्न सकिने विषयवस्तुहरु |
|---|---|---|
| १ | प्रयोगात्मक विधि | गरेर सिक्ने क्रियाकलापहरु यस विधि अन्तर्गत पर्दछन् । जस्तै : बिरुवा तथा जनावरको हेरचाह, वृक्षारोपन, पशुपालन, पंक्षीपालन, तरकारी खेती, गायन, वादन, नृत्य, अभिनय, हस्तकला र चित्रकलाद्धारा प्रदर्शन आदि । |
| २ | अवलोकन र परियोजना विधि | गरेर सिक्ने, सँगै बसेर सिक्ने, प्राकृतिक वातावरणमा सिक्ने, सिपको विकास हुने गरी एकल वा समूह, कक्षाकोठाभित्र तथा बाहिर यो विधि प्रयोग गर्न सकिन्छ । जस्तै : स्थानीय सेवाहरुको जानकारी, विभिन्न धार्मिक स्थल, जलसम्पदा, वन सम्पदा, नमुना निर्माण, पेसा, व्यवसाय र प्रविधिको अवलोकन गरी प्रतिवेदन तयारी गर्ने तथा एकल र समूहगत तथा कक्षाकोठाभित्र र कक्षाकोठा बाहिर गरेर सिक्ने, पञ्च ज्ञानेन्द्रीयहरुको प्रयोग द्धारा सिक्ने क्रियाकलापहरु यस अन्तर्गत पर्दछन् । |
| ३ | क्षेत्र भ्रमण विधि | कक्षाकोठा बाहिर रहेका वस्तुहरुको प्रत्यक्ष अवलोकन गरी प्राप्त जानकारीको अभिलेख राख्ने (प्रतिवेदन, चित्र, चार्ट, भिडियो आदि) । जस्तै : धार्मिक स्थल, वन, पोखरी, ताल, खेती, पालन आदि । |
| ४ | छलफल विधि | कुनै विषयवस्तुको बारेमा समूहगत, जोडीगत, कक्षागत रुपमा छलफल गरी निष्कर्ष निकाल्न प्रयोग गरिन्छ । जस्तै : सामुदायिक वनको महत्व, संरक्षण गर्ने उपायहरु, धार्मिक सम्पदानको संरक्षणका उपायहरु, बालबगैंचाको महत्व, हरित विद्यालयको लागि अवलम्बन गर्नुपर्ने पक्षहरु आदि । |
| ५ | समस्या समाधान विधि | कुनै समस्या दिई समाधानको लागि उपायहरु पहिचान गरी समाधान गर्ने कार्य यस विधिमा गरिन्छ । जस्तो : पुष्प खेती गने, बासको चोयाबाट डालो बुन्ने, मकैको प्वाँखबाट चकटी बुन्ने, वृक्षारोपण गर्ने, सरसफाइ गर्ने आदि । |
| ६ | प्रश्नोत्तर | जुन सुकै विषयवस्तुको उठान गर्दा, परियोजना कार्य वा क्षेत्रभ्रमण वा कक्षा कार्य वा समूह कार्य गराउँदा, विषयवस्तुको प्रस्तुति अघि, प्रस्तुतीकरणको समय र अन्तमा, सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चित गर्न यस विधिको प्रयोग गर्न सकिन्छ । |
| ७ | घटना अध्ययन, मामला अध्ययन | वरपरको कुनै विशेष घटनाको अध्ययन गरी त्यसको बारेमा प्रतिवेदन तयार गर्न लगाइ प्रस्तुतीकरण गर्न यस विधिको प्रयोग गर्न सकिन्छ । बाढी, पहिरो, आगलागी, चट्यांग, तरकारी खेती, कुखुरापालन आदि । |
| ८ | प्रदर्शन विधि | कुनै वस्तु देखाएर सिकाउने विधि प्रदर्शन विधि हो । सामग्रीको अभाव भएको बेला शिक्षकले वस्तु वा चित्र प्रदर्शन गरेर सिकाउने गर्दछन् । जस्तै : बराहताल गाउँपालिकाको नक्सा आदि । यसमा श्रव्यदृश्य सामग्रीको प्रदर्शन समेत पर्दछ । जस्तै : तरकारी खेती, पशुपालन, कुखुरापालको |

| | | |
|---|---|---|
| | | भिडियो आदि । |
| ९ | सोधखोज विधि | विद्यार्थीमा नयाँ नयाँ कुरा खोजी गर्ने, त्यसको व्यक्ति तथा समाजमा परेको वा पार्ने प्रभाव पहिचान गराउने जस्ता सिपको विकास गराउने, समाजमा रहेको धार्मिक, सांस्कृतिक, आर्थिक, ऐतिहासिक, भौगोलिक आदि पक्षको सोधखोज गरी वास्तविकता पत्ता लगाउने कार्यमा यस विधिको प्रयोग गर्न सकिन्छ । |
| १० | कथाकथन विधि | विषयवस्तुलाई रमाइलो, आकर्षक, उत्प्रेरणात्मक तरिकाले प्रस्तुतीकरण गर्न यस विधिको प्रयोग गर्न सकिन्छ । जस्तै : धार्मिक स्थल, पेसा, व्यवसाय, प्रविधिको प्रयोग, संरक्षण, विकास र प्रवर्धन आदिलाई कथात्मक तरिकाले प्रस्तुत गर्न सकिन्छ । |

माथि उल्लेख गरिएका विधिहरुका अलावा विषयवस्तुको प्रकृतिअनुसार अन्य विधिहरुको समेत प्रयोग गर्न सकिन्छ । विधिहरुको साथै विद्यार्थीको सिकाइलाई थप आकर्षक, तार्किक, समालोचनात्मक, सहभागितात्मक बनाउन विभिन्न रणनीति तथा तरिकाहरुको प्रयोग गर्न सकिन्छ । जसलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

अ) मष्तिष्क मन्थन (आ) जिग्सअ  (इ) सोच-जोडीमा छलफल-आदान प्रदान (ई) जोडीमा पढाइ र जोडीमा सारांश (उ) संक्षिप्त लेखन ऊ) मान्यता (ए) घुलमिल/स्थिर/जोडी

## ८.विद्यार्थी मूल्याङ्कन

### (क) कक्षा १-३ मा विद्यार्थी मूल्याङ्कन

शिक्षण सिकाइ प्रक्रियाकै एउटा अङ्गका रूपमा विद्यार्थीको नियमित रुपमा विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको लेखाजोखा गरी विद्यार्थीको सिकाइमा निरन्तर सुधार गरी न्यूनतम सिकाइस्तर प्राप्तिको सुनिश्चितता गर्ने पक्षलाई यस पाठ्यक्रमले जोड दिएको छ । यस प्रकारको मूल्याङ्कनले विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्तिका साथै उनीहरूलाई सिकाइमा निरन्तर प्रगति गर्ने अवसर सिर्जना गर्न सहयोग गर्दछ । स्थानीय विषयमा राखिएका विषयवस्तु तथा सिकाइ उपलब्धि पूरा गराउनको लागि कक्षाकोठाको शिक्षण सिकाइको क्रममा गरिने लेखाजोखाको साथै विद्यार्थीहरुलाई आवश्यकता अनुसार सम्बन्धित क्षेत्रमा अवलोकन, क्षेत्रभ्रमण, परियोजना तथा प्रयोगात्मक कार्यमा समेत सलंग्न गराई सोही बमोजिम विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको यकिन गर्नुपर्ने हुन्छ र आवश्यकताअनुसार सहजीकरण गर्नुपर्ने हुन्छ । यस्तो मूल्याङ्कनलाई मूलतः सिकाइका लागि मूल्याङ्कन अर्थात् निर्माणात्मक मूल्याङ्कनका रूपमा प्रयोग गरिनुपर्दछ ।

निर्माणात्मक प्रयोजनका लागि सञ्चालन गरिने यस्तो मूल्याङ्कनका लागि विद्यार्थीले के सिक्ने हो भन्ने कुरा निर्धारण गर्नु पर्दछ अर्थात् अपेक्षित सिकाइ उपलब्धि तय गर्नु पर्दछ । विद्यार्थीले के सिक्ने भन्ने कुराको निर्धारण गरेपछि विद्यार्थीको सिकाइको वर्तमान अवस्था वा निश्चित सिकाइ क्रियाकलापपछिको विद्यार्थीको सिकाइ अवस्था वा स्तर के कस्तो छ भनी विभिन्न साधन तथा माध्यम प्रयोग गरी पत्ता लगाउनुपर्छ । यसरी विद्यार्थीको वर्तमान सिकाइ अवस्था पहिचान गरिसकेपछि सिकाइको निर्धारित लक्ष्यमा कसरी पुग्ने भन्ने मार्ग तय गर्नुपर्दछ । यसरी विद्यार्थीको अपेक्षित सिकाइ स्तर तय गर्ने, सिकाइको वर्तमान अवस्था वा स्तर पत्ता लगाउने र कसरी अपेक्षित सिकाइस्तर प्राप्त गर्ने भनी तय गर्ने कार्यका लागि विद्यार्थीको निर्माणात्मक मूल्याङ्कन गरिन्छ ।

कक्षा १–३ मा गरिने विद्यार्थी मूल्याङ्कनलाई सिकाइ प्रक्रियाकै अभिन्न अङ्गका रूपमा प्रयोग गर्नु पर्दछ । यस्तो मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ उपलब्धि तथा कमजोरीहरूको निरन्तर लेखाजोखा गरी सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्नु हो । यस्तो पृष्ठपोषण दिने कार्य दुई चरणमा गर्नुपर्छ । पहिलो चरणअन्तर्गत नियमित सिकाइ सहजीकरण पश्चात् मूल्याङ्कन गर्ने र विद्यार्थीको सिकाइको अवस्थाको लेखाजोखा गर्ने र दोस्रो चरणमा सिकाइ उपलब्धि हासिल गरेको अवस्थाको आधारमा अपेक्षित उपलब्धि प्राप्त गर्न नसकेका विद्यार्थीका कठिनाइका क्षेत्र पत्तालगाई सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नु साथै पटकपटकका सुधारात्मक सिकाइ क्रियाकलापबाट पनि सिकाइ सुधार हुन नसकेका विद्यार्थीहरूका लागि उपचारात्मक सिकाइ क्रियाकलाप तर्जुमा गरी सिकाइमा सुधार गर्नुपर्दछ । कक्षाकोठा र आधारित निर्माणात्मक मूल्याङ्कनले प्रत्येक विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्त गर्ने सुनिश्चितता गरी माथिल्लो सिकाइ स्तर प्राप्त गर्न सहयोग गर्नुपर्दछ । यसबाट विद्यार्थीहरूको कक्षा दोहऱ्याउने क्रमलाई न्यून गरी शैक्षिक क्षति घटाउन सहयोग पुग्नाका साथै न्यूनतम स्तरको सिकाइ सुनिश्चित भई थप सिकाइका लागि अवसर सिर्जना हुने छ ।

### (अ) मूल्याङ्कन विधि र प्रक्रिया

कक्षा १-३ मा निश्चित समयावधिमा विद्यार्थीको सिकाइको लेखाजोखा गर्ने नभई निरन्तर, नियमित तथा कक्षा क्रियाकलापको अङ्गका रूपमा प्रयोग गर्नुपर्दछ । कक्षाकोठामा सिकाइ क्रियाकलापको योजना तथा सञ्चालन निर्धारित सिकाइ उपलब्धि तथा तिनको विस्तृतीकरणका आधारमा ती सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने किसिमले गर्नुपर्दछ । विद्यार्थी मूल्याङ्कनमा पनि ती सिकाइ उपलब्धि विद्यार्थीले के कति हासिल गर्न सके भन्ने लेखाजोखा गर्न सकिने प्रक्रिया र साधन प्रयोग गर्नुपर्छ । यस्तो मूल्याङ्कन सिकाइ क्रियाकलापकै अभिन्न अङ्गका रूपमा नियमित रूपमा सञ्चालन गरी विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नुपर्दछ ।

कक्षा १-३ का प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राखिनुपर्छ । कार्य सञ्चयिका फाइललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ । विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक थिम वा क्षेत्रको पठनपाठन पश्चात, विषयक्षेत्रको अध्ययन पूरा गरेपछि अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्यसञ्चयिकामा त्यसको अभिलेख उल्लेख गर्नुपर्ने छ । यस तहमा गृहकार्यलाई अनिवार्य नगरी कक्षाकार्य, परियोजना कार्य तथा प्रयोगात्मक कार्यलाई नै बढी जोड दिने भए पनि आवश्यक भए केही गृहकार्य पनि दिन सकिने छ तर दैनिक र एकै दिनमा विभिन्न विषयक्षेत्रमा गृहकार्य दिनु भने उपयुक्त हुँदैन । विद्यार्थीको मूल्याङ्कनमा यथाशक्य वास्तविक कार्यको सही तरिकाले मूल्याङ्कन गर्ने साधन समावेश गर्नु उपयुक्त हुने छ ।

### (आ) मूल्याङ्कनका तरिका र साधन

परीक्षण गरिने सिकाइ उपलब्धि तथा विषयवस्तुको स्वरूप, विद्यार्थीको उमेर तथा रुचि, उपलब्ध स्रोत तथा साधन, कक्षामा भएका विद्यार्थी सङ्ख्या, शिक्षकको क्षमता तथा रुचि जस्ता पक्ष विचार गरेर मूल्याङ्कनका तरिका र साधनको छनोट तथा विकास गर्नुपर्छ । मूल्याङ्कनका विभिन्न तरिका तथा साधनहरू हुन्छन् । विद्यार्थी मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने कार्य तथा साधनहरूबाट प्राप्त सूचनाहरूलाई निश्चित स्वरूपमा अभिलेखीकरण गरिनुपर्दछ । कक्षा कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, कक्षा सहभागिता तथा विद्यार्थीका कार्यको प्रदर्शनको परीक्षणको अभिलेखीकरण शिक्षकको अवलोकनको माध्यमबाट गर्न सकिने भएकाले यसका लागि उपयुक्त अवलोकन फाराम

तयार गर्नुपर्दछ । यसका लागि विभिन्न प्रकारका रुजु सूची तयार गरी विद्यार्थी परीक्षण तथा मूल्याङ्कन गरिन्छ । विद्यार्थीका कार्य तथा उपलब्धिसहित उनीहरूका विभिन्न विवरण व्यवस्थित तरिकाले राख्ने गरी कार्यसञ्चयिका तयार गरी विद्यार्थीको प्रगति के कति मात्रामा र के कसरी भइरहेको छ, के कस्ता सिकाइ कमीकमजोरी रहेका छन् र ती कमी कमजोरीहरू हटाई सिकाइमा सुधार के कसरी गर्ने भन्ने कार्यका लागि यसबाट सहयोग पुग्दछ ।

सामान्यतया स्थानीय विषयको पठनपाठनको क्रममा विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको लेखाजोखा गर्नको लागि कक्षा सहभागिता, मौखिक कार्य, लिखित कार्य, परियोजना तथा प्रयोगात्मक कार्य, कार्यसम्पादन तथा प्रदर्शन, सहपाठी तथा स्वमूल्याङ्कन, अभिभावक प्रतिक्रिया, कुराकानी तथा छलफल जस्ता तरिकाहरु अवलम्बन गर्न सकिन्छ । यसको लागि अवलोकन फाराम, रुजु सूची, श्रेणीमापन, रुब्रिक्स, मौखिक प्रश्न जस्ता मूल्याङ्कनका साधनहरु प्रयोग गर्न सकिन्छ ।

### (इ) विद्यार्थीको सिकाइ उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या

| उपलब्धिस्तर | मापन | उपलब्धिस्तरको सामान्य व्याख्या |
|---|---|---|
| अर्पाप्त (Insufficent) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि धेरै जसो हासिल गरेको र सुधारात्मक सिकाइ आवश्यक भएको |
| उच्च (Advanced) | ४ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको साथै माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |

पहिलो चरणमा नियमित सिकाइ क्रियाकलापका रूपमा विद्यार्थीको सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइ सुधार गर्नुपर्दछ । मूल्याङ्कनको दोस्रो चरणमा कुनै सिकाइ उपलब्धि हासिल भयो वा भएन भनी उल्लिखित तरिका तथा साधनमध्ये उपयुक्त साधनहरू प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन गरी सिकाइस्तर अभिलेखीकरण गर्नुपर्दछ । यसरी अभिलेखित सिकाइस्तर १ वा २ मात्र भएमा सुधारात्मक सिकाइको योजना निर्माण गरी उपलब्धिस्तर ४ पुऱ्याउने प्रयास गर्नुपर्दछ । उपलब्धिस्तर ३ प्राप्त गरेको विद्यार्थीलाई समेत ४ पुऱ्याउन सहयोग गर्नुपर्छ । यदि पटक पटकको प्रयासबाट पनि कुनै विद्यार्थीको उपलब्धिस्तरमा सुधार हुन नसकेमा यसको कारण खोजी गरी उपचारात्मक सिकाइको योजना बनाउनुपर्दछ भने अन्यलाई अग्रिम सिकाइमा सरिक गराउनुपर्दछ । सुधारात्मक सिकाइ पछि पुनः विद्यार्थीको मूल्याङ्कन गरी उपलब्धिस्तर निर्धारण गरेर पुनःअभिलेखीकरण गर्नुपर्छ । निश्चित सिकाइ क्षेत्रका सिकाइ उपलब्धिहरूको सिकाइ परीक्षण पश्चात् त्यस सिकाइ क्षेत्रको औसत सिकाइ उपलब्धिसमेत गणना गरी विद्यार्थी र अभिभावकसँग छलफल गरी विद्यार्थीका सबलता र सुधारका क्षेत्र र उपाय पहिचान गर्नुपर्छ ।

यही क्रममा सबै विषय क्षेत्रको सिकाइ पश्चात् सबै सिकाइ उपलब्धिको परीक्षण गरी सिकाइ प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तरसहित विषय क्षेत्रगत औसत सिकाइ उपलब्धि निकाल्न सकिन्छ । त्यसै गरी मुख्य व्यवहारकुशल सिपमा विद्यार्थीको उपलब्धि स्तर पनि अभिलेखित गर्न सकिन्छ । यसरी तयार गरिएको अभिलेख नै विद्यार्थीको वार्षिक उपलब्धिको प्रतिवेदन हुने छ । विद्यार्थीको सिकाइ उपलब्धिको यस्तो अभिलेख तथा प्रतिवेदनको प्रयोग शिक्षक, विद्यार्थी, अभिभावक तथा

विद्यालयले विद्यार्थीको सिकाइस्तरको सुनिश्चितता गर्ने, सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्न र भावी सिकाइका लागि योजनाका लागि गरिन्छ ।

विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीका लागि उल्लिखित मूल्याङ्कनका तरिका तथा साधनहरूमध्ये कतिपय उपयोगी नहुन पनि सक्दछन् भने कतिपय तरिका तथा साधनहरूको प्रयोगमा भिन्नता ल्याउनुपर्ने हुन सक्दछ । शिक्षकले आफ्नो कक्षाकोठामा भएका विद्यार्थीको अपाङ्गताको किसिम तथा स्वरूप अनुरूप प्रयोग गर्न सकिने मूल्याङ्कनका वैकल्पिक तरिका तथा साधनहरूको तयारी गरी उपयुक्त तरिका तथा साधन प्रयोग गर्नुपर्छ । मूल्याङ्कनका कुनै साधन उपयुक्त नभएकै आधारमा कुनै पनि विद्यार्थीलाई सिकाइको मूल्याङ्कन र पृष्ठपोषण प्राप्त गर्ने अवसरबाट वञ्चित नहुने गरी शिक्षकले वैकल्पिक तरिकाहरूको खोजी तथा तयारी गर्नुपर्दछ ।

**(ई) उपलब्धि प्रतिशत निकाल्ने विधि तथा प्रक्रिया**

सामान्यतया प्रत्येक सिकाइ उपलब्धि मापनपछि नतिजा विद्यार्थीलाई जानकारी गराउने, किन यस्तो भयो छलफल गर्ने, विद्यार्थीलाई स्वप्रत्यावर्तनको अवसर दिने र सुधारका उपाय तय गर्नुपर्दछ भने प्रत्येक विषयक्षेत्र वा थिमको सिकाइपश्चात् प्रत्येक सिकाइ उपलब्धि र औसत उपलब्धिसहित अभिभावक र शिक्षकले छलफल गरी सिकाइ सुधार तथा भावी सिकाइका योजना तय गर्नुपर्छ । प्रत्येक थिमको सिकाइपछि अभिभावकसँग छलफल गर्नु विद्यार्थीको सिकाइ सुधारका दृष्टिले उपयुक्त भए पनि छोटोछोटो समयको अन्तरालमा अभिभावसँग छलफल सबैका लागि सम्भव नहुन सक्ने कुरालाई विचार गरेर तीनदेखि चार महिनाको अन्तरालमा सो अवधिको सिकाइ भएका थिमको मूल्याङ्कन नतिजा सहित विद्यार्थीको सिकाइ प्रगति तथा कठिनाइका विषयमा अभिभावकसँग छलफल गरी आवश्यकतानुसार सिकाइ सुधारका उपाय पहिचान गर्न सकिन्छ ।नतिजा र सिकाइ सुधार तथा भावी सिकाइ योजना तय गर्दा सम्बन्धित विद्यार्थी सबल पक्ष, रुचि र कठिनाइलाई ध्यान दिनुपर्छ । यसका लागि यस प्रक्रियामा विद्यार्थीलाई पनि सहभागी गराउनुपर्छ ।

विद्यार्थी मूल्याङ्कनको अभिलेख तथा कार्यसञ्चयिका व्यवस्थापन

१. विषयक्षेत्रगत रूपमा प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका फाइलमा निम्नअनुसार व्यवस्थित गरी राख्नुपर्छ :
   - प्रत्येक थिम वा विषयक्षेत्रको मूल्याङ्कन अभिलेख विद्यार्थीको कार्यसञ्चयिका फाइलमा सिलसिलाबद्ध गरी राख्नुपर्छ ।
   - कार्यसञ्चयिका फायलमा विद्यार्थीको व्यक्तिगत, पारिवारिक तथा स्वास्थ्य सम्बन्धी विवरण, कक्षा कार्य, परियोजना कार्य, उपलब्धि प्रतिशतका अभिलेख, हाजिरी विवरण, विद्यार्थीको प्रगति स्पष्ट हुने सहयोग पुग्ने खालमा विद्यार्थीका नमुना कार्य तथा सिर्जनाहरू समयबद्धरूपमा सिलसिला मिलाई राख्नुपर्छ । यसमा जुनसुकै कार्य समावेश नगरी उपलब्धिस्तर झल्काउने प्रतिनिधि कार्यहरूमात्र समावेश गर्नुपर्छ । यसमा यतिनै कार्य समावेश गर्नुपर्छ भन्नु उपयुक्त नभए पनि विषयवस्तुको प्रत्येक क्षेत्र वा थिमबाट १ देखि ३ कार्य तथा समग्रमा विषयक्षेत्रगत रूपमा गरिने पाँचओटासम्म सिर्जनात्मक कार्य समावेश गर्नु उपयुक्त हुन सक्छ ।
   - कार्यसञ्चयिका फाइलमा समावेश गरिएका कार्य तथा अभिलेखहरूको समयबद्ध सूची भित्री कभरपृष्ठमा राखिनुपर्छ ।
   - प्रत्येक विद्यार्थीको कक्षा १ मा तयार गरिएको कार्यसञ्चयिका फाइललाई नै कक्षा ३ सम्म निरन्तर गर्नुपर्छ । शिक्षक परिवर्तन भएमा फायल हस्तान्तरण गर्नुपर्छ ।

२. विद्यार्थीको कार्यसञ्चयिकालाई निम्नअनुसार प्रयोग सकिन्छ :

- शिक्षकले विद्यार्थीको सिकाइ प्रगतिको अनुगमन गर्न, सिकाइ  योजना तथा सिकाइ सुधारको योजना बनाउन
- विद्यार्थीले आफ्नो कार्य तथा सिकाइ प्रगति तथा कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा लाग्न र आफ्नो कार्य र उपलब्धिबारे आत्मविश्वास पैदा गर्न तथा थप कार्य तथा उपलब्धिका लागि प्रोत्साहित हुन
- अभिभावकले विद्यार्थीले कार्य तथा सिकाइ प्रगति तथा कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा सहयोग गर्न
- विद्यालयले विद्यार्थीको सिकाइको प्रमाणका रूपमा लिई अग्रिम सिकाइ अवसर प्रदान गर्न, सबै विद्यार्थीलाई प्रोत्साहन गर्न, शिक्षक विकास तथा प्रोत्साहन कार्यको योजना गर्न र जवाफदेहिता व्यक्त गर्न
- विद्यालय व्यवस्थापनले विद्यालय समुदाय सुधार गरी सिकाइ वातावरण सुधाार गर्न

विषयक्षेत्रगत रूपमा मूल्याङ्कन गर्ने तरिका तथा अभिलेख फाराम

१. मुख्य सिकाइ उपलब्धिलाई विद्यार्थीको सिकाइ स्तर अनुसार १ देखि ४ सम्म रेटिङ गर्नुपर्छ।

२. हरेक मुख्य सिकाइ उपलब्धिको हासिल भयो वा भएन भनी एकिन गनुपर्छ। यसका लागि एउटा सिकाइ उपलब्धि परीक्षण गर्न एकभन्दम बढी मूल्याङ्कन साधन आवश्यक हुन पनि सक्दछ भने कतिपय अवस्थामा एउटै साधन वा एकै पटकको परीक्षणबाट एकभन्दा बढी सिकाइ उपलब्धि पनि परीक्षण गर्न सकिने कुरालाई शिक्षकले विचार गर्नुपर्दछ।

३. सबै विद्यार्थीले न्यूनतम सिकाइ स्तर प्राप्त गरी माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्न मूल्याङ्कनले सहयोग गर्नुपर्दछ। यसका लागि नियमित सिकाइ प्रक्रियापछि गरिएको मूल्याङ्कनमा कुनै सिकाइ उपलब्धिमा १ वा २ स्तर मात्र हासिल गर्न सकेमा सुधारात्मक सिकाइ गरी उपलब्धि वृद्धिको सुनिश्चित गरिनुपर्दछ । यसका लागि सुधारात्मक सिकाइपश्चात् विद्यार्थीको पुनः मूल्याङ्कन गरी फाराममा उल्लेखभएअनुसार अभिलेखित गनुपर्छ।

४. सामान्यतया सबै (प्रत्येक) विद्यार्थीको सिकाइस्तर न्यूनतम ४ पुऱ्याउने गरी सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ। तसर्थ कुनै पनि विद्यार्थीलाई सिकाइस्तर १, २ वा ३ मै छाड्न भने हुँदैन। कुनै विद्यार्थी पटकपटकको सुधारात्मक सिकाइबाट पनि सिकाइस्तर १ तथा २ भन्दा माथि जान सकेन भने त्यसका कारण पहिचान गरी सुधारका उपाय पहिचान गर्ने र सिकाइ सुधार गर्ने प्रयोजनका लागि उपचारात्मक शिक्षण सिकाइ आवश्यक हुनसक्छ। उपलब्धि स्तर ३ प्राप्त गर्ने विद्यार्थीलाई पनि मुख्य तथा माथिल्लो उपलब्धि हासिल गर्ने अवसर प्रदान गरिनु पर्दछ। शिक्षण सिकाइका क्रममा उपलब्धि स्तर ४ पुऱ्याउनु अपेक्षित छ।

५. विषयक्षेत्र तथा थिम अन्तर्गतका सिकाइ उपलब्धिको अङ्कन गरिसके पछि विषयक्षेत्र तथा थिमको समग्र उपलब्धि प्रतिशत निम्न अनुसार निकाल्नु पर्छ :

$$\text{क्षेत्रगत वा थिमगत उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धिस्तरको अङ्कको जोड}}{४ \times \text{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरूको सङ्ख्या}} \times १००$$

उपलब्धि प्रतिशतलाई अक्षराङ्कनसँग मिलान गरी निम्नअनुसार प्रस्तुत गर्नुपर्ने छ :

| **क्र.स.** | **उपलब्धि प्रतिशत** | स्तरीकृत अङ्क | **अक्षरमा उपलब्धिस्तर** | **उपलब्धि स्तरको व्याख्या** |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | ९० र सोभन्दा माथि | ४.० | A+ | सर्वोत्तम (Outstanding) |
| २ | ८० र सोभन्दा माथि ९० भन्दा कम | ३.६ | A | अत्युत्तम (Excellent) |
| ३ | ७० र सोभन्दा माथि ८० भन्दा कम | ३.२ | B+ | उत्कृष्ट (Very Good) |
| ४ | ६० र सोभन्दा माथि ७० भन्दा कम | २.८ | B | उत्तम (Good) |
| ५ | ५० र सोभन्दा माथि ६० भन्दा कम | २.४ | C+ | सन्तोषजनक (Satisfactory) |
| ६ | ४० र सोभन्दा माथि ५० भन्दा कम | २.० | C | ग्राह्य (Acceptable) |
| ७ | ३५ र सोभन्दा माथि ४० भन्दा कम | १.६ | D | आधारभूत (Basic) |
| ८ | ३५ भन्दा कम | ( | NG | अवर्गीकृत (Not Graded) |

६. कक्षाको अन्तमा सबै सिकाइ उपलब्धिमा प्राप्त उपलब्धि स्तरको अङ्कका आधारमा विद्यार्थीको विषय क्षेत्रगत समग्र उपलब्धिस्तर निर्धारण गर्न सकिन्छ । विषय क्षेत्रगत समग्र उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नुपर्छ :

$$\text{विषय क्षेत्रगत समग्र उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धिस्तरको अङ्कको जोड}}{४ \times \text{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरूको सङ्ख्या}} \times १००$$

## स्थानीय विषयको थिमगत उपलब्धि विवरण
## मूल्याङ्कन अभिलेखीकरण फाराम

### विद्यार्थी मूल्याङ्कन मापनका आधार

वर्तमान पाठ्यक्रमले सिकाइ उपलब्धि हासिल भए नभएको आधारमा विद्यार्थीले गरेका कार्यहरुको लेखाजोखा गरी प्राप्त उपलब्धिको अङ्कन गर्ने र यसको आधारमा उपलब्धि प्रतिशत पत्ता लगाउने कार्यलाई जोड दिएको छ । प्रत्येक सिकाइ उपलब्धिको अधिकतम स्तरमा ४ अंक प्रदान गर्ने प्रावधान रहेको छ । यसको लागि विद्यार्थीको सिकाइ स्तरको मापन १, २, ३ वा ४ गरी विषयक्षेत्र अर्थात् थिमममा उल्लिखित सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मापन गरी आएको उपब्धिस्तरको अङ्क चढाउनुपर्छ । सिकाइ उपलब्धि मापन गर्दा प्रत्येक सिकाइ उपलब्धिमा हासिल गरेको स्तर यकिन गरी १, २, ३ वा ४ मध्ये कुन स्तर छ त्यसलाई अङ्कन महलमा चढाउनुपर्छ । फारामको कैफियत महलमा उल्लिखितबाहेक अन्य साधन तथा तरिका प्रयोग गरेको भए उल्लेख गर्नुपर्छ । अभिलेख फाराममा मूल्याङ्कन नतिजाका आधारमा प्रत्येक विद्यार्थीको अलग अलग भरी विद्यार्थीको कार्यसञ्चयिकामा व्यवस्थित गरेर राखी आवश्यकतानुसार विद्यार्थीको सिकाइ सुधार गर्ने कार्यमा प्रयोग गर्नुपर्छ । प्रत्येक सिकाइ उपलब्धिमा चारओटा सूचक निर्धारण गरिएको हुनाले पुरा गरेको सूचक अनुसारको अङ्क प्रदान गर्नुपर्छ ।

थिमगत रुपमा दिइएका प्रत्येक सिकाइ उपलब्धि हासिल भए नभएको लेखाजोखा गर्नका लागि अवलोकन, मौखिक प्रश्नोत्तर, लिखित कार्य, कक्षा कार्य, गृहकार्य, छोटा कक्षा परीक्षा, परियोजना कार्यमध्ये कुनै वा अन्य कुनै उपयुक्त साधन प्रयोग गर्न सकिन्छ । तपसिलका फाराममा केही सम्भाव्य साधनमात्र उल्लेख गरिएका छन् । यी बाहेक कुन साधनद्वारा मूल्याङ्कन गरिएको हो ती साधनलाई फाराममा उल्लेख गर्नुपर्छ । विद्यार्थीको मूल्याङ्कन दुई चरणमा गर्नुपर्छ । नियमित सिकाइ पश्चात् र थप सहायता पश्चात् थिमअन्तर्गत रहेको प्रत्येक सिकाइ उपलब्धिसँग सम्बन्धित पाठ वा क्रियाकलाप

सञ्चालन पश्चात मूल्याङ्कन गरी मूल्याङ्कन गरिएको मिति र अंक चढाउनुपर्छ। नियमित सिकाइ पश्चात् कुनै विद्यार्थीको कुनै सिकाइ उपलब्धिमा १, २ वा ३ आएमा थप सहयोग गर्नुपर्ने हुन्छ र थप सहायता पश्चात् पुनः मूल्याङ्कन गरी प्राप्त उपलब्धिको अभिलेखित गर्नुपर्छ। थप सहायता गर्दा जुन विद्यार्थीको उपलब्धिस्तर १, २ वा ३ अंक प्राप्त गरे ती विद्यार्थीलाई बढी सहयोग गर्ने, अभिभावकलाई जानकारी दिई सहयोग गर्न लगाउने, कक्षाका ४ अंक प्राप्त गरेका विद्यार्थीलाई सहयोग गर्न लगाउने जस्ता क्रियाकलापहरु गर्न सकिन्छ।

**अनुसूची १**
**स्थानीय विषयको थिमगत उपलब्धि विवरण**
**मूल्याङ्कन अभिलेखीकरण फाराम : कक्षा १**

**विषय : स्थानीय** **विद्यार्थीको नाम :** **रोलनम्बर :**

**१. दंगिशरण गाउँपालिकाको परिचय , दंगिशरणका धार्मिक तथा पर्यटकिय स्थलहरु**

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. आफ्नो परिवारका सदस्यहरुको नाम, काम र नातासम्बन्ध बताउन | प्रश्नोत्तर | | | | |
| २. आफू बसेको बस्तीबस्तीको नामका साथै आफू पढने विद्यालयको नाम र त्यहाँ काम गर्ने प्र.अ, शिक्षक र कर्मचारीहको नाम र कामको विवरण उल्लेख गर्न | प्रश्नोत्तर | | | | |
| ३. आफ्नो बस्तीवस्ती वरपर रहेको नदी, खोला र बाटोहरुको नाम बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४. आफ्नो बस्तीवस्तीमा रहेका धार्मिक स्थल र मठ मन्दिरहरुको नाम बताउन | प्रश्नोत्तर | | | | |
| ५. आफ्नो घर नजिकै रहेका स्थानीय बजारको नाम बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ६. आफ्नो बस्तीटोलको स्वास्थ्य स्वयं सेविकाको नाम र कामको विवरण दिन | प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

**२. दंगिशरणका परम्परा र संस्कृतिहरु**

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. आफ्नो बस्तीटोलमा भएको धार्मिक स्थलहरूको नाम | प्रश्नोत्तर | | | | |
| २. आफ्नो घर तथा छिमेकमा बनाईने खानाका परिकार तथा समुदाय बिशेषका पोसाकका बारेमा बताउन | | | | | |
| ३. आफ्नो बस्तीटोलमै भएका विभिन्न जातजातिहरुले मनाउने चाडपर्वहरुको नाम बताउन | प्रश्नोत्तर | | | | |
| ४. आफ्नो बस्तीटोलमा गाइने गितहरु पहिचान गर्न | अवलोकन र प्रश्नोत्तर | | | | |
| ५. आफ्नो बस्तीटोलमा नाचिने नाचहरु पहिचान गर्न | | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

**३. दंगिशरणबासीका पेसा, व्यवसाय, सिप  र प्रविधि**

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. परिवारका सदस्यहरुले गर्ने पेसा र व्यवसायको नाम बताउन | प्रश्नोत्तर | | | | |
| २. अन्नबालीहरुको पहिचान गर्न | प्रश्नोत्तर, अवलोकन | | | | |
| ३. दलहन बालीको पहिचान गर्न | प्रश्नोत्तर, अवलोकन | | | | |
| ४. घर तथा स्थानीय समुदायमा गरिने तरकारीहरुको पहिचान गर्न | अवलोकन, प्रश्नोत्तर | | | | |
| ५. दंगिशरणमा रहेका काष्ठकला, मुर्तिकला तथा स्थानीय सिपका बारेमा बताउन | | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

**४. मूल्य निष्ठ शिक्षा, जीवनोपयोगी सिप बोल्ने कला र व्यबहारिक लेखन**

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. नाता सम्बन्धका  मानिसहरुको आनीवानी र विवरण बताउन | प्रश्नोत्तर | | | | |
| २. असल र चरित्रवान हुनका लागि आवश्यक पर्ने शील - स्वभावहरुको बखान गर्न | प्रश्नोत्तर, अवलोकन | | | | |
| ३. सबैको प्रिय हुनका लागि आवश्यक पर्ने स्वभावहरुको पहिचान र बखान  गर्न | प्रश्नोत्तर, अवलोकन | | | | |
| ४. असल एवम् मन पर्ने मानिसहरुका बानी व्यवहारलाई सम्झने र प्रयोग गर्ने अभ्यास गर्न | अवलोकन, प्रश्नोत्तर | | | | |
| ५. स्थानीय स्तरमा आफुलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरुको श्रवण, अवलोकन र अभ्यास गन | प्रश्नोत्तर, अवलोकन | | | | |
| ६. घरपरिवार, छरछिमेक र बस्तीटोलमा उत्सव र चाडपर्वहरु मनाउदा गर्न हुने र गर्न नहुने कुराहरुको सूची र जीवनमा त्यसको अभ्यास गर्न | प्रश्नोत्तर, अवलोकन | | | | |
| ७. आफू खुशी हुने र अरुलाई पनि खुशी बनाउने कलाको अभ्यास गन | प्रश्नोत्तर, अवलोकन | | | | |
| ८. श्रम र सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्तिको चर्चा र अभ्यास गर्न | प्रश्नोत्तर, अवलोकन | | | | |
| ९. घरपरिवार र समाजका, अशक्त, जेष्ठ नागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने बानीको अभ्यास गर्न | प्रश्नोत्तर, अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

**५. सामाजिक संस्था, कार्य र स्थानीय खेलहरु**

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. दंगिशरणमा रहेका सामाजिक संघ संस्थाहरुको नाम बताउन | प्रश्नोत्तर | | | | |
| २. आफ्नो टोलमा रहेको कुनै एक सामाजिक संस्थाले गर्ने काम बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३. सामाजिक संस्थाले गर्ने कार्यहरुका बारेमा बताउन | प्रश्नोत्तर, अवलोकन | | | | |
| ४. आफ्नो टोलमा रहेका कुनै एक सामाजिक व्यक्तिको नाम र उहाँले गर्ने काम बताउन । | प्रश्नोत्तर | | | | |
| ५. दंगिशरणमा खेलिने स्थानीय खेलहरुको नाम भन्न र खेलको अभ्यास गर्न । | अभ्यास | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

**६. बिपद् व्यबस्थापन, फोहोर व्यबस्थापन तथा हरित बिद्यालय**

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. विद्यालय आउँदा र घर जाँदा बाटोमा हुने जोखिम पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| २. विद्यालय आउँदा र घर जाँदा बाटोमा हुने जोखिमबाट सावधानी अपनाउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३. कक्षाकोठा, विद्यालय, घर र बाटोमा सडक दुर्घटना, करेन्ट लाग्ने र करेन्टबाट समेत हुने आगलागी, डुबानबाट बच्ने उपायहरू अवलम्बन गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४. बाढी पहिरो तथा भुकम्पबाट जोगिन गरिने कृत्रिम घटना अभ्यास | अभ्यास तथा अवलोकन | | | | |
| ५ फोहोरको सदुपयोग गर्न, करेसाबारीका बिरुवालाई पानी दिन | | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

## अनुसूची १.२
## कक्षा २ को मूल्याङ्कन अभिलेखीकरण फाराम

**कक्षा : २** **विषय : स्थानीय** **विद्यार्थीको नाम :** **रोल नम्बर :**

**१. दंगिशरण गाउँपालिकाको चिनारी, दंगिशरणका धार्मिक तथा पर्यटकिय स्थलहरु**

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. आफू बस्ने वडा नम्बर र वडा कार्यालयको ठेगानाका साथै आफ्नो गाउँपालिकाको नाम बताउन | प्रश्नोत्तर | | | | |
| २. आफू बस्ने वडाभित्रका बस्तीटोल नामका साथै बस्तीटोलको छिमेकी विद्यालयहरुको नाम बताउन | प्रश्नोत्तर | | | | |
| ३. आफ्नो वडाभित्र रहेका नदी, खोला, झरना, तालको नाम बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४. वडाभित्र नजिक रहेका स्थानीय बजारहरुको नाम बताउन | अवलोकन र प्रश्नोत्तर | | | | |
| ५. बस्तीटोल नजिक रहेका स्वास्थ्य सेवा प्रदायक संस्थाको नाम र ठेगाना बताउन | प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

**२. दंगिशरणका परम्परा र संस्कृतिहरु**

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. आफ्नो वडाभित्र भएका धार्मिक स्थलमा गरिने क्रियाकलापका बारेमा जानकारी दिन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| २. आफ्नो वडाभित्र नाचिने नाचहरुको सामान्य परिचय दिन | प्रश्नोत्तर | | | | |
| ३. आफ्नो वडाभित्र विभिन्न जातजातिहरुले मनाउने चाडपर्वहरुको नाम नयाँ वर्ष बारे जानकारी दिन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४. दंगिशरण गा.पा.भित्र मनाउने चाडपर्वहरुको नामनामेसी विवरण उल्लेख गर्न | प्रश्नोत्तर | | | | |
| ५. दंगिशरणमा खाइने खानाका बिशेष परिकार, पोसाक तथा गित र नृत्यहरुबारे बिबरण उल्लेख गर्न | | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

**कक्षा : २** **विषय : स्थानीय** **विद्यार्थीको नाम :** **रोल नम्बर :**

**३. दंगिशरणबासीका पेसा, व्यवसाय, सिप र प्रविधि**

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. छिमेकी परिवारका सदस्यहरुले गर्ने मुख्य पेसा व्यवसायको नाम बताउन | प्रश्नोत्तर | | | | |
| २. स्थानीय रुपमा लगाइने बेमौसमी बालीनालीको पहिचान | प्रश्नोत्तर र | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| गर्न | अवलोकन | | | | |
| ३. अन्नबालीको परिचय दिन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४. तरकारीको परिचय दिन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ५. आफनो घर तथा समुदायमा उत्पादन भएका वस्तुको बिक्री गर्ने ठाउँको नाम बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ६. दंगिशरणबासीले गर्ने पेसा व्यबसायका स्थानीय सिप आदीका बारेमा बताउन | | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

**४. मूल्यनिष्ठ शिक्षा, जीवनोपयोगी सिप, बोल्ने कला र व्यबहारिक लेखन**

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. नाता सम्बन्धका मानिसहरुको आनीवानी र विवरण दिन | प्रश्नोत्तर र अवलोकन | | | | |
| २. असल र चरित्रवान हुनका लागि आवश्यक पर्ने शील - स्वभावहरुको बखान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३. सवैलाई मन पर्ने स्वभावहरुको पहिचान र बखान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४. असल मानिसहरुका बानी व्यवहारलाई सम्झने र प्रयोग गर्ने अभ्यास गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ५. स्थानीय स्तरमा आफुलाई मन पर्ने गीत, सङ्गीत र नृत्यहरुको श्रवण, अवलोकन र अभ्यास गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ६. घरपरिवार, छरछिमेक र बस्तीटोलमा उत्सव र चाडपर्वहरु मनाउँदा गर्न हुने र गर्न नहुने कुराहरुको सूची र जीवनमा त्यसको अभ्यास गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ७. आफू खुशी हुने र अरुलाई पनि खुशी बनाउने कलाको अभ्यास गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ८. श्रम र सिर्जनालाई सम्मान गर्ने सिप र प्रवृत्तिको चर्चा र अभ्यास | प्रश्नोत्तर र अवलोकन | | | | |
| ९. घरपरिवार र समाजका, अशक्त, ज्येष्ठनागरिक र असहज स्थितिका मानिसहरुप्रति सहयोग गर्ने बानीको अभ्यास गन | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

**कक्षा : २ विषय : स्थानीय विद्यार्थीको नाम : रोल नम्बर :**

**५. सामाजिक संस्था, कार्य र स्थानीय खेलहरु**

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. दंगिशरणमा रहेका सामाजिक संघ संस्थाहरुको नाम | प्रश्नोत्तर | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| बताउन | | | | | |
| २. आफ्नो टोलमा रहेको कुनै एक सामाजिक संस्थाले गर्ने काम बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३. सामाजिक संस्थाले गर्ने कार्यहरुका बारेमा बताउन | प्रश्नोत्तर | | | | |
| ४. आफ्नो टोलमा रहेका कुनै एक सामाजिक व्यक्तिको नाम र उहाँले गर्ने काम बताउन । | अवलोकन र प्रश्नोत्तर | | | | |
| ५. दंगिशरणमा खेलिने स्थानीय खेलहरुको नाम भन्न र खेलको अभ्यास गर्न । | अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

**६. विपद् व्यवस्थापन, फोहोर व्यबस्थापन तथा हरित बिद्यालय**

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. हावाहुरी, चट्याङ्ग, बाढी, पहिरो, सर्पदंश र जङ्गली जनावरको आक्रमण आदिको पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| २. घरभित्र हुने जोखिमहरू छत, बिजुली, भत्याङ्ग वा लिस्नो, बार्दली वा बरण्डा पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३. घरभित्र हुने जोखिमहरूबाट बच्ने उपायहरु अवलम्बन गर्न | अवलोकन | | | | |
| ४. कक्षाकोठा, विद्यालय, घर र बाटोमा हावाहुरी, चट्याङ्ग, पहिरो र बाढी, पहिरो, सर्प दंश र जङ्गली जनावरको आक्रमण आदिबाट बच्ने उपायहरू अवलम्बन गर्न | अवलोकन | | | | |
| ५. बाढी पहिरो तथा भुकम्पबाट जोगिन गरिने कृत्रिम घटना अभ्यास | अवलोकन | | | | |
| ६. फोहोरको परिचय दिन तथा फोहोर व्यवस्थापन गर्न | | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

**अनुसूची १.३**

**मूल्याङ्कन अभिलेखीकरण फाराम**

**कक्षा : ३ विषय : स्थानीय विद्यार्थीको नाम : रोल नम्बर :**

**१. दंगिशरण गाउँपालिकाको चिनारी, दंगिशरणका धार्मिक तथा पर्यटकिय स्थलहरु**

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइ पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. दंगिशरण गाउँपालिकाको कार्यालय रहेको स्थान र स्थापना भएको सालका साथै पालिकाका अध्यक्ष र उपाध्यक्षको नाम भन्न | प्रश्नोत्तर | | | | |
| २. गाउँपालिकाभित्रका मुख्य मुख्य सडकको नाम र अवस्थिति पत्ता लगाउन | अवलोकन र प्रश्नोत्तर | | | | |
| ३. आफनो वडाभित्र रहेका विद्यालयहरुको नामका साथै आफू बसोबास गर्ने वडाका वडा कार्यालयका पदाधिकारीहको | प्रश्नोत्तर | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| सङ्ख्या र सदस्यहरूको नाम बताउन | | | | | |
| ४. आफू बसोबास गर्ने वडाभित्र रहेका स्वास्थ्य सेवा प्रदायक संस्था, क्लिनिकको नाम र ठेगाना बताउन | प्रश्नोत्तर | | | | |
| ५. गाउँपालिकाभित्र रहेका मुख्य बजारहरु अर्थात किनमेल गर्ने ठाउँहरुको विवरण पहिचान गर्न | प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

**२. दंगिशरणका परम्परा र संस्कृतिहरु**

| **सिकाइ उपलब्धि** | **मूल्याङ्कनको साधन** | **नियमित पढाइ पछिको मूल्याङ्कन** | | **थप सहायता पछिको मूल्याङ्कन** | |
|---|---|---|---|---|---|
| | | **मिति** | **अङ्कन** | **मिति** | **अङ्कन** |
| १. दंगिशरण गा.पा.भित्र रहेका महत्वपूर्ण धार्मिक स्थलको सामान्य परिचय दिन | प्रश्नोत्तर र अवलोकन | | | | |
| २. दंगिशरण गा.पा.भित्र नाचिने मुख्य नाचहको सामान्य परिचय दिन | अवलोकन र प्रश्नोत्तर | | | | |
| ३. अट्वारी पर्व र होली पूर्णिमा पर्वको जानकारी दिन | प्रश्नोत्तर | | | | |
| ४. दंगिशरण गा.पा.भित्र रहेका नदी, खोला, पोखरी र तालहरुको सामान्य परिचय दिन | अवलोकन र प्रश्नोत्तर | | | | |
| ५. दंगिशरण गा.पा.भित्र रहेका सार्वजनिक स्थलहरुको सामान्य परिचय दिन | अवलोकन र प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

**३. दंगिशरणबासीका पेसा, व्यवसाय, सिप र प्रविधि**

| **सिकाइ उपलब्धि** | **मूल्याङ्कनका सम्भावित साधन** | **नियमित पढाइ पछिको मूल्याङ्कन** | | **थप सहायता पछिको मूल्याङ्कन** | |
|---|---|---|---|---|---|
| | | **मिति** | **अङ्कन** | **मिति** | **अङ्कन** |
